# राई समुदायको वैवाहिक नृत्यकला

त्रिभूवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विषयमा

स्नातकोत्तर तह उपाधिका लागि प्रस्तुत

"शोधप्रबन्ध"


शोधार्थी

राम कुमार राई

क्रमाङ्क : २८०११४

स्नातकोत्तर तह दर्ता नं. :

त्रि.वि.वि. दर्ता नं. : ६-१-११-१६९-२००२

त्रिभूवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७९

# सिफारिस पत्र

**त्रिभूवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत**

**नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग**

**कीर्तिपुर ।**

'**राई समुदायको वैवाहिक नृत्यकला**' शीर्षकको प्रस्तुत शोधप्रबन्ध शोधार्थी राम कुमार राईद्वारा त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागको स्नातकोत्तर तह उपाधि प्राप्तका लागि मेरो सुपरिवेक्षणमा पूरा गरिएको हो । यस शोधप्रबन्धमा चाम्लिङ राई समुदायको विवाह संस्कारमा नाचिने सिली वा नृत्यहरूको बारेमा सूक्ष्म विश्लेषण गरी सम्पन्न गरिएको छ । शोधकर्ताले गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । स्नातकोत्तर तह उपाधि प्राप्तिका लागि शोधका दृष्टिले यो शोधप्रबन्ध स्वीकार्य देखिएकोले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..........................................

मिति : २०७९/०६/०४

उप प्रा.डा. निर्मला पोखरेल

शोध निर्देशक

# स्वघोषणा पत्र

**त्रिभूवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत**

**नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग**

**कीर्तिपुर ।**

म शोधार्थी राम कुमार राई यो स्वघोषणा गर्दछु कि "राई समुदायको वैवाहिक नृत्यकला" शीर्षकको यो शोधप्रबन्ध म स्वयंले तयार पारेको छु । विषयसम्बद्ध स्रोत व्यक्तिहरूसँग अन्तरवार्ता, प्रत्यक्ष अवलोकन, व्यक्तिगत अनुभव तथा विभिन्न प्रकाशित-अप्रकाशित स्रोतहरूको अध्ययन, अनुसन्धान गरेर यो शोधप्रबन्ध तयार गरिएको छ। यो शोध/अनुसन्धान मैले अन्त कतै पनि प्रकाशित गरेको छैन । यस प्रबन्धमा प्रयोग भएका स्रोत सामग्रीहरू अन्य कुनै पनि प्रकारका उपाधि प्राप्तका लागि अन्यत्र कतै पेश गरिएको छैन । अन्य लेखक, विद्वान तथा सर्जक-स्रष्टाहरूका भनाइ, उक्ति र स्रोतहरूलाई पनि समुचित मात्रामा सन्दर्भ दिँदै उद्धृत गरिएको छ ।

..........................

**राम कुमार राई**

मिति २०७९/०४/१२

# कृतज्ञता ज्ञापन

"राई समुदायको वैवाहिक नृत्यकला"को यो शोधप्रबन्ध त्रिभूवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्त गर्न आवश्यकता परिपूर्तिका लागि नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत गरिएको हो। नेपालको इतिहासमा लिच्छवी काल भन्दा अगाडि किरातहरूले व्यवस्थित र वैज्ञानिक तरिकाले राज्य व्यवस्था सञ्चालन गरका थिए भन्ने कुरामा धेरै विद्वानहरूको एक मत रहेको छ । लिच्छवीहरूले उपत्यकामा शासन सञ्चालन गरेपछि उपत्यकाबाट पूर्वी पहाडतिर गएका किरातहरू हाल विश्वका विभिन्न भूभागमा छरिएर बसोबास गरेका छन्। यद्यपि नेपालको पूर्वी पहाडी जिल्लाहरूमा किरात राई जातिको बाक्लो बसोबास रहेको छ। मुन्धुम दर्शनमा आधारित किरातहरूको आफ्नै धर्म, भाषा, भाषिका, लिपि, मूल्य मान्यता, रीति रिवाज, संस्कार, कला, लोक साहित्य, इतिहास र संस्कृति रहेको छ। विभिन्न पाछा र सामेइत/थर र उपथर रहेका किरात राईहरूको धार्मिक, सामाजिक तथा सांस्कृतिक रूपमा फरक विशिष्टतासहितको एकरूपता पाउन सकिन्छ । पितृपूजक, प्रकृतिपूजक र मुन्धुम दर्शनमा आस्था राख्ने किरात राष्ट्रियता भएका विभिन्न जातिहरूमध्ये चाम्लिङ राई पनि प्रमुख एक जाति हो। किरात राई शाखाहरूमध्ये आफूलाई चमालू (चालिम) हाङका सन्तान मान्ने चाम्लिङहरूका आफ्नै स्वतन्त्र भाषा, संस्कार र संस्कृति रहेको छ। यसै भित्र उनीहरूको साकेला सिली पनि विशिष्ट प्रमुख नृत्य संस्कृति हो।

चाम्लिङ राई समुदायमा रहेको अमूर्त नृत्य सम्पदा सिली कस्तो सम्पदा हो ? सिली कस्तो नृत्य कला हो ? नृत्य कला हो कि होइन ? सिली कला मात्र हो कि विज्ञान पनि हो ? चम्लिङ राईहरूको विवाह संस्कारमा गरिने सिलीहरू कुन-कुन हुन् ? ती सिलीहरूको सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य मान्यता के-कस्तो रहेको छ ? र हरेक नृत्यहरू एक आपसमा फरक फरक देखिन्छन्। ती फरकपन के कारणले गर्दा हुन्छ ? नृत्यमा कुन कुन तत्त्वहरूले फरक पार्न सहयोग गर्छ ? जस्ता समस्याहरूको प्राथमिक तथा द्वितीय तथ्याङ्क र सूचनाहरू सङ्कलन गरी गुणात्मक सूचना र तथ्याङ्कहरूको विश्लेषणात्मक विवेचना र व्याख्या गरी निचोड निकाल्नु यस शोधप्रबन्धको मुख्य ध्येय हो।

अनुसन्धान विषय आफैँमा एक गाह्रो कार्य हो। कलाजस्तो अमूर्त विषयको अध्ययन अनुसन्धान त झनै जटिल हुने नै भयो। त्यसमा पनि नृत्यकलाको अध्ययन गर्न झनै कठिन हुने रहेछ

भन्ने कुरा मैले यो शोध अनुसन्धान गर्ने क्रममा थाहा पाएँ । नृत्यकला सैद्धान्तिक भन्दा पनि प्रयोगात्मक पक्ष बढी प्रमुख रहन्छ । निरन्तर अभ्यासमा आधारित नृत्यकला केही वर्ष अभ्यास नगरे पूर्ण बिर्सिन सकिन्छ । त्यसको स्वरूप, उद्देश्य र शैलीमा नयाँ तरिकाले विकसित हुँदै जान्छ । पहिले जस्तो मौलिक नभएर आधुनिक शैलीको बन्दै जाने गर्छ । केही सिमित यस्तो कठिन परिस्थितिमा पनि हाम्रा पुर्खाहरूको सौन्दर्य चेतनाद्वारा सिर्जना गरिएका सिलीहरू सदियौं देखि पुरानै स्वरूप, शैली र ढाँचामा पुस्तान्तरण हुँदै अहिलेको अवस्थासम्म ल्याएर हाम्रोमाझ सुरक्षित हस्तान्तरण गरिदिनु हुने सम्पूर्ण ज्ञात अज्ञात पूर्वज स्रष्टा र द्रष्टाप्रति हृदयदेखि सेवा नमन गर्न चाहन्छु ।

यस शोधपत्र सम्पन्न गर्ने क्रममा सुरुदेखि नै हौसला र सहयोग गर्नु हुने नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडा लगायत सम्पूर्ण प्राध्यापक, सहप्राध्यापक एवं उपप्राध्यापकहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । यस शोधपत्र तयारीको क्रममा हरेक बुँदा बुँदा र अध्यायहरूलाई गहन अध्ययन गरी आवश्यक सल्लाह सुझाव दिनु हुने मेरो शोध निर्देशक उपप्राध्यापक डा. निर्मला पोखरेलप्रति विशेष आभार व्यक्त गर्दछु । साथै मेरो शोधसम्बन्धित विषयमा सल्लाह सुझाव तथा परामर्श दिनु हुने प्रा.डा. मदनकुमार रिमाल, शोध सिद्धान्त लगायत विषयमा परामर्श दिनु हने सह प्राध्यापक डा. महेश कुमार आचार्यप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मेरो शोध कार्यको प्रारम्भमा विषय छनौटदेखि स्वीकृतिसम्मका प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु हुने त्रिभूवन विश्व विद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका गुरु गुरुआमाहरू सह प्रा.डा. सन्ध्या खनाल, सह प्रा.डा. पुनम राज्य लक्ष्मी राणा, उप प्रा.डा. पशुपति न्यौपाने, उप प्रा.डा. टिना मानन्धर, उप प्राध्यापक अभिजित थापा र डा. प्रेमध्वज लामाप्रति हृदयदेखि धन्यवाद प्रकट गर्दछु ।

मेरो एकल प्रयासले मात्र यो शोध प्रबन्ध तयार भएको होइन । यसका लागि प्रत्यक्ष अप्रत्यक्ष धेरै प्रबुद्ध व्यक्ति व्यक्तित्वहरूको अमूल्य योगदान रहेको छ । विषयसम्बद्ध सत्य तथ्य जानकारीका लागि पर्याप्त समय सूचना र तथ्याङ्कहरू उपलब्ध गराउनु हुने सिलीमोपा भूमिराज राई, दिपेश राई, अशोक राई, सिलीमोमा सबिता राई, ललितबहादुर राई लगायत सबै महानुभावप्रति धन्यवाद अपर्ण गर्दछु । यस धर्तीमा मानवरूपी चोला प्रदान गर्नु हुने भगवान समान आमाबुवा मनि राई र लाल बहादुर राईप्रति जन्म जन्मान्तरको ऋणी रहनेछु । जस्तो सुकै कठिन परिस्थितिमा पनि हौसला प्रदान गर्ने मेरी जीवन सङ्गिनी ईश्वरी राई र मैले लेख्दै

गर्दा सिसाकलम तिखारिदिने छोरो काव्यश राईलाई सधैँ माया । सधैँ प्रोत्साहन गर्ने प्यारा मित्रहरू र यस शोधप्रबन्धलाई टाइपिङ्गदेखि छपाइसम्म हर क्षण दिनरात नभनी सफल पारिदिने प्यारो भाइ कलाकार हृद् प्रकाश विक्रम गिरीप्रति आभार प्रकट गर्दछु । यस शोधप्रबन्ध तयार पार्ने क्रममै सिर्जना भएका नाता सम्बन्धीहरूलाई साइनो अनुसार सेवा नमस्कार । यस शोधपत्र तयारका क्रममा मैले विभिन्न व्यक्ति व्यक्तित्वहरूको साहित्य कृतिहरूलाई सन्दर्भसामग्रीको रूपमा प्रयोग गरेको छु । ती सबै प्रबुद्ध लेखक, स्रष्टा र सर्जकप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा, म यस शोधप्रबन्धलाई आवश्यक मुल्याङ्कनका लागि त्रिभूवन विश्व विद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग कीर्तिपुर समक्ष सादर प्रस्तुत गर्दछु ।

....................

राम कुमार राई

# शोधसार

"राई समुदायको वैवाहिक नृत्यकला शीर्षकको" यो शोधप्रबन्ध त्रिभूवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्त गर्न आवश्यकता परिपूर्तिका निमित्त नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गरिएको हो । किरात राई समुदाय भित्र पनि विभिन्न पाछा, सामेइत/थर, उपथरहरू रहेका छन् । यी मध्ये चाम्लिङ (रोदुङ) थर पनि एक हो । त्यसैले यस शोधप्रबन्धमा सबै किरात राईहरूलाई समेट्न नसकिने भएकोले, चाम्लिङ राई समुदायले नाच्ने सिली कस्तो लोक नृत्य हो ? चाम्लिङ राई समुदायले विवाह संस्कारका अवसरमा नाच्ने सिलीहरू कुन-कुन हुन् ? एक अर्का लोकनृत्यहरूलाई भिन्न बनाउने तत्त्वहरू के-के हुन् ? भन्ने सन्दर्भहरू यस अध्ययनको समस्याहरू हुन् । चाम्लिङ राई जातिको सिली बारेमा खोज अनुसन्धान गर्नु, विवाह संस्कारमा नाचिने सिलीहरूको सूची बनाएर व्याख्या गर्नु र नृत्यहरूलाई भिन्न पार्ने तत्त्वहरूको विवेचना गर्नु यस शोधप्रबन्धको विशिष्ट उद्देश्यहरू हुन् । यिनै उद्देश्यहरू यो अनुसन्धानले निर्धारण गरेको तथा परिपूर्ति गरेको हो ।

विषयवस्तुका दृष्टिकोणले यस अध्ययनको मुख्य क्षेत्र चाम्लिङ राई समुदायको नृत्यको सांस्कृतिक पक्षको विश्लेषण हो । भूगोलका आधारमा हालको प्रदेश नं. १ को खोटाङ्ग जिल्लाको खोटेहाङ गाउँपालिका वडा नं. ८ सिम्पानी, कसेरीमा केन्द्रित रहेको छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै किसिमको तथ्याङ्क तथा सूचनाहरू सङ्कलनबाट गरिएको छ । प्राथमिक तथ्याङ्क र सूचना सङ्कलनका लागि अवलोकन, अन्तरवार्ता तथा द्वितीय तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रकाशित पुस्तकहरू, अप्रकाशित शोधग्रन्थहरू, लेख रचना, जर्नल, विद्युतीय माध्यमहरू, भिडियोग्राफी, फोटो सङ्कलनजस्ता विधिबाट सङ्कलन गरिएको हो । यसरी सङ्कलन गरिएका गुणात्मक तथ्याङ्क र सूचनालाई विषयवस्तु सम्मत ढङ्गले वर्णनात्मक व्याख्या, विश्लेषण गरी सैद्धान्तिक ढाँचामा यो शोधप्रबन्ध अनुबन्धित गरिएको छ ।

किरात राई जाति नेपालको प्राचीन जातिमध्ये एक हो । जसले आफ्नै भाषा, लिपि, संस्कार, परम्परा र संस्कृति रहेको छ । ती समुदाय विभिन्न थर उपथरमा विभाजित भएर पनि एउटै धर्म, संस्कार र संस्कृति परम्परा रहेको छ । त्यसैले १० किरात, १० थर एउटै चुल्हो भन्ने भनाइ छ । यिनीहरू सम्पूर्ण संस्कारहरू मुन्धुम भित्र आधारित हुन्छ । मुन्धुम मौखिक रूपमा

एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको ज्ञानको दस्ताबेज हो । त्यसैले यसलाई थुथुरी वेद पनि भनिन्छ ।

किरात राई समुदायको नृत्य तथा अभिनय कलालाई सिली भनिन्छ । सिली मुन्धुमसम्बद्ध रहेको हुन्छ । तसर्थ अन्य नृत्य तथा अभिनय जस्तो सिली नृत्यकला मात्रै नभएर किराती जातिको जीवनपद्धति हो । सिली किरातको इतिहास हो । मानव चेतनाद्वारा सिर्जना गरिएको सुन्दर कला हो । अहिलेको भूमण्डलीकरण, आधुनिकता, प्रविधि, आदिका प्रभावले यस्ता मूर्त तथा अमूर्त कला संस्कृति बिस्तारै बिग्रदै जाने, पछिल्लो पुस्ताले बिर्सँदै जाने र यस्तो अमूल्य नृत्य सम्पदा फेरि कहिल्यै उत्खनन् गर्न नसकिने गरी हराएर जाने देखिन्छ । नृत्य तथा अभिनय कला विशुद्ध प्रयोगात्मक विषय हो । सैद्धान्तिक अध्ययनबाट यसको मौलिकताको जगेर्ना गर्नु निकै कठिन कार्य हो । त्यसैले मैले यस शोधप्रबन्धमा सैद्धान्तिक र प्रयोगात्मक दुवै विषयलाई उत्तिकै स्थान दिएको छु । किरात राई जातिको सिली सम्पदा मात्रै नभएर संसारभरिका नृत्य सम्पदाको मौलिकता सहितको संरक्षण गर्न आवश्यक भइसकेको छ ।

# विषय सूची

## विषयसूची | पृष्ठ सङ्ख्या


| | |
|---|---|
| स्वीकृति पत्र | ख |
| सिफारिस पत्र | ग |
| स्वघोषणा पत्र | घ |
| कृतज्ञता ज्ञापन | ङ |
| शोधसार | ज |
| विषयसूची | ञ |
| रेखा चित्रहरूको सूची | ण |
| चित्रहरूको सूची | त |


**विषयवस्तु** **पृष्ठ सङ्ख्या**

**अध्याय - एक**

**शोधको परिचय**


| | | |
|---|---|---|
| १.१. | परिचय | १ |
| १.२. | समस्या कथन | २ |
| १.३. | अध्ययनको उद्देश्य | ३ |
| १.४. | अध्ययनको महत्त्व | ३ |
| १.५. | अध्ययनको सीमा | ४ |
| १.५.१. | भौगोलिक सीमा | ४ |
| १.५.२. | विषयवस्तुको सीमा | ४ |
| १.६. | पूर्व साहित्य समीक्षा | ४ |

| | | |
|---|---|---|
| १.७. | अनुसन्धान विधि | ७ |
| १.७.१. | अनुसन्धानको ढाँचा | ७ |
| १.७.२. | तथ्याङ्कका स्रोतहरू | ७ |
| १.७.३. | प्राथमिक स्रोत सङ्कलन विधि | ८ |
| १.७.४. | तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | ८ |
| १.७.५. | प्रतिवेदन लेखन विधि | ८ |
| १.८. | अध्ययनको संगठनात्मक स्वरूप | ८ |


## अध्याय - दुई

**किरात राई जातिको सिली : कला**

| | | |
|---|---|---|
| २.१. | कलाको संक्षिप्त चर्चा | १० |
| २.१.१. | सङ्गीतकला | १२ |
| २.२. | नृत्यकलाको सामान्य चर्चा | १३ |
| २.२.१. | लोकनाच वा लोकनृत्य | १४ |
| २.३. | किरात राई समुदायको नृत्यकला : साकेला र सिलीको परिचर्चा | १४ |
| २.३.१. | साकेलाको अर्थ र परिभाषा | १६ |
| २.३.२. | सिलीको अर्थ र परिभाषा | १६ |
| २.३.३. | सिलीका वर्गीकरण | १८ |
| २.३.३.१. | शैलीका आधारमा सिलीहरू | १८ |
| २.३.३.२. | सीप र श्रमका आधारमा सिलीहरू | १९ |
| २.३.३.३. | विकास चरणका आधारमा सिलीहरू | १९ |
| २.३.३.४. | प्रकृतिका आधारमा सिलीहरू | १९ |
| २.३.३.५. | प्रस्तुत गरिने क्रमका आधारमा सिलीहरू | १९ |

| | | |
|---|---|---|
| २.३.३.६. | साकेलासम्बद्ध सिली तथा अन्य सिलीहरू | २० |
| २.४. | साकेलाका विभिन्न नाम | २० |
| २.५. | केही सिलीका नामहरू | २१ |
| २.५.१. | सुरुवाती सिलीहरू | २१ |
| २.५.२. | उँभो जाँदाका सिलीहरू | २१ |
| २.५.३. | बालखमा टिपिने सिलीहरू | २२ |
| २.५.४. | बैँसीमा टिपिने सिलीहरू | २२ |
| २.५.५. | अन्त्यमा गरिने सिलीहरू | २२ |


## अध्याय - तीन

**लोकनृत्य कलाको विधि, तत्त्व र मान्यता**


| | | |
|---|---|---|
| ३.१. | विषय प्रवेश | २४ |
| ३.२. | नृत्यकलाका तत्त्वहरू | २५ |
| ३.२.१. | नृत्यकलाको प्राविधिक र साङ्गीतिक पक्ष | २४ |
| ३.३. | नृत्यकलाको रूप पक्षको अवयवहरूको चर्चा | २६ |
| ३.४. | नृत्यकलाको भाव पक्षको चर्चा | २७ |
| ३.५. | लोकनृत्यका मान्यताहरू | २७ |


## अध्याय - चार

**चाम्लिङ राई जातिको विवाह संस्कारमा नाचिने सिलीहरू**


| | | |
|---|---|---|
| ४.१. | विवाहको अर्थ | २९ |
| ४.१.१. | विवाहको प्रकार | ३० |
| ४.१.२. | किरात समुदायको विवाह संस्कार | ३० |

| | | |
|---|---|---|
| ४.२. | सिम्पानी गाउँको परिचय | ३१ |
| ४.३. | चाम्लिङ राई (रोदूङ)को चिनारी | ३२ |
| ४.४. | वाग्दत्ता दिने रीत | ३२ |
| ४.४.१. | जन्तीलाई विदावारी | ३३ |
| ४.५. | बातोँ : मौलिक परम्परा | ३४ |
| ४.६. | सिलीफित्तो प्रथम सिलीको परिचय | ३५ |
| ४.६.१. | सिली टिप्नु अगाडिको विशेष चालको टुक्रा | ३६ |
| ४.६.२. | विशेष चालको टुक्राको चाल नमुना मात्रा गन्ती | ३६ |
| ४.६.३. | सिलीफित्तो नाच्ने खुट्टाको चाल | ३७ |
| ४.६.४. | सिलीफित्तो सिलीको मात्रा गन्ती र खुट्टाको चाल | ३७ |
| ४.७. | रेखाफित्तो सिलीको परिचय | ३८ |
| ४.७.१. | रेखाफित्तो सिलीको खुट्टाको चाल | ३८ |
| ४.७.२. | रेखाफित्तो सिलीको मात्रा गन्ती र खुट्टाको चाल | ३९ |
| ४.८. | बोखातिम्मा सिलीको परिचय | ३९ |
| ४.८.१. | बोखातिम्मा सिलीको खुट्टाको चाल | ३९ |
| ४.८.२. | बोखातिम्मा सिलीको मात्रा गन्ती र खुट्टाको चाल | ४० |
| ४.९. | खोचेलिप्पा सिलीको परिचय | ४० |
| ४.९.१. | खोचेलिप्पा सिलीको खुट्टाको चाल | ४१ |
| ४.९.२. | खोचेलिप्पा सिलीको मात्रा गन्ती र खुट्टाको चाल | ४१ |
| ४.१०. | तोयामाखियामा सिलीको परिचय | ४२ |
| ४.१०.१. | तोयामाखियामा सिलीको खुट्टाको चाल् | ४२ |
| ४.१०.२. | तोयामाखियामा सिलीको मात्रा गन्ती र खुट्टाको चाल | ४३ |
| ४.११. | चाप्चा सिलीको परिचय | ४३ |

४.११.१. चाप्चा सिलीको खुट्टाको चाल ४४

४.११.२. चाप्चा सिलीको मात्रा गन्ती र खुट्टाको चाल ४४

**अध्याय - पाँच**

**सारांश, उपलब्धि र निष्कर्ष**

५.१. शोधको सार संक्षेप ४६

५.१.१. सिली : एक उत्कृष्ट नृत्यकला ४७

५.१.२. लोक नृत्यको अङ्ग ४७

५.१.३. विवाह संस्कारका अर्थपूर्ण सिलीहरू ४८

५.२. शोधको उपलब्धि ४९

५.३. शोधको निष्कर्ष ४९

५.४. केही सुझावहरू ५०

**परिशिष्टहरू** ५२

**सन्दर्भग्रन्थ सूची** ७५

# रेखाचित्रहरूको सूची


१. चाम्लिङ राई सम्बद्ध विवाह संस्कारमा सम्पन्न गरिने बाँतोको रेखाचित्र । पृ.सं. ६२

२. साकेला सिली गर्दा (खुट्टे सिलीमा मात्रै) पैतालाको अवस्था । पृ.सं. ६३

३. सिली टिप्नु भन्दा पहिले बाहिरबाट नृत्यकक्ष भित्र पस्ने चालको नमूना रेखाचित्र । पृ.सं. ६५

४. सिली टिप्नु भन्दा पहिले भित्रबाट नृत्यकक्ष बाहिर निस्कले चालको नमूना रेखाचित्र । पृ.सं. ६६

५. सिलीफित्तो सिली नृत्यकक्षको भित्रपट्टि टिप्दा गरिने चालको नमूना रेखाचित्र । पृ.सं. ६७

६. रेखाफित्तो सिली नृत्यकक्षको भित्रपट्टि टिप्दा गरिने चालको नमूना रेखाचित्र । पृ.सं. ६८

७. बोखातिम्मा सिली नृत्यकक्षको भित्रपट्टि टिप्दा गरिने चालको नमूना रेखाचित्र । पृ.सं. ६९

८. साकेला सिली नाच्दै गरेका केही तस्बिरहरू पृ.सं. ७०

# चित्रहरूको सूची


१. सिली टिप्ने सुरुको स्थिर अवस्थाको तस्बिर ।

२. दायाँ खुट्टाले सुरु गर्दाको पहिले चालको तस्बिर ।

३. बायाँ खुट्टाले सिली सुरु गर्दाको अन्तिम चालको तस्बिर ।

४. दायाँ खुट्टाको एक चालको तस्बिर ।

५. सिली टिप्दै गरेका केही चालहरूको तस्बिर ।

६. सिली टिपिसकेपछिको स्थिर अवस्थाको तस्बिर ।

७. नृत्यकक्ष बाहिरबाट सिली टिपिसकेपछि भित्री कक्षमा फर्किंदै गरेको चालको तस्बिर ।

# अध्याय - एक

# शोधको परिचय

## १.१. परिचय

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषताले भरिपूर्ण भएको एक सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक-गणतन्त्रात्मक मुलुक हो । यस भूमिमा बसोबास गर्ने प्राचीनतम् जातिहरूमध्ये किरात जाति पनि प्रमुख एक हो भन्ने कुरा विभिन्न समयमा प्रकाशित स्रोत सामग्रीहरूले पुष्टि गर्दछ । किरातहरू विश्वको कुन स्थानबाट कहिले यस स्थानमा आए भन्ने विषयमा विद्वानहरूबिच मतैक्य छैन । इसा मसिहको चार हजार वर्ष अघि पर्सियन खाडीको उत्तरतिरका सम्म भूभागमा अकादवंश र सौमरवंश बसोबास गर्दथे । तीन हजार वर्ष अघि चीन, त्यसपछि गङ्गा नदीको मैदानमा आएको कयौँ पुस्तापछि यिनै सौमरवंश किरात भएको प्रमाण महाभारत ग्रन्थमा पाइन्छ । किरात समुदायको पुर्खा वंश उत्पन्न भएको आदिम स्थानहरू पत्ता लगाउने स्रोतमध्ये मुन्दुम नै एक हो । मुन्दुम अनुसार किरातीहरू कागुनी फल्ने चीनको ह्वाङ्हो नदीबाट काश्मीर हुँदै गङ्गा नदी त्यस पछि गङ्गा नदीको सहायक नदी पछ्याउँदै नेपालमा प्रवेश गरेको बुझ्न सकिन्छ । मुन्दुम दर्शनद्वारा आफ्नो भाषा, कला, धर्म, संस्कार, साहित्य, संस्कृति सम्पादन गर्ने किरात राई जातिले नेपालको प्रमाणिक इतिहास लिच्छविकालभन्दा अगाडि यस देशमा व्यवस्थित र वैज्ञानिक ढङ्गले राज्य व्यवस्था सञ्चालन गरेका थिए भन्ने कुरा धेरै विद्वानहरूबिच एक मत रहेको छ । यसरी गोपाल वंश, महिषपाल वंश पछि कर्कप्याट्रिक अनुसार २७ राजा, डचानित्यल राइट अनुसार २९ राजा, गोपालराजवंशावली अनुसार ३२ राजा र प्रेम बहादुर मावोहाङ्ग अनुसार ३३ जना किराती राजाहरूले नेपालमा शासन गरेका थिए । जसलाई नेपालको इतिहासमा किरातकाल भनिन्छ । तिनै किरातवंशका शाखा सन्तानहरू फैलिएर सुनकोशी नदीदेखि पूर्वमा पहाडी भूभागमा बसोबास गरेका हुन् । एउटै नश्लका सन्तानहरू विभिन्न पाछा (थर), सामैत/सामाइत ( उपथर) जस्तामा पृथक-पृथक पहिचान दिएर सामाजिक सांस्कृतिक कार्यहरू सम्पादन गर्ने किरात राई जातिमा "दस भाइ, दस थर, एक मुन्दुमी चुल्हो" भन्ने कथन प्रचलित छ ।

वि.सं. १९३७ सालमा पूर्वमा ओखलढुङ्गा र भोजपुरमा प्रशासनिक केन्द्र स्थापना, "वि.सं. १९६८ सालदेखि प्रशासक वडा हाकिम राख्ने गरी गोश्वाराको स्थापना भएपछि जिल्ला विभाजन गरी हलेसी थुम, रावा थुम ...." (थुलुङ, वि.सं. २०३६) जस्ता प्रशासनिक एकाइहरूमा विभाजित

पूर्वका पहाडी भूभागलाई वि.सं. २०१७ सालपछि पञ्चायती व्यवस्थामा नेपाल अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्लाहरूमा विभाजन गरियो । वर्तमान नेपाल अधिराज्यको प्रशासनिक विभाजन अनुसार सात प्रदेशहरूमध्ये प्रदेश नं. एकका भोजपुर, खोटाङ, सोलुखुम्बु, उदयपुर, ओखलढुङ्गा, आदि जिल्लाहरूमा बाक्लो बसोबास भएको किरात राई समुदाय विभिन्न कारणले बसाइसराइ गरी देश तथा विदेशका विभिन्न भागमा छरिएर बसेका छन् ।

प्रकाशित स्रोत सामग्रीहरूका आधारमा यस भूगोलको प्राचीन जाति, नेपालमा वैज्ञानिक तथा आधुनिक तरिकाले राज्य सञ्चालन व्यवस्थाको प्रयोगकर्ता किरात पुर्खाहरूले आफ्नो जातिको विकासक्रममा धेरै किसिमका भौतिक तथा अभौतिक सम्पदाहरूको सिर्जना गरेका छन् । अतः यस अध्ययनको विषयवस्तुलाई प्रवेश गराउने सन्दर्भमा प्रस्तुत विषयलाई विषयान्तर नगरीकन विषयवस्तुमा केन्द्रित गर्दछु । पूर्वजहरूबाट प्राप्त अमूर्त सम्पदाहरूमध्ये किरात राई जातिको नृत्यकला पनि एक हो । कल्पना र शिल्प शक्ति प्रयोग गरी मानवीय संवेग, भावना कल्पना, आदिलाई अभिव्यक्त गर्नु कला हो । शारीरिक माध्यमबाट अभिव्यक्त गर्नु नृत्य तथा अभिनय कला हो । किरात राई जातिमा नृत्य तथा अभिनय कलालाई सिली भनिन्छ । मानव जीवन, जगत र समग्र सृष्टिको सौन्दर्य पक्षलाई नृत्य तथा अभिनयका माध्यमबाट सुन्दर ढङ्गले पस्कने सिलीहरू मुन्दुम सम्बद्ध रहेका छन् । विभिन्न अवसरमा नाचिने सिलीहरू फरक-फरक किसिमका छन् । उक्त सिलीहरूको वैज्ञानिक ढङ्गले शोधकार्य नभएको, अन्य संस्कृतिको प्रभावले विकृत बन्दै गएको, कतिपय सिलीहरू लोपोन्मुख वा लोप भइसकेको अवस्था छ । त्यसैले तत्तत् विषयको बारेमा खोज गर्दै किरात समुदायको चाम्लिङ राई जातिको विवाह संस्कारमा नाचिने सिलीहरूको सूची बनाई व्याख्या, विश्लेषण, उक्त नृत्यहरूबारेका धार्मिक, सामाजिक मान्यताहरू, लोक नृत्यका विधिहरू यस शोधप्रबन्धको मुख्य विषयवस्तु रहेको छ । नृत्य, अभिनय सैद्धान्तिक तथा प्रयोगात्मक विषय भएको कारण उक्त शीर्षकका शोधमा पूर्व प्रकाशित सामाग्रीहरू, अप्रकाशित सामाग्रीहरू, आफ्नो अनुभव, दृश्याङ्कन गरिएका सामाग्रीहरूको समीक्षात्मक अध्ययन गरी विषयवस्तु सम्बद्ध तथ्याङ्क र सूचना सङ्कलन गरी वर्णनात्मक विधिले निष्कर्षमा निकालिएको छ ।

## १.२. समस्याको कथन

नृत्यकला एउटा अमूर्त सांस्कृतिक सम्पदा हो । नेपालमा शास्त्रीय, परम्परागत तथा लोकनृत्यहरू यथेष्ट सङ्ख्यामा रहेको छ । त्यसैगरी किरात राई समुदायले विभिन्न अवसरहरूमा वर्षै भरि विभिन्न लोकनृत्यहरू नाच्दछन् । किरात राई समुदायमा पनि विभिन्न पाछा (थर),

सामेइत⁄समैत (उपथर)हरू रहेका छन् । तिनीहरूबिच समान तथा भिन्न किसिमका नृत्यकला पाउन सकिन्छ । यिनीहरूमध्ये चाम्लिङ राई समुदायको विवाह संस्कारको समयमा नाचिने नृत्यकला (सिली) विषयमा अनुसन्धान गरेको छु । यस शोधप्रबन्ध तयार गर्ने क्रममा निम्नलिखित समस्याको कथनहरू प्रस्तुत गरेको छु ।

१.१. चाम्लिङ राई समुदायले नाच्ने सिली कस्तो लोकनृत्य हो ?

१.२. लोक नृत्यहरूलाई भिन्न बनाउने तत्त्वहरू के-के हुन् ?

१.३. चाम्लिङ राई समुदायको विवाह संस्कारको अवसरमा प्रस्तुत गर्ने सिलीहरू कुन-कुन हुन् ?

## १.३. अध्ययनको उद्देश्य

नृत्यकला विषयमा सैद्धान्तिक भन्दा प्रयोगात्मक पक्षलाई बढी जोड दिएको हुन्छ । त्यसकारण प्रयोगात्मक पक्षमा जोड दिनेले सैद्धान्तिक पक्षमा कम र सैद्धान्तिक पक्षमा लेखन गर्नेले प्रयोगात्मक पक्षमा न्यून ध्यान दिएको देखिन्छ । विविध समस्याहरू भएको नृत्यकला लेखन विषयमा किरात राई जातिको नृत्यकला संस्कृतिको अध्ययन नै मेरो शोधप्रबन्ध विषय छनौट गर्नु निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

१.३.१. चाम्लिङ राई समुदायले नाच्ने सिलीहरूको व्याख्या विवेचना गर्नु ।

१.३.२. चाम्लिङ राई जातिको विवाह सम्बद्ध सिलीहरूको सूची तयार गरी व्याख्या गर्नु ।

१.३.३. लोक नृत्यको तत्त्वबारे स्पष्ट गरी विवेचना गर्नु ।

## १.४. अध्ययनको महत्त्व

किरात जातिको चाम्लिङ राई समुदायको नृत्यकला विषयमा गरिएको अन्वेषणले निम्न क्षेत्र र विषयसँग सम्बन्धित समूहहरूलाई लाभ मिल्नेछ ।

आधुनिकताले गर्दा विवाह संस्कारको मौलिकतामा विकृत भइरहेको अवस्थामा चाम्लिङ राईको विवाह संस्कारको नृत्यकला (सिली)को अभिलेख रहने छ ।

किरात समुदायमात्रै नभई लोकनृत्यकलाका जिज्ञासु, प्रशिक्षक, विद्यार्थी शोधार्थी, अध्येता, खोजकर्ता, आदिलाई उपयोगी रहनेछ । त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकायको नृत्यकला विषयमा स्नातक तह र स्नातकोत्तर तहका पाठ्यक्रमलाई स्रोत सामग्री, नेपाली विषयको लोक साहित्य विषयलाई सन्दर्भ सामग्रीका हिसाबले यस शोधप्रबन्ध

उपयोगी हुन्छ । विद्यालयस्तरका नृत्य तथा सामाजिक शास्त्र विषयका लागि स्रोत सामग्री, सरकारी, गैर-सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित नृत्यकलाका प्रशिक्षण, शिक्षण, अनुसन्धान केन्द्र, आदि संघ संस्थालाई फाइदाजनक रहेको छ। मनोरञ्जनात्मक क्षेत्र, चलचित्र उद्योगका लागि यस प्रबन्ध लाभदायक नै छ । नृत्यकलाको मौलिकतालाई जगेर्ना गरी पुस्तान्तरण गर्नु, लोप हुनुबाट बचाउनु, प्रयोगात्मक तथा सैद्धान्तिक पक्षलाई त्यतिकै मात्रामा महत्त्व दिई यो शोधग्रन्थ तयार गरिएको छ। नेपाली नृत्यकलाको वैज्ञानिकता, व्यावसायिकता र उन्नयन नै यस शोधप्रबन्धको औचित्य रहेको छ।

## १.५. अध्ययनको सीमा

विषयवस्तुको अन्वेषणबाट तथ्यगत निचोड प्राप्त होस् भनेर यस शोधप्रबन्ध तयार गर्नका लागि निश्चित विषयवस्तु र भौगोलिक सीमाहरू निर्धारण गरेको छु।

### १.५.१. भौगोलिक सीमा

नेपालको वर्तमान प्रशासनिक विभाजन अनुसार प्रदेश नं. एक, खोटाङ जिल्लाको खोटेहाङ गाउँपालिका वडा नं. ८, सिम्पानी, कसेरी क्षेत्रका चाम्लिङ राई समुदायका नृत्यकला बाहेक अन्य स्थान, समुदायको नृत्यकला यस शोधप्रबन्धमा समावेश गरेको छैन।

### १.५.२. विषयवस्तुको सीमा

खोटाङ जिल्ला, खोटेहाङ गाउँपालिका वडा नं. ८, सिम्पानी, कसेरी क्षेत्रका चाम्लिङ राई समुदायको विवाह संस्कारमा नाचिने सिली (नृत्य तथा अभिनयकला)हरू, नृत्यकलाका मान्यताहरू, लोकनृत्य सम्पन्न गरिने विधि, नृत्यका अङ्गहरू मात्रै अध्ययन गरेको छु। यसका अलावा उक्त क्षेत्र र विषयभन्दा अन्य क्षेत्र र विषयको अध्ययन यस शोधप्रबन्धमा समेटिएको छैन ।

## १.७. पूर्व साहित्य समीक्षा

प्रधान मृगेन्द्रमानसिंह, बज्राचार्य, सप्तमुनि, शाह, सुरेन्द्रविक्रम, बज्राचार्य, बेटी , (वि.सं. २०३६) , *नृत्यकला* , काठमाडौँ : साझा प्रकाशन ।

चारजना लेखकद्वारा संयुक्त रूपमा तयार पारेका यस पुस्तकमा प्रथम खण्ड नृत्य कलाबारेमा जानकारी, रस, भावको संक्षिप्त परिचय, नायक-नायिका भेद र प्रचलित भारतीय शास्त्रीय नृत्यकलाको वर्णन गरिएको छ। द्वितीय खण्ड नेपाली लोकनृत्यहरू झ्याउरे, मारुनी, सोरठी,

चरित्र नृत्यकलाको ताल, लयसहित चर्चा गरिएको छ । तेस्रो खण्डमा नेपाली शास्त्रीय चर्या नृत्यकला र चतुर्थ खण्डमा समकालीन आधुनिक नृत्यहरूको वर्णन गरिएको छ । यो पुस्तक आचार्य भरतकृत 'नाटचशास्त्र' सम्बद्ध नृत्य सिद्धान्तमा लेखिएको छ ।

पराजुली, डा. मोतिलाल , (वि.सं. २०६३) , *नेपालका प्रचलित नृत्य र नृत्यनाटिकाहरू* , काठमाडौँ : साझा प्रकाशन ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्ने विभिन्न जातजातिले विभिन्न अवसरमा नाच्ने प्रचलित शास्त्रीय, परम्परागत तथा लोक नृत्यकला र नृत्य नाटिकाहरूको परिचयात्मक हिसाबले लेखिएको पुस्तक हो । नेपालभरिका २२४ वटा लोकनृत्य र १६ वटा नृत्य नाटिकाहरूको संक्षिप्त चर्चा गरिएको छ ।

राई, गडुलमान , (वि.सं. २०६३) , *किरात संस्कार* , नेपाल : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

किरात राई जातिहरूको जन्मदेखि मृत्यु तथा मृत्युपर्यन्तसम्म विभिन्न संस्कारहरू सम्पन्न गरिन्छ। यी संस्कारहरू कसरी गर्ने, कहिले गर्ने, के-कस्ता सामग्रीहरू चाहिने हो, मुन्दुमसम्मत रिसिया चाम्लिङ राई भाषा र खस भाषामा लेखिएको छ। केही दन्त्यकथाहरू समेटिएका छन् । साकेला सिलीको उत्पत्ति सम्बन्धी चर्चा गरिएको यस पुस्तकमा विवाह संस्कारको विस्तृतमा वर्णन गरिएको छ ।

हतुवाली, चन्द्रकुमार , (वि.सं. २०६४) , *साकेन्वा* , काठमाडौँ : बान्तवा अनुसन्धान ।

यस पुस्तकमा साकेन्वा लाग सिलीको बारेमा विभिन्न मिथकहरूसहित साकेन्वा र सिलीको शाब्दिक अर्थ, उत्पत्ति, विकास र विस्तारको वर्णन गरिएको छ । किरात राई जातिभित्रका विभिन्न पाछ्रा (थर), सामेई (उपथर), भाषा, संस्कारहरूमा विभाजित हुनाले साकेन्वाका विभिन्न नामको उल्लेख गरिएको छ । सिलीहरूको प्रकार तथा तिनीहरूको नाम क्रमश : सूचीबद्ध गरिएको छ। ढोल झ्याम्टाको तालमा शक्तिसम्बद्ध थेगोसहितको गीत गाउँदै हातखुट्टाको चाल मिलाएर अर्थपूर्ण ढङ्गमा नाचिने नृत्य नै सिली हो भनी परिभाषित गरिएको छ। त्यसैगरी पूर्वी पहाडी जिल्लाहरूमा नाचिने सिली (नृत्य तथा अभिनय कला) काठमाडौँ उपत्यकामा कसरी कहिलेदेखि प्रवेश भयो तस्वीरसहित चर्चा छ ।

मुनिकार, चन्द्रमान , (वि.सं. २०६९) , *चर्या नेपाल बज्रायान तान्त्रिक चर्या नृत्य* , काठमाडौँ : बज्रकला कुञ्ज ।

नेपाल मण्डलमा महायानी बौद्ध सम्प्रदायले आगमपूजाको गतिविधिमा बाह्य तथा अभ्यान्तर क्रियाकलापलाई समान रूपले जोड दिएर चार तन्त्रहरूमध्ये चर्या तन्त्र वा चर्या गीत र चर्या नृत्य (चःचा) बारेमा लेखिएको छ । चर्या नृत्यको सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षको वर्णन गरिएको यस पुस्तकमा चर्या नृत्यका देवदेवीसम्बन्धी श्लोक, गीत, ताल, राग, मात्रा, आदि पनि समेटिएको छ ।

राई, देव किरात , (वि.सं. २०७०) , *किरात खम्बु जातिको साकेला संस्कृति र सभ्यता* , काठमाडौँ : लीला राई ।

यस पुस्तकमा किरात खम्बु जातिको साकेला संस्कृतिको चर्चा गरिएको छ । किराती जातिको इतिहास, साकेला उत्पत्ति, विकासक्रम उल्लेख गर्दै उक्त अवसरमा गरिने विभिन्न सिलीहरूको वर्णन गरिएको छ । देन्नाम (उँभौली) र थान्नाम (उँधौली) गर्नुको अर्थ, सिलीहरूको विशेषताको आधारमा पाँच भागमा वर्गीकरण गरिएको छ ।

राई, कमलजंग , (वि.सं. २०७३) , *साख्खेवा सिली, एक अध्ययन* , लगनखेल, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

भोजपुर जिल्लाका विभिन्न स्थानमा नाचिने साख्खेवा सिली सम्बद्ध क्षेत्रका मुन्दुमविद्हरू, नाक्छोडहरू, बिजुवाहरू, सिलीहाङ्पा-सिलीहाङ्माहरू, संस्कृतिविद्हरू, सिलीविद्हरूसँग प्रत्यक्ष अन्तरवार्तालाई आधार मानेर तयार पारिएको पुस्तक हो । साख्खेवा आध्यात्मिक शक्तिको आराध्य प्रतीक र सिलीलाई नृत्य र अभिनय श्रमसौन्दर्य कलाको रूपमा परिभाषित गरेका छन् । किरात राई जातिका साख्खेवा पुज्ने परम्परा, पहिचान, व्यवस्थापन, पूजा गर्ने विधिहरू र सिलीको परिचय, प्रस्तुति, मान्यता, प्रकार, महत्त्वमाथि प्रकाश पारिएको छ । सिलीहरू मुन्दुमसम्बद्ध भएकोले अन्य नृत्यहरूभन्दा भिन्नै विशेषता भएको त्यसैले यो विकृत वा लोपोन्मुख रहेको भनिएको छ ।

राई, सुमन , (वि.सं. २०७५) , किरात राई जातिको महान् चाड साकेला र यसको सांस्कृतिक परिचय , *निप्सुङ* - किरात प्रदेश महाविशेषाङ्क, अङ्क ३७ : काठमाडौँ : किरात राई यायोख्खा केन्द्रीय कार्यसमिति ।

सबै किरात राईले मनाउने उभौली वैशाख पूर्णिमा (घिरिनाम) र उँधौली मंसिरे पूर्णिमा ( छिरिनाम)मा साकेला पुज्ने विधि र उक्त अवसरमा सिली (नृत्य र अभिनय)हरूका बारेमा चर्चा गरिएको छ ।

मुकारुङ, बुलु , (वि.सं. २०७६) , साकेन्वा सिली , *मधुपर्क* , वर्ष ५२ : अङ्क ७ : पूर्णाङ्क ६०६ : गोरखापत्र संस्थान ।

यस आलेखमा साकेन्वा-साकेला संस्कृतिको विषयमा जानकारीसहित उक्त चाडमा प्रस्तुत गरिने सिलीहरूको परिचय, सिलीका प्रकार, सिलीहाङमा-सिलीहाङपाको उल्लेख छ । साकेला समापन गर्ने विधिको वयान गरिएको छ ।

गर्ग, डा. लक्ष्मीनारायण , (सन् २०१०), *कथक नृत्य* , हथरस इण्डिया : सङ्गीत कार्यालय ।

भारतीय शास्त्रीय नृत्य कथकको विषयमा केन्द्रित यस पुस्तकमा नृत्यको सैद्धान्तिक र व्यवहारिक दुवै पक्षमा जोड दिइएको छ । भारतीय उपमहाद्वीपमा नृत्यकलाको इतिहास, रङ्गमञ्चको परिचय, विकासक्रमलाई विस्तृतमा वर्णन गरिएको छ । कथक नृत्यको समग्र तत्त्वहरूको जानकारी दिने यस पुस्तकमा प्रयोगात्मक पक्षलाई पनि स्थान दिइएको छ ।

माथि विषयवस्तु सम्बन्धी पूर्वकार्यहरूको समीक्षात्मक अध्ययन गर्दा राई जातिको वैवाहिक नृत्य संस्कृति सम्बन्धी हालसम्म कतै पनि अध्ययन अनुसन्धान भएको नपाइएकोले यस शोध प्रबन्धको लागि यो नै समस्या कथन उपयुक्त ठानेको छु ।

## १.८. अनुसन्धान विधि

### १.८.१. अनुसन्धानको ढाँचा

पूर्व कार्यहरूको समीक्षात्मक अध्ययन गर्दै विषयवस्तुसम्बन्धी सूचना, सामग्री र तथ्याङ्कहरू प्रयोग गरी तुलनात्मक तरिकाले व्याख्या, विवेचना तथा विश्लेषण गरी वर्णनात्मक ढाँचामा निष्कर्ष निकालिएको छ। नृत्यकला एक मानवीय कलात्मक अभिव्यक्ति भएकोले अन्वेषणात्मक ढाँचा यस शोधप्रबन्धको प्रमुख विधि मानेर सम्पन्न गरिएको हो । गुणात्मक सामग्री तथा तथ्याङ्कहरूमात्रै सङ्कलन गरी, उक्त गुणात्मक तथ्याङ्क विश्लेषणबाट शोधप्रबन्धको प्रतिवेदन तयार पारिएको हो ।

### १.८.२. तथ्याङ्कका स्रोतहरू

यस शोधप्रबन्धको विषयवस्तुसम्बद्ध सूचना, सामग्री र तथ्याङ्कहरू प्राथमिक स्रोतहरू र द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएको छ । प्रत्यक्ष र अप्रत्यक्ष अन्तरवार्ता, अवलोकन, भिडियोग्राफी, फोटोग्राफी तथा प्रश्नावली विधिहरूबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको हो । त्यसैगरी प्रकाशित पुस्तकहरू, विभिन्न किसिमका पत्रपत्रिकाहरू, स्मारिका, जर्नल, मुखपत्र, खोजमूलक

लेखरचना, आलेख, प्रकाशित-अप्रकाशित शोधग्रन्थहरू, विद्युतीय माध्यमका फेसबुक, ट्वीटर, युटचुव, वेवसाइट, व्लग, वृत्तचित्र आदिबाट द्वितीय तथ्याङ्कहरू सङ्कलन गरिएको हो ।

### १.८.३. प्राथमिक स्रोत सङ्कलनको विधि

प्राथमिक स्रोत सामग्रीका लागि विषयवस्तुसम्बद्ध समुदायका व्यक्तिहरूसँग प्रत्यक्ष संवाद गरी सङ्कलन गरिएको हो । संवादका क्रममा बारम्बार भेटघाट गरी सामग्रीहरूलाई स्वराङ्कन तथा दृश्याङ्कन मार्फत सूचना भण्डारण गरेको हो । यसर्थ अन्तरवार्ता नै प्राथमिक स्रोतको प्रमुख आधार रहेको छ । यसका साथै अवलोकन र व्यक्तिगत अनुभवलाई पनि प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

### १.८.४. तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

प्राथमिक तथा द्वितीय स्रोतहरूबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई वर्णनात्मक, विवेचना र व्याख्या गरेर निचोड निकालिने छ । तथ्याङ्कको द्विअर्थी, अनर्थ, बहुअर्थी, अशुद्धता, अस्पष्टता, अन्योल, शङ्कास्पद, अज्ञात तथा छरपष्टतालाई हटाएर सिलसिलाबद्ध गरी प्रस्तुत गरिएको छ । विषयवस्तुसँग सम्बन्धित समस्या र कठिनाइहरूको कारण पत्ता लगाई त्यसको समाधान गरी प्रस्तुतीकरण गरिएको छ । यस शोधप्रबन्धलाई देवनागरी लिपिमा अभिलेखिकरण गरिएको छ ।

### १.८.५. प्रतिवेदन लेखन विधि

विषयवस्तु अनुसन्धानबाट प्राप्त निष्कर्षलाई व्यवस्थित रूपमा सरल र अर्थप्रद रूपमा तथ्यहरूको व्याख्या विश्लेषण गर्दै पर्याप्त तार्किक आधारहरूसहित उपयुक्त ढाँचा, सही सङ्गठन, उपयुक्त भाषा संयोजनमा क्रमबद्ध तरिकाले दस्तावेजीकरण गरिएको छ । सरलता, विश्वसनीय र तार्किक ढङ्गले यस शोधप्रबन्धको प्रतिवेदन लेखिएको छ ।

## १.९. अध्ययनको सङ्गठनात्मक स्वरूप

यस शोधप्रबन्धको परिचय अध्यायदेखि निष्कर्ष अध्यायसम्म जम्मा पाँच अध्यायहरूमा गठन गरिएको छ । ती निम्नलिखित छन् ।

अध्याय - एक

शोधको परिचय

अध्याय - दुई

किरात राई जातिको सिली : कला

अध्याय - तीन

लोक नृत्यकलाको विधि, तत्त्व र मान्यता

अध्याय - चार

चाम्लिङ राई जातिको विवाह संस्कारमा नाचिने सिलीहरू

अध्याय - पाँच

अध्ययनको सारांश, उपलब्धि, निष्कर्ष र केही सुझाव

# अध्याय - दुई

# चाम्लिङ राई जातिको सिली : कला


## २.१. कलाको (संक्षिप्त) चर्चा

यो संसार प्रकृतिरूपी कलासर्जकको सुन्दर सिर्जना हो । विभिन्न मौसम, ऋतु तथा यामहरूका माध्यमबाट समयसँगै नवीन सौन्दर्यको सृष्टि गरिरहेको हुन्छ । त्यसैले प्रकृति संसारकै महानतम स्रष्टा हो । यद्यपि संसार पूर्ण सौन्दर्यमय बन्न सकिरहेको हुँदैन । त्यसैले पृथ्वीको यही अभावलाई परिपूर्ण गर्न मानव जातिले प्रकृतिबाटै साभार प्राकृतिक वस्तुहरू मार्फत नयाँ सौन्दर्यको सृष्टि गर्दछ । यो लालित्यपूर्ण कला नै ललितकला हो । कलालाई पूर्वीय साहित्यहरूमा ६४ कला भनी वर्णन गरेको पाउँछौँ । ६४ कला भारतीय उपमहाद्वीप दर्शनको मूल मानिन्छ । ६४ कलालाई मुख्यतय पाँच खण्ड चारूकला, कारूकला, औपनिषदिक कला, बुद्धिवैचक्षव्य कला र क्रिडाकौतुक कलामा विभाजन गरिएको छ । चारूकला अन्तर्गत अञ्जनकला, परदृष्टिवन्चन कला, स्वरवञ्चन कला, दुरोदर कला, अलङ्कारभूषणयोजनम् कला, गायन कला, चित्रकला, नाटच वा नृत्यकला, छलितकयोग कला, परकाया प्रवेश कला हुन् । कारूकला अन्तर्गत मृतिका कला, काष्ठ कला, लौह कला, धातु कला, यन्त्र कला, वस्त्र कला, चर्म कला, अग्निसंस्तम्भन कला, जलसंस्तम्भन कला, पाक कला, आसव कर्म कला, गन्धयुक्ति कला, रस कला, औषधि सिद्धि कला, गुटिका सिद्धि कला, कालवञ्चन कला, स्वरसास्त्र योग कला, वयःस्तम्भन कला, काम कला रहेका छन् । औपनिषदिक कला अन्तर्गत शाकुन कला, कुटव्याख्या कला, व्यापार कला, वास्तुकला, रूप्यारत्न शास्त्र कला, पशुपालन कला, भूरुहदोहद कला, कृषि कला, मोहन कला, उच्चाटन कला, विद्वेषण कला, स्तम्भन कला, वशिकरण कला, मारण कला रहेका छन् । बुद्धि वैचक्षभ्य कला अन्तर्गत इतिहास कला, धारण मातृका कला, वैनयीकिनाम कला, वाक्सिद्धि कला, वाचनसिद्धि कला, लिपिसिद्धि कला, गणन कला, देशभाषालिपि ज्ञान कला, ज्योतिष कला, आगम कला, रहेका छन् । क्रिडाकौतुक कला अन्तर्गत पादुकासिद्धि कला, खनिवाद कला, अश्मक्रिया कला, विलवाद कला, उदप्लुत कला, गजअश्वरथ कौशल कला, मल्लशास्त्र कला, दन्तिकरण कला, वैजयीकिज्ञान कला, मृगयाविधि कला, हस्तलाघव कला रहेका छन् । यसरी कलाको विषयमा विषाद किसिमले व्याख्या, विश्लेषण र चिन्तन भएको छ, हुँदैछ र हुनेछ । सिर्जनात्मक उद्देश्यका हिसाबले दुई प्रकारका कलाहरू छन् ।


(क) व्यवहारिक कला

(ख) ललितकला

मानवद्वारा सिर्जनात्मक गतिविधिका सम्पूर्ण पक्षहरू कला हो । खासगरी मानवका सूक्ष्मतम आन्तरिक भावहरूलाई सुकुमार एवं सौन्दर्यपूर्ण बनाएर अभिव्यक्त गरिने कलालाई ललितकला भनिन्छ । मानवले आफ्नो अनुभूति र शिल्पलाई मिसाएर प्राकृतिक प्रदत्त वस्तुहरूमा थप सौन्दर्ययुक्त बनाए, अमूर्त भावनालाई चेतनासँग मिलाएर कलात्मक रूप दिएर नयाँ वस्तुको सृष्टि गरे । कुरूप वस्तुलाई सौन्दर्यपूर्ण बनाए र ईश्वरीय स्वरूप दिई पूजनीय र जाज्वल्यमान बनाउनु कलाको प्रमुख कार्य हो । मानौं, कुनै फोहोरको थुप्रोमाथि एउटा ढुङ्गा रहेछ । त्यसको वस्तुगत मूल्य शून्यप्रायः हुन्छ । तर त्यो ढुङ्गा एउटा मूर्तिकारको आँखामा पऱ्यो । उसले फोहोरबाट उठाएर वर्षौं लगाएर, आफ्नो अनुभूति र शिल्प प्रयोग गरी कुनै एउटा देवीको प्रतिमा बनाएर त्यही फोहोरको थुप्रो छेउ राखिदिएमा सोचौं के हुन्छ । त्यहाँ भोलिदेखि श्रद्धेय स्थान बन्न थाल्छ । कलाको यो शक्ति हुन्छ । शायद त्यसैले साहित्य, सङ्गीत र कलाविहीन मानिस पुच्छर नभएको पशु भनिएको हो । कला र ललितकलाको विभिन्न शाखाहरू छन् ।




(जुन भौतिक रूपमा उपभोगसँग सम्बन्धित हुन्छ ।) (जुन बौद्धिकतासँग सम्बन्धित हुन्छन् ।)




मानवले आफ्नो आन्तरिक भावना, अनुभूति, विचार एवं शिल्प वा सीपको मिश्रणबाट निराकार भावनालाई आकार स्वरूप अमूर्तलाई मूर्त रूप, मूर्तलाई अमूर्त स्वरूपमा ढाल्नुलाई कला भनिन्छ । पूर्वीय कला चिन्तकहरूले ६४ कलामा विभाजन गरेका छन् । कलालाई विभिन्न

शाखाहरूमा वर्गीकरण गरिएको छ। ती हुन् : वास्तुकला, शिल्पकला, साहित्य र सङ्गीतकलालाई विशिष्ट प्रमुख कला विधा भनी वर्णन गरिएका छन् ।

**क) वास्तुकला**

संस्कृत भाषाको 'वस्' धातुबाट व्युत्पत्ति भएको वास्तुकलाले वासस्थान सम्बन्धी कला भन्ने बुझिन्छ। घर, मठ, मन्दिर, डबली, बाटोघाटो, पुलपुलेसा, पाटीपौवा, पोखरी, धाराकुवा, विहार, चैत्य, गुम्बा, स्तुप, आदि वास्तुकला हुन् । यी पनि लौकिक र धार्मिक गरी दुई किसिमका वास्तुकला रहेका छन् ।

**ख) शिल्पकला**

विभिन्न माध्यमहरूबाट जस्तै : माटो, पत्थर, धातु, काठ, हस्तीहाड, आदि वस्तुहरूबाट सुझबुझ एवं कुशलतापूर्वक सौन्दर्यसँग प्रत्यक्ष सरोकार राख्ने केही विशिष्ट कलाहरू सिर्जना गरिन्छ । यस्ता सौन्दर्यपूर्ण कला शिल्पकला हो । शिल्पकलालाई मूर्तिकला, चित्रकला, हस्तकला तथा श्रृङ्गारकलामा छुट्टाएर अलग-अलग तरिकाले वर्णन गर्न सक्छौं ।

**ग) साहित्य**

ललितकलाको मुख्य शाखा साहित्य मानव मनका सूक्ष्मतम भावनाहरूलाई भाषाका माध्यमबाट कलात्मक रूप दिएर अभिव्यक्त गरिन्छ । सामाजिक, सांस्कृतिक, लोकपरम्परा, मनोविज्ञान, धर्म-दर्शन, आदिले प्रत्यक्ष प्रभाव पार्ने हुनाले साहित्यमा मानव समाजको नै चित्रण गरिएको हुन्छ । यसका पनि विभिन्न विधाहरू - कथा, कविता, निबन्ध, उपन्यास, आदि हुन्छन् ।

### २.१.१. सङ्गीतकला

गीत शब्दमा 'सम' उपसर्ग लागेर बनेको सङ्गीत शब्दले गायन वा गीत सहित बजाउनु र नाच्नु भन्ने बुझाउँछ। 'सारङ्गदेवकृत सङ्गीत रत्नाकर' ग्रन्थका अनुसार सङ्गीतको परिभाषा यस प्रकार दिइएको छ - गीतं, वाद्यं तथा नृत्यं त्रयं सङ्गीत मुच्चते'..(वर्मा, वि.सं. २०६७, पृ. ५) । गायन, वादन र नृत्य यी तीनै कलाको समग्र स्वरूप सङ्गीतकला हो । मानवमनमा उठेका भावनाहरूलाई सुर ताल, लय, अङ्ग, आदिका माध्यमबाट व्यक्त गर्नु सङ्गीत हो । आन्तरिक भावनाहरूले लयात्मकता एवं झङ्कारयुक्त रूप लिएर बाहिर प्रकट हुँदा सङ्गीतको जन्म हुन्छ । यी तीनैवटा कला एक अर्काबिच निकट सम्बन्ध हुँदाहुँदै पनि आफैमा स्वतन्त्र कला विधा हो ।

## २.२. नृत्यकलाको सामान्य चर्चा

मानिसले आफ्नो मनोवृत्ति एवं मनोभावनाहरूलाई विभिन्न माध्यमहरूबाट व्यक्त गर्ने गर्दछन् । त्यही भावना र मनोवृत्तिहरू गीत वा सुर र ताल मार्फत व्यक्त गर्दा गायन, बाद्यवादनबाट व्यक्त गर्दा वादन, रङ्गहरूको माध्यमबाट व्यक्त गर्दा चित्रकला तथा आफ्नै शरीरका विभिन्न अङ्गहरूको सञ्चालनबाट व्यक्त गर्दा नृत्यकलाको उद्भाव भएको हो । मानव जातिले आफ्नो अनुभूतिहरूलाई शिल्पका माध्यमबाट प्रकट गर्ने प्रथम प्रयास आफ्नै शरीरबाट सुरु गरेका थिए । जीवनमा आएका दुःख-सुख, हर्ष-विष्मात, पीडा-वेदना, हाँसो-खुसी जस्ता भाव अभिव्यक्त गर्दा भिन्न-भिन्न मुद्राहरू निर्माण भए । त्यही विभिन्न मुद्राहरूलाई कलात्मक रूपमा प्रस्तुत गर्दा नृत्यकला विकास भयो । संस्कृत भाषाको 'नृत्' धातुमा क्त (क्याप्) प्रत्यय लागेर नृत्य शब्द व्युत्पन्न भएको हो । जसले नाच्नु, अभिनय गर्नु, हावभाव गर्नु, शरीरका अङ्गहरूलाई सुन्दर ढङ्गले सञ्चालन गर्नु भन्ने अर्थ बुझाउँछ । यसैले नृत्यको आधारभूत औजार शरीर एवं शरीरबाट उत्पन्न हुने भिन्न-भिन्न मुद्राभावहरू नै हुन् । नृत्य एउटा शारीरिक कला हो । नृत्य कला सबै कलाहरूको जननी विद्या हो । मानिसले युगौंदेखि भाषिक माध्यम एवं शारीरिक चेष्टाहरूद्वारा आफ्नो विचार र भावनाहरू व्यक्त गर्दै आइरहेको छ । भाषाको जन्म हुनु पूर्व मानव जातिले आफ्नो विचार आङ्गिक सञ्चालनबाट नै सम्प्रेषण गर्दथे । यसरी हजारौं वर्ष लामो यात्रा पार गर्दै मानिसले शारीरिक भावभङ्गीमाहरू परिष्कार र परिमार्जित गर्दै आफ्नो वौद्धिकता प्रयोग गरी नृत्यकलाको सिर्जना गरेका हुन् । नृत्यकला शारीरिक काव्यको रूप हो । मानवमा वस्तु परिवेशको नक्कल गर्ने गुण पनि रहेको छ । यसरी वस्तुहरूको भावानुकरण रूपमा नृत्यलाई लिएको पनि पाइन्छ । सशरीर उपस्थित भएर शारीरिक अङ्ग सञ्चालन र भावभङ्गीमाद्वारा प्रदर्शित गरिने कला नृत्यकला हो । 'साङ्गीतिक परिवेशमा मानवमनका भावनाहरूलाई व्यक्त गर्ने कलात्मक अङ्ग सञ्चालन नै नृत्य हुन आउँछ । (पराजुली, वि.सं. २०६३, पृ.५) । यसरी गीत, ताल, लय, आदि सङ्गीतका तत्त्वसँगसँगै शारीरिक अङ्ग सञ्चालनद्वारा मानवमनको भाव व्यक्त गर्नु नृत्यकला हो । पूर्वीय मतानुसार आङ्गिक, वाचिक, आहार्य र सात्विक गरी यी चार मूल तत्त्वहरू छन् ।

नृत्यकला प्रवृत्ति एवं स्वभावका आभरमा मुख्यतय : तीन किसिमका हुन्छन् । ती हुन् ।

क) शास्त्रीय नृत्य - निश्चित नियममा बन्दिस बनाएर भाव अङ्ग सञ्चालन र मुद्राहरू आदिबाट भाव अभिव्यक्त गरिने विशिष्ट नृत्य शैलीलाई शास्त्रीय नृत्य भन्ने गरिएको छ ।

ख)	आधुनिक नृत्य - कुनै व्यक्ति विशेषले आफ्नो भाव अभिव्यक्त गर्दा कुनै शास्त्रीय नियममा नबसी आम मानिसको रुचि अनुसार आधुनिक गीत र बाजामा नृत्य गर्ने आधुनिक नृत्य शैलीलाई आधुनिक नृत्य भनिन्छ ।

ग)	लोक नृत्य - निश्चित भूगोलमा बसोबास गर्ने मानिसहरूको मनोभावनालाई शारीरिक चेष्टाद्वारा अभिव्यक्त गर्नु लोक नृत्य हो ।

### २.२.१. लोकनाच वा लोकनृत्य

मनवमनका आन्तरिक भावनाको सङ्गीतमय एवं अर्थपूर्ण भङ्गीमा साहितको प्रस्तुति नृत्यकला हो भन्ने कुरा माथि नै प्रष्ट भइसक्यो । यसको सुरुवात लोकजीवनबाटै प्रादुर्भाव भयो भन्ने कुरा पनि स्पष्ट भयो । अब लोक नाच वा नृत्यको बारेमा केही चर्चा गर्नु आवश्यक छ । लोक शब्दले कुनै पनि निश्चित भूगोलको परिवेशमा बसोबास गर्ने मानिसहरूको समुदायलाई भनिन्छ । त्यही जनसाधारणमा सदियौँ देखि चलिआएको विभिन्न चाडपर्व, मेलापात, रीति थिति, दुःखसुखमा नाचिने लोकसंस्कृतिको अभिन्न अङ्ग नै लोकनृत्य हो । गाउँघरमा उन्मुक्त भएर नाचिने लोकनृत्यले त्यस समुदायको इतिहास, परम्परा र जीवनदर्शनसँग प्रत्यक्ष सरोकार राख्दछ । सम्बन्धित समुदायको प्रादुर्भावसँग लोकनृत्यको साइनो गाँसिएको हुन्छ । त्यसैले लोकस्तरमा लोकशिल्पी प्रयोग गरी सिर्जना गरिएको लोकनाचमा जातीय संस्कार, इतिहास, संस्कार, मूल्यमान्यता, सीप सिर्जन, कर्म धर्म र जीवनको स्पष्ट प्रतिबिम्ब देख्न सकिन्छ । लोक शिल्पको प्रयोग, लोक भावनाको प्रतिच्छाया, लोकको सामूहिक विचार, धार्मिक भावना, आदि लोकनृत्यको मुख्य विशेषताहरू हुन् । गाउँबस्तीहरूमा मनोरञ्जन, संस्कार, व्यवहार हेतु प्रस्तुत गरिने लोकनृत्यले भावनात्मक सम्बन्धलाई प्रगाढ बनाउने गर्दछ। लोकनृत्यले समाजमा उत्पन्न शत्रुता, वैमनस्यता, रिस राग बिर्सिएर सामाजिक मेल एवं सद्भावको कार्य पनि गर्दछ । लोकनृत्यले चाडपर्व, उत्सव, व्यवहारलाई उल्लासमय मात्रै बनाउँदैन किन्तु यसले मानिसका दुःख, पीडा र मनका घाउहरूलाई सुम्सुमाएर संजीवनीको काम पनि गर्दछ। त्यसैले गाउँबस्ती, कुनाकन्दरामा मादल, मुर्चुङ्गा, नौमती र सारङ्गी बाजा बजेको सुनेपछि कसको मनमा भाव उत्पन्न नहोला र ? लोकनृत्यमा कुनै पनि राष्ट्रको सभ्यता र संस्कृति सरल एवं स्पष्ट रूपले झल्केको हुन्छ। त्यसैले लोकनृत्य कुनै पनि राष्ट्रको पहिचान, परिचय र चिनारी हो ।

## २.३.	किरात राई समुदायको नृत्यकला : साकेला र सिलीको परिचर्चा

सङ्गीतको ताल र लयमा आङ्गिक, वाचिक, आहार्य एवं सात्विक तत्त्वहरूद्वारा रसनिस्पत्ति नृत्यकलाको प्रमुख कार्य हो । नेपाल अभिराज्यभरि शास्त्रीय, परम्परागत लोकनृत्यहरू धेरै सङ्ख्यामा रहेका छन् । यिनीहरूमध्ये किरात राई समुदायको सांस्कृतिक अवसरहरूमा नाचिने लोकनृत्यहरू पनि एक हो । अलौकिक चमत्कारी शक्तिमाथिको विश्वास गर्ने किरात राई समुदायले किरात धर्ममाथि विश्वास गर्छन् । कुलपितृलाई देवशक्तिको रूपमा आस्था र पूजा गर्ने गर्दछन् । किरातीहरू प्रकृतिपूजक हुन् । मुन्दुमको रिसियाहरू जीवनदर्शन हो । यही मुन्दुम नै किराती धर्मशास्त्र हो । किरात राई समुदायले जन्मदेखि मृत्युपर्यन्तसम्मका सामाजिक, धार्मिक क्रियाकलापहरू पितृ, प्राणी, वनस्पति, प्रकृति, समस्त लोकजीवन पद्धति, आदिको विशेष कामना, पूजा तथा प्रार्थना मुन्दुमसम्बद्ध विधिमा सम्पन्न गर्दछन् । सम्पूर्ण प्राकृतिक वस्तुहरूलाई सृष्टिकर्ता, संरक्षक, जीवनदाता तथा संहारकर्ता, चमत्कारिक शक्तिस्परूप मानेर उत्सवमय वातावरणलाई आफ्नो लोक नृत्य कलामार्फत उल्लासमय बनाउँछन् । किरात राई जातिले विभिन्न समय र अवसरमा थुप्रै नृत्यहरू नाच्दछन् । त्यसमध्ये पनि वर्षको दुई पटक उँभौलीको अवसर (वैशाखे पूर्णिमा ताका) र उँधौलीको अवसर (मंसिरे पूर्णिमा ताका) शक्तिप्रदत्त साकेला पूजनको समयमा नाचिने सिलीहरू ज्यादै प्रसिद्ध रहेको छ । जसलाई साकेला सिली नामले जनमानसमा प्रसिद्ध छ । किरात समुदायभित्रमा विभिन्न थर, सामेइत/सामै (उपथर), पाछ्रा (गोत्र)हरूमा विभाजित रहेको, ३५ वटा भाषी भएको कारण यसको विभिन्न नामहरू रहेका छन् । यद्यपि साकेला सिली उपयुक्त समयमा आध्यात्मिक शक्तिहरूको प्रतीकात्मक स्वरूप साकेलाको पूजा आराधना गर्नु हो । यसरी पूजा आराधना सम्पन्न गर्दा मानव तथा मानवइतरका विभिन्न गतिविधिको सिलीबाट कलात्मक अभिनय गरी प्रस्तुत गरिन्छ । तर किरात राई जातिभित्र उँभौली (धिरिनाम) र उँधौली (छिरिनाम)मा मात्रै सिलीहरू ननाचेर अन्य समयमा पनि विभिन्न अवसरमा नाचिन्छ । यति हुँदाहुँदै पनि अलौकिक शक्तिको आराधना गरेर मात्रै सिली सुरु गरी विधिसम्मत सञ्चालन गर्दै सम्पन्न गर्नु पर्ने किरात राईको नृत्यकला संस्कृतिको विशेषता देखिन्छ । तसर्थ सिली अन्य लोक नृत्यहरू जस्तो नभएर शक्तिसँग सम्बन्धित मुन्दुमद्वारा निर्देशित मौलिक लोकनृत्य हो । "सिलीहाङमा र सिलीहाङपाको अनुपस्थिति रहेको खण्डमा उपस्थित नर्तक-नर्तकीहरूबाट सिली प्रस्तुतिले साख्खेवा संस्कृतिको मान्यता प्राप्त गर्न सक्दैन ।" (राई, वि.सं. २०७३, पृ. ११०) । अन्य लोकनृत्यहरूजस्तो उन्मुक्त भएर स्वतन्त्र रूपले नाच्ने नभई सिलीको परम्परागत शास्त्रीय नियममा रहेर नाच्नु पर्ने हुन्छ ।

### २.३.१. साकेलाको अर्थ र परिभाषा

किरात राई जातिको साकेला शब्दले बोक्ने अर्थ, त्यस शब्दको व्युत्पत्ति विषयमा त्यति गम्भीर भएर सोध खोज भएको पाइन्न । कुनै पनि शब्दको वाह्य तथा आन्तरिक अर्थ हुने गर्दछ ।

"किरात राई वान्तवा भाषामा यसको शाब्दिक अर्थ साप्तेन = प्राणीजगत, दुनियाँ, संसार र केन्वा = पालक, रक्षक भन्ने हुन्छ ।" (हतुवाली. वि.सं. २०६४, पृ. ३) । यसरी वान्तवा भाषीहरू साकेलालाई साकेन्वा भन्दछन् । साप्तेन र केन्वा दुई भिन्न भिन्नै स्वतन्त्र शब्दहरूको मेलबाट साकेन्वा उत्पत्ति भएको जसको अर्थ यस जगतको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता शक्तिलाई आराधना गर्नु भन्ने रहेको छ । त्यस्ता शक्तिलाई प्रतीकात्मक रूपले शिला वा ढुङ्गामा प्रतिस्थापन गरिएको हुन्छ । त्यस ढुङ्गा विशेषलाई साख्खेवा वा चारी लुङ्ग भनिन्छ । 'सा+केन+वा' तीन शब्दबाट साकेन्वा शब्द बनेको देखिन्छ । "सा-सायाताली (प्रतिष्ठाको प्रतीक), केन्-बाजा, ढोलभ्याम्टा र वा-पानी...." (बालाखाम्छा, वि.सं. २०४९. पृ. १०) । जसले प्रतिष्ठाको प्रतीक धनुर्वाण भिरेर साङ्गीतिक गतिविधिसँगै जीवनको एक आधार पानीको आह्वान गर्दै मनाइने पूजाको रूपमा बुझ्न सकिन्छ ।

कोयू राई भाषाको सा र केल दुई फरक शब्दहरूबाट साकेल शब्द व्युत्पत्ति भएको पनि मानिन्छ । जसको अर्थ सा भन्नाले सह वा चासुम र केल भन्नाले संरक्षक । यसरी जीविकोपार्जनका लागि गरिएका श्रमबाट गुणात्मक तथा मात्रात्मक वृद्धि भई धनधान्य होस् भनी आध्यात्मिक शक्तिको उपासना नै साकेल हो भन्न सकिन्छ । त्यसैगरी स भन्नाले रुख तथा केल भन्नाले हलचल वा हाँसखेल भएकोले रुखमुनि साङ्गीतिक परिवेशमा मनोरञ्जन गर्दै नाच्नु वा सिली टिप्नु भन्ने अर्थबोध पनि गराउँदछ ।

संयुक्त रूपमा साकेला सिली भनिए पनि साकेला एउटा पूजाविधि हो भने सिली नृत्य तथा अभिनय विधि हो । यसैले साकेलालाई आध्यात्मिक शक्ति, पितृ, माङ, प्रकृतिजस्ता शक्तिसँग जोडेर विश्लेषण गर्नु पर्दछ । सिलीलाई सङ्गीतको प्राविधिकसँगै त्यसको मौलिक तत्त्वहरूबाट विश्लेषण गर्नु पर्ने देखिन्छ ।

### २.३.२. सिलीको अर्थ र परिभाषा

किरात भाषामा सिलीको अर्थ नृत्य तथा अभिनय भन्ने हुन्छ । साङ्गीतिक माहोलमा आध्यात्मिक विधिविधानसहित शक्ति उपासना गर्दै सिली प्रस्तुत गरिन्छ । पितृ र प्रकृति किरात जातिको आराध्यदेव भएकोले यसको शक्तिलाई केन्द्रमा स्थापना गरी मनोकांक्षा प्राप्तिका खातिर पूजा

गर्दै सिली नाचिन्छ । व्यक्तिगत भन्दा पनि सम्पूर्ण जगतको प्राणीहरूको सामूहिक मनोकामनालाई महत्त्वका साथ केन्द्रमा राखेर प्रार्थना गरिन्छ । पर्यावरणमा गुणात्मक र मात्रात्मक बृद्धि होस् । त्यसले उत्पादनमा बृद्धि भई सबैलाई रोग, भोक र शोकबाट मुक्त बनाओस् । विभिन्न पशुपक्षी, किरामिरालाई पनि संरक्षण, आरक्षण होस् । यसरी सबै जाति, प्राणी, पृथ्वी भरी नै सुब्बेफाब्बे होस् भनी कामना गरिने यस नृत्यलाई टोलाखोला, गाउँबस्ती, भाषाभाषी, आदिको विविधताले भिन्न-भिन्नै रूपमा परिभाषित गरिएको पाइन्छ । यद्यपि सिली भन्नाले नृत्य भन्नु नै सही हुन्छ । किरात भाषाको सिली खस नेपाली भाषाको नाच वा नृत्य शब्दको समानार्थी शब्द हो ।

सिलीलाई विभिन्न विद्वानहरूले साकेला सिली दुईवटा शब्दहरूसँगसँगै परिभाषित गरेको पाइन्छ । "साकेन्वा पूजासँगै ढोल झ्याम्टा बजाउँदै र गीत गाउँदै नाचिन्छ, जसलाई लाक वा साकेन्वा लाक भनिन्छ (हतुवाली, वि.सं. २०६४, पृष्ठ ११) । किरातहरूको पवित्र वाद्ययन्त्रहरू ढोल र झ्याम्टाको सुर र तालमा शक्तिसम्बद्ध गायन गर्दै शक्ति प्रतीक साकेन्वा वा साकेलाको पूजामा नाचिने नृत्य भनी वर्णन गरेका छन् । त्यसैगरी "लाक नाच्दा हात-खुट्टा, ढोल झ्याम्टा सबैको ताल मिलाएर नाच्नु पर्छ , जसलाई सिली भनिन्छ , (हतुवाली, पृष्ठ ११, साकेन्वा) । यसरी ढोल झ्याम्टाको सुर तालमा नृत्य गर्नु नै सिली हो । अन्य लोक बाजाहरू जस्तो : मादल, तबला, धिमे, नौमती, आदि तथा आधुनिक बाजाहरू ड्रमसेट, कङ्गो, मृदङ्ग, जस्ता बाजामा नाच्नु सिली होइन । शक्ति प्रतीक साकेन्वा/साकेलाको नाममा विधिविधानसहित नियमबद्ध, चरणबद्ध र सिलसिलाबद्ध सुर, ताल र शैलीमा गरिने विशेष मुन्धुममा आधारित नृत्य शैली मात्र सिली हो । किरात जातिले अन्य प्रयोजनमा गर्ने नृत्यहरू पनि सिली होइनन् भन्ने अर्थबोध हुन्छ ।

मानव उद्विकासका क्रममा मानवले श्रम र सिर्जना दुवै प्रयोग गरी यो अवस्थासम्म आइपुगेको हो । त्यसैगरी सिलीलाई श्रमसौन्दर्य कलासँग पनि जोडेर परिभाषित गरेको पाइन्छ । "नृत्य तथा अभिनय गर्ने श्रमसौन्दर्य कलालाई नै सिली भन्ने गरेको पाइन्छ । (राई, पृ. १३४, साख्खेवा सिली, एक परिचय) । मानवले जीविकोपार्जनका लागि श्रम र सीपको प्रयोगलाई कलात्मकता प्रदान गरी सिली सिर्जना भएको भन्न सकिने धेरै प्रमाणहरू साकेला सिलीको अध्ययन गर्दा थाहा पाउँछौँ । सिकारी युगका श्रमसँग सम्बन्धित सिलीहरू ज्यादाजसो श्रमसँग सम्बन्धित छन् । श्रमलाई पूजनीय ठान्ने यी समुदायले यसैलाई शास्त्रीय रूपमा आदिम कालदेखि परम्परागत ढङ्गले अभ्यास गर्दै आएको देखिन्छ । मौखिक रूपमा एक पुस्ताबाट अर्को

पुस्तामा ज्ञान र सीप पुस्तान्तरण गर्दै आउँदा कतै न कतै परिवर्तित र परिमार्जन त भयो होला तर पनि मूल रूप वा सारमा सिलीले बोकेको गहन अर्थ श्रमसौन्दर्य कला नै मान्न सकिन्छ ।

ससानादेखि ठूल्ठूला अण्डाकार, गोलाकार समूहमा शक्तिप्रतीक सेउलीको वरिपरि ढोल भ्याम्टाको सुर तालमा रिसिया गीत गाउँदै सिलीमोम्मा र सिलीमोप्पाको नेतृत्वमा खुसियालीसाथ नाचिने यस नृत्यलाई "साकेला सिली धर्ती सुम्निमा र आकाश पारुहाङको प्रतीक स्वरूप पितृ पुर्खाको आशिर्वादबाट बल माग्दै प्रकृतिको पूजा साकेला पूजासँगै गोलाकार भएर नाचिने नाच शैली नै साकेला सिली हो । यसमा विभिन्न उत्पत्तिकालदेखिका कथाहरूसँग जोडेर विभिन्न जीवजन्तुहरू र पशुपक्षीहरूको नक्कल गरिँदै नाचिने सिली नै साकेला सिली हो, (राई, अडियो रेकर्ड, २०७९/०३/२०) । यी भनाई बाट के थाहा पाउन सकिन्छ भने साकेला आध्यात्मिक र प्राकृतिक शक्तिको उपासना हो । सिली त्यससँग सम्बन्धित नृत्यकला हो । एक नृत्य शैली जुन मुन्धुममा आधारित रहेको छ । तसर्थ अहिलेको पुस्ताले थप गर्ने कथित नयाँ सिली निर्माण पनि साकेला सिली होइन । त्यो त साकेला सिली माथिको अपमान र सिलीलाई विकृत बनाउने तत्त्व हो । यस्ता नृत्यहरू आधुनिक नृत्य हुन् । सिलीहरूले ऐतिहासिक परम्परा र मौलिकता बोकेको हुन्छ ।

### २.३.३. सिलीका वर्गीकरण

किरात राई जातिमा सिली साकेला संस्कृतिसँग मात्रै सम्बन्धित नभई त्यसभन्दा बढी किरात सांस्कृतिक जन्य कुराहरूम पनि प्रस्तुत गरिन्छ । थर, पाछा, आदिमा विविधता, टोलाखोला अनुसारको फरक प्रचलन जस्ता कुराले गर्दा सिलीहरू विभिन्न किसिमका पाइन्छन् । सबै सिलीहरूलाई समेटेर यसमा पाइने भिन्नता छुट्टाउनु आफैंमा अर्को अनुसन्धान हुने रहेछ । त्यसैले मोटामोटी हिसाबले निम्नानुसार सिलीका प्रकारहरू वर्णन गरिएका छन् ।

#### २.३.३.१. शैलीका आधारमा सिलीहरू

नृत्य तथा अभिनय नै सिली भएको वर्णन परिचय शीर्षकमा गरिसकियो । यसरी अभिनय गर्दा हातहरू प्रमुख र खुट्टाहरू प्रमुख रहने आङ्गिक अभिनय रहन्छन् । यस आधारमा हातले प्रमुख रूपमा गरिने नृत्यलाई हाते शैली भनिन्छ । खुट्टाले पदार्थाभिनय प्रमुख रूपले गरिने नृत्यलाई खुट्टे शैली भनिन्छ । कतै कतै हात र खुट्टा दुवैले अभिनय गरी नृत्य गरेको पनि पाइन्छन् । त्यसैले हाते शैली, खुट्टे शैली र हातेखुट्टे शैली गरी शैलीका आधारमा तीन किसिमका सिलीहरू

भनी व्याख्या गर्न सकिन्छ । चाम्लिङ राई समुदायमा खुट्टे शैलीका सिलीहरू नाच्ने परम्परा रहेको छ ।

### २.३.३.२. सीप र श्रमका आधारमा सिलीहरू

मानिसमा श्रम गर्न सक्ने क्षमता, कल्पना गरी प्रकृतिप्रदत्त वस्तुहरूबाट नवीन कुराको सिर्जना गर्न सक्ने सीप र सधैँ जिज्ञासु गुणहरूका कारण नै अन्य प्राणीहरू भन्दा पृथक भएर यस धरतीमा मात्र नभई मङ्गलग्रहसम्म प्रभुत्व राख्न सफल भयो । युद्धकला र सिकारसँग सम्बन्धित सिलीहरू, कृषि, अन्नबाली तथा वस्त्रसँग सम्बन्धित सिलीहरू, पशुपक्षी तथा जीवजन्तुसँग सम्बन्धित सिलीहरू, जीवनपद्धतिसँग सम्बन्धित सिलीहरू एवं श्रृङ्गार र सौन्दर्यसँग सम्बन्धित सिलीहरू गरी सीप र श्रमका आधारमा ५ किसिमले वर्गीकरण गर्न सकिन्छ । चाम्लिङ राई समुदायसँग सम्बन्धित सिलीहरूमा जीवन दर्शनका विषय सम्बद्ध सिलीहरू रहेको पाइन्छ ।

### २.३.३.३. विकास चरणका आधारमा सिलीहरू

मानवले वरिपरि प्राप्त गर्ने भौतिक तथा अभौतिक वस्तुहरू एकै पटकमा सिर्जना नभई बिस्तारै बिस्तारै समयक्रममा विभिन्न पुस्ताहरूको योगदानबाट निर्माण भएको हो । यसैगरी सिलीहरू पनि विभिन्न चरणमा सिर्जना भएको मानिन्छ । विभिन्न सूचना स्रोतहरूलाई विश्लेषण गर्दा खेरि पनि विभिन्न कालखण्डमा चरणबद्ध रूपले सिलीहरू सिर्जना भएको पत्ता लाग्छ । जङ्गली तथा सिकारी युगका सिलीहरू, कृषि तथा पशुपालन युगका सिलीहरू र आधुनिक युगका सिलीहरू गरी तीन चरणमा सिलीहरू सिर्जना भएको प्रष्ट हुन्छ ।

### २.४.३.४. प्रकृतिका आधारमा सिलीहरू

सामाजिक प्राणी भएकोले मानिसले व्यक्तिगत भन्दा पनि बढी सामूहिक कार्यहरूमा संलग्नता जनाउँदछ । त्यसैले सिलीहरू पनि समाजका विभिन्न स्थानमा एउटा हिस्सा बनेर रहेको हुन्छ । यसका आधारमा सामाजिक कर्मकाण्डीय सिलीहरू, शक्तिपीठ उन्मुख सिलीहरू, होप्माछाम उन्मुख सिलीहरू र साख्खेवा/साकेला सम्बद्ध सिलीहरू गरी चार प्रकारका सिलीहरू रहेका छन् । कतिपय सिलीहरू सेचीसेन्मी प्रदत्त व्यक्ति बाहेक अन्यलाई नाच्न वर्जित गरिएको हुन्छ ।

### २.५.३.५. प्रस्तुत गरिने क्रमका आधारमा सिलीहरू

सिली वा नृत्यकला शारीरिक प्रदर्शित कला भएकोले यसलाई मञ्चन गरिन्छ। यसरी मञ्चन गर्दा प्रस्तुत गरिने विधिसम्मत क्रमबद्ध रहन्छ। यसका आधारमा सुरुवातका सिलीहरू, वालाखा (खोला) भित्र पानीमा टिपिने सिलीहरू, हिमालतिर जाँदा लेकमा टिपिने सिलीहरू, तराईको भेगमा झर्दा टिपिने सिलीहरू र अन्त्यमा घर आँगन, चुल्होमा टिपिने सिलीहरू गरी पाँच प्रकारका सिलीहरू रहेका छन् ।

### २.३.३.६. साकेलासम्बद्ध सिली तथा अन्य सिलीहरू

उँधौली तथा उँभौली वर्षको दुई पटक सम्पन्न गरिने साकेला पूजनसँग सम्बन्धित सिलीहरू र अन्य किरात राई जातिको सांस्कृतिक अवसरमा गरिने सिलीहरूका आधारमा पनि सिलीहरूलाई वर्गीकरण गर्न सकिन्छ। जस्तो कि मृत्यु संस्कारमा गरिने सिलीहरू, घर चिन्ता, नयाँ घर बनाउँदा, आदिमा नाचिने सिलीहरू पनि मुनधुमद्वारा सम्बोधन गरिएका नै हुन्छन् । तर साकेला पूजाको समय नाचिँदैन ।

## २.४. साकेलाका विभिन्न नाम

विभिन्न भाषी थर किरातहरूको विषयमा माथि नै चर्चा गरिसकियो । त्यसैले पितृशक्ति र प्राकृतिक शक्तिलाई पूजा आराधना गर्ने प्रकिया र उद्देश्यमा समानता भए पनि साकेलाको नाम भने थरै पिच्छे भिन्न भिन्न रहेका छन् । फरक भाषा बोल्ने किरात राई समुदायमा साकेलालाई केही निम्न लिखित नामबाट पनि चिनिन्छ ।

कुलुङ राई - दोसी

कोइचा/सुनुवार राई - स्याँदर

कोयु/कोयी राई - साकेल

खालिङ राई - तोष

थुलुङ राई - तोषी

चाम्लिङ राई - साकेला

वान्तवा राई - साकेन्वा/साकेवा

याख्खा राई - चोसोवा

पुमा राई - साकेन्वा

दुमी राई - साखेल

नेवाहाङ राई - साख्खेवा

वाहिङ राई - वाक्सा

साम्पाङ राई - साख्खेवा

## २.५. केही सिलीका नामहरू

खोटेहाङ गाउँपालिका वडा नं. ८ सिम्पानी, खोटाङको कसेरी अवस्थित चाम्लिङ राई जातिले विभिन्न सामाजिक तथा सांस्कृतिक अवसरमा प्रचलित नाच्ने सिलीहरू रहेका छन् । अन्य समुदायमा भन्दा भिन्न, विशिष्ट अर्थ बोकेको, किराती जीवनदर्शनसँग निकट मुन्धुमसँग सम्बन्धित सिलीहरू रहेका छन् । यी सिलीहरू नोछुङले रिसियामा खाइखेली आउने टोलाखोला भूगोललाई समेटेर पाँच भागमा विभाजन गर्न सकिन्छ । ती निम्न किसिमका छन् ।

### २.५.१. सुरुवाती सिलीहरू

मानव जातिको उत्पत्ति, उसलाई आइपरेको अभिभारा, गर्नुपर्ने कर्तव्य, मान्नु पर्ने धर्म संस्कार आदिसँग सम्बन्ध राख्ने सिली नै सुरुवातका सिलीहरू हुन् । त्यसमा क्रमशः सिलीफित्तो, रेखाफित्तो, वोखातिम्मा, सोरुवापा, छिरुवापा, धिरुवापा, वापा, छिल्लाम, चिकालेम्मा, मुम्मा गरी दशवटा सिलीहरू रहेका छन् । यसरी मुन्धुममा नोछुङ एउटा भूगोललाई परिक्रम गर्ने क्रममा सिलीहरूलाई मुन्धुमी बाटो बनाएर यात्रा गर्ने गर्दछन् ।

### २.५.२. उँभो जाँदाको सिलीहरू

रिसियामा फलाक्ने नोछुङका मुन्धुमी यात्रा गर्ने बाटो अनुसार, सिलीहरू पनि धारा कुवा, खोलाखोल्सी, डाँडापाखा, पहाडपर्वत एकपछि अर्को गर्दै क्रमिक रूपले आउने गर्दछ । यात्राको क्रम पहिले उँभोतिर वा लेकतिर जाने भएकोले लेकतिरका भौतिक तथा अभौतिक वस्तुहरूसँग सम्बन्धित सिलीहरू दोस्रो किसिमका रहेका छन् । मुन्धुमी यात्राका क्रममा उँभोतिर यात्रा गर्दा चाप्चा सिली, बेर्पा सिली, लाभे सिली, सायोँ सिली, सालाप्पा सिली, दोमाखोम्मा सिली, नाइम्मा सिली, नाइम्मा पारुधासको सिली, पारुहाङ सिली गरी नौ वटा सिलीहरू रहेका छन् । यसरी उँभोतिर जाँदा सुम्निमा पारुहाङ निवास कैलाशसम्मका सिलीहरू रहेका छन् । यसरी आफू बसेको भूगोलदेखि हिमालय श्रृङ्खलाको धार्मिक हिसाबले महत्त्वपूर्ण शिखर

कैलाशसम्मका मुन्धुमी यात्रा नृत्यको क्रममा एक पछि आर्को सिलीहरू मार्फत प्रस्तुत गरिन्छ ।

### २.५.३. वालाखामा टिपिने सिलीहरू

सिली टिप्ने नृत्य समूह यात्राका क्रममा कैलाश पर्वतबाट तमोर नदी पछ्याउँदै त्रिवेणी घाट वा खुवालुङमा आइपुगेपछि पानी र पानी भित्रका जीवजन्तु तथा अन्यको सिली नाच्ने गर्दछन् । यी सिलीहरूको समूहलाई वालाखामा टिपिने सिलीहरू भनिएको हो । त्यसमा क्रमशः मौवा सिली, तोतिमे सिली, बाजिकावा सिली, चिपुङकावा सिली, रुली सिली, मोबु सिली, ङासेप सिली, नाकिहोँ डिल्लिहो सिली गरी ८ वटा सिलीहरू छन् । मुन्धुमी सिली यात्रा कैलाश पुगेपछि पुनः त्यहीँबाट उत्पत्ति भएको हिमनदी, ताल, नदीनाला हुँदै हिमाल, पहाड, तराईतिर झर्ने गर्दछन् । यस सिलसिलाका सिलीहरू चाम्लिङ राई समुदायमा अहिले बिर्सिसकेको पत्ता लाग्छ तर पनि नोछुङहरूले यी सिलीहरू यद्यपि नाच्ने गरिरहेका छन् ।

### २.५.४. बैँसीमा टिपिने सिलीहरू

मुन्धुमी यात्रारत सिली नाच्ने समूह सिली टिप्दै खुवालुङबाट तराईको चारकोशे झाडीमा आइपुग्छन् । त्यस भूगोलसँग सम्बन्ध राख्ने जीवजन्तु र वस्तुहरूको सिली सिलसिलेवार तरिकाले नाच्दछन् । त्यसमा क्रमशः विब्लोती सिली, पिरा सिली, हेदी सिली, रोँवो सिली, चाप्चा सिली, बेर्पा सिली, तावा सिली, तुवाँ सिली, बोखेरा सिली, ताङवा हिकुवा सिली, साइमा वुखो सिली, रोखामा सिली, मोबोरी सिली गरी १३ वटा सिली नाच्दै यात्रा गर्दछन् । यसरी मुन्धुम सम्मत सिलीहरू मार्फत हिमाल, पहाड, तराईको यात्रा पछि पुनः आफू बसेको टोलाखोलासँग सम्बन्धित मुन्धुमी सिलीहरू नाच्दछन् । घर, आँगन र सुतुलुङमा खोचेलिप्पा सिली, तोयामाखियामा सिली नाच्दछन् । घरभित्र मोछमा सिली नाच्दछन् ।

### २.५.५. अन्त्यमा गर्ने सिलीहरू

जहाँबाट यात्रा सुरुवात गरेको थियो, विभिन्न स्थानमा खेल्दै पुनः सोही स्थानमा आएर सिली समाप्त गरिन्छ। यसरी सिलीको परिक्रमा चुल्होबाट सुरु भएर चुल्होमा नै आएर समाप्त हुन्छ । त्यसरी घर आँगनमा आइपुगेपछि यात्रारत सिलीकर्ता समूहले - होँछा सिली, खोचेलिप्पा सिली, तोयामाखियामा सिली, वाखिमातिक्मा सिली, वापा सिली, वाहिलोमा सिली, मोछामा सिली, बोखतिम्मा सिली, रेखाफित्तो सिली, सिलीफित्तो सिली गरी १० वटा सिलीहरू टिपेर विसर्जन गर्ने गर्दछन् ।


पुर्खाहरूले सिर्जना गरेका मुन्धुम सम्बन्धित मौलिक सिलीहरू अहिलेसम्म जम्माजम्मी ४० - ५० वटा सिलीहरू बाँचिराखेका सिलीका जानकारहरूबाट पत्ता लाग्दछ । उपरोक्त ५ प्रकारका सिलीहरू जानकारहरूका अनुसार प्रयोगमा छन् । ती सिलीहरूमध्ये केही सिलीका उम्जोडी सिलीहरू पनि छन् । तर धेरैवटा सिलीहरू लोप भएर गइसकेका छन् । त्यसको परिपूर्ति अब कुनै पुस्ताले पनि गर्न सक्ने छैन । अमूर्त संस्कृतिको सबैभन्दा नकारात्मक पक्ष भनेकै लोप भइसकेपछि कुनै पनि विज्ञानले पुनरुत्थान गर्न नसक्नु नै हो । जति बाँचेका छन् - त्यसको संरक्षण, प्रवर्द्धन गर्न जरुरी भइसकेको छ ।

# अध्याय - तीन

# लोक नृत्यकलाको तत्त्व, विधि र मान्यता

## ३.१. विषय प्रवेश

निश्चित भौगोलिक सीमाक्षेत्रभित्र बसोबास गर्ने मानव समूहलाई लोक भनिन्छ । यसभित्र भिन्न-भिन्न जातजातिहरू वर्षौंदेखि स्थायी रूपमा बसोबास गरेका हुन्छन् । यिनै समुदायहरूको निश्चित भूगोल मात्रै नभएर आफ्नो भन्ने सामूहिक भावना हुन्छ । सम्पूर्ण क्रियाकलापहरूमा एकरूपता पनि हुन्छ । सदियौं पहिले देखि अपनाएका रीतिरिवाजहरू हुन्छन् । यस्ता समुदायको आफ्नै लोकाचार, विचार, रूढी, प्रथा, धर्म, धार्मिक कृत्य, कानुन, मूल्य मान्यता, विश्वास, परम्परा, भाषा, लिपि, आदि हुन्छन् । संस्कार तथा संस्कृति एक समुदायको भन्दा अर्को समुदायको निश्चित रूपमा केही पृथक हुने गर्दछ । एउटा समुदायको खानपान, भेषभूषा, भाषा, कला, सीप, शिल्प, ज्ञानहरू अवश्य नै अर्को समुदाय भन्दा विशिष्ट किसिमको हुने गर्दछ । प्रत्येक समुदायको सांस्कृतिक क्रियाहरूमा प्रस्तुत गरिने नृत्यकलालाई लोक नृत्यकला भनिन्छ । लोक नृत्यकलामा पनि भिन्न-भिन्न समुदायले आ-आफ्नै परम्परा-विश्वासका आधारमा निरन्तरता दिएर पुस्तान्तरण गरिरहेका हुन्छन् । लोक नृत्यकलाको उद्भव, विकास, विस्तार एवं उद्देश्यहरूमा पनि निश्चित रूपमा फरक विशिष्टता रहेको हुन्छ । यस्ता कलाको सुरुवात के-कसरी, कहिले र किन कसले गऱ्यो भन्ने विषयमा सामूहिक धारणा, मान्यता र विश्वास रहेको हुन्छ । यसरी एक समुदायको नृत्यकला र अर्को समुदायको नृत्यकला बिच भिन्न विशिष्टता प्रदान गर्ने अवयवहरूको विश्लेषण गर्नका लागि लोक नृत्यकलाको तत्त्वहरूलाई खोजी गर्नु पर्दछ । शारीरिक कलाको रूप वा बाह्य पक्ष तथा भाव वा आन्तरिक पक्षको विवेचना व्याख्याबाट स्पष्ट हुने देखिन्छ ।




नृत्य कलाको स्थूल संरचना रूप पक्ष हो । जसलाई हेरेर, छोएर यस्तो रहेछ भनी बुझ्न सक्छौं । त्यसबारे जानकारी प्राप्त गर्दछौं । नृत्यकलाको बाह्य पक्षले प्रत्यक्ष रूपमा एक अर्काबिच भिन्न प्रकृतिको भएको स्पष्ट पार्दछ ।

नृत्यकलाको आन्तरिक पक्ष भन्नाले त्यसले अभिव्यक्त गर्न खोजेको वैचारिक, दार्शनिक एवं सांस्कृतिक पक्षहरू हुन् । जुन चिज बाह्य पक्षसँग प्रत्यक्ष सम्बन्ध भएको हुन पनि सक्छ वा नहुन पनि सक्दछ ।

## ३.२. नृत्यकलाको तत्त्वहरू

नृत्यकला शारीरिक प्रस्तुतिमार्फत सम्पादन गरिन्छ । यसर्थ यो एक विशिष्ट शारीरिक कला विधा हो । हाम्रो शरीरका सम्पूर्ण अङ्गहरू नृत्यकलाका आधारभूत सामग्रीहरू हुन् । यही सम्पूर्ण अङ्गहरूको उपयोग गरी मनभित्र उब्जिएका विचार, भावना र कल्पनालाई अभिव्यक्त गरिन्छ । शारीरिक अङ्गहरूको समुचित सञ्चालन बिना नृत्यकलाको कल्पना पनि गर्न सकिँदैन । माध्यमका हिसाबले श्रव्य दृश्य दुवै कला हो । प्रत्यक्ष प्रस्तुति यस कलाको महत्त्वपूर्ण पक्ष रहेको हुन्छ । स्वयम् नृत्य गर्ने कर्ता बिना वा कलाकारको उपस्थिति बिना उसको नृत्य व्युत्पन्न सम्पन्न, श्रवण र देख्न सकिँदैन ।

शरीरका विभिन्न अङ्गहरू नृत्य शास्त्रका आधारभूत वर्णहरू हुन् । शरीरका चाल, अङ्ग सञ्चालन नृत्य विषयका पदावलीहरू हुन् । यसरी अङ्गहरूबाट सिर्जना गरिने नृत्यकला एक हिसाबले आङ्गिक कविता हो । शारीरिक आख्यान हो । अङ्गहरूको काव्य हो । शरीरबाट सृष्टि गरिने विशेष काव्य नृत्यकलालाई मुख्यतः नृत्यका प्राविधिक र साङ्गीतिक गरी दुई भागमा विभाजन गरी बुझ्नु पर्ने देखिन्छ । त्यसै गरी प्रयोगात्मक विषय भएकोले सैद्धान्तिक र प्रयोगात्मक गरी दुई खण्डमा अध्ययन गर्न पनि सकिन्छ ।

### ३.२.१. नृत्यकलाको प्राविधिक र साङ्गीतिक पक्ष

शरीरका विभिन्न भागहरूको स्थिर र सञ्चालन गर्ने तौरतरिका नै नृत्यकलाको प्राविधिक पक्ष हो । शीरदेखि पाउसम्मका अङ्गहरूलाई सञ्चालन गर्ने विधि, त्यसबाट निष्पन्न हुने ढाँचा, बनावट र त्यसले सम्प्रेषण गर्ने अर्थ, आदिलाई नृत्यकलाको प्राविधिक पक्ष भनेर बुझ्न सकिन्छ । मानौँ, कुनै नृत्यकलामा उभिने शैली, हिँड्ने खुट्टाको चाल, सञ्चालन गरिने हात, उफ्रिने, बस्ने, घुम्ने तरिका, आदि त्यस नृत्यकलाका विशुद्ध प्राविधिक पक्ष हुन् । यस्ता प्राविधिक कुराहरू प्रत्येक लोकनृत्यहरूमा आ-आफ्नै किसिमका छुट्टाछुट्टै हुने गर्दछ ।

कुनै पनि नृत्य कि गीतमा कि वाद्यवादनमा आधारित हुन्छ । त्यसैले गीत र वादनमा प्रयोग गरिने वाद्य यन्त्रहरू, वादन गर्ने कायदा, निर्माण गर्ने विधि, प्रविधि, त्यसबाट सिर्जित बोलवर्ण, ताल, मात्रा, लय, धुन, छन्द, भाका जस्ता विभिन्न कुराले एक गीत वादन र अर्को गीत

वादनबिच बेग्लाबेग्लै बनाउदछ । यसर्थ नृत्यकलाको साङ्गीतिक पक्षको जानकारी हुनु अत्यन्तै आवश्यक हुने गर्दछ । मानौँ उपत्यकामा नेवारी समुदायले वादन गर्ने धिमे ताल बाजाको लय र तालमा किरात राई जातिले नाच्ने साकेला सिली नृत्य गर्न सकिँदैन । तर पनि धिमे नृत्यमा बजाउने धिमे र किरात राई जातिको साकेला सिली नृत्यमा बजाउने ढोल दुवै एकै प्रकृतिको तालबाजा हो ।

## ३.३. नृत्यकलाको रूप पक्षको अवयवहरूको चर्चा

बाहिर आवरणमा प्रष्टसँग देखिने स्थूल वस्तु नै त्यसको रूप हो । यस्ता रूपहरू पनि विभिन्न स-साना कुराहरूबाट निर्मित हुन्छ । यसरी नृत्यकलाको रूपपक्ष वा बाह्य पक्षलाई विग्रह गरी विश्लेषण गर्दा मुख्यतः चारवटा तत्त्वहरूबाट बनेको प्रष्ट हुन्छ ।

प्रथमतः शारीरिक अङ्गहरूबाट रूप पक्ष व्युत्पत्ति हुन्छ । शरीरका माध्यमबाट रूप पक्ष बन्ने भएकोले शरीरका विभिन्न भागलाई चर्चा गर्नु आवश्यक देखिन्छ ।

क) अङ्ग

हाम्रो शरीरका शिर, दुवै हात, छाती, कम्मर, दुवै गोडाहरू प्रमुख अङ्गहरू हुन् ।

ख) प्रत्यङ्ग

अङ्गहरूभित्रका महत्त्वपूर्ण सहायक अङ्गहरू प्रत्यङ्ग हुन् । हाम्रो शरीरका दुवै काँध, दुवै पाखुरा, पिठ्युँ, पेट, दुवै जाँघ, दुवै नाडी, कुहिना, घुँडा, घाँटीलाई प्रत्यङ्ग भनिन्छ ।

ग) उपाङ्ग

प्रत्यङ्गहरूभित्रका अन्य सहायक स-साना अङ्गहरू उपाङ्ग हुन् । हाम्रो शरीरका दुवै आँखा, आँखी भौँ, दुवै गाला, नाक, चिउँडो, ओठ, दाँत, जिब्रो, मुख, निधार, आदि उपाङ्गहरू हुन् ।

घ) शोभाङ्ग

जुन अङ्गहरूले नृत्यकलामा अलङ्कारका कार्य गर्दछन् त्यस्ता अङ्गहरू शोभाङ्ग हुन् । हाम्रो शरीरका नङहरू, कानका लोतीहरू, गाजल लगाउने आँखाको कोशहरू, नाकका पोहोराहरू, आदिलाई शोभाङ्ग भनिन्छ ।

नृत्यकलाको बाह्य स्वरूपलाई सम्पादन गर्ने महत्त्वपूर्ण साधनमध्ये शारीरिक अङ्ग पहिलो अवयव हो ।

यसैगरी गायन वा वाचिक पक्षबाट पनि नृत्यकलाको रूपपक्ष व्युत्पन्न हुन्छ । वाद्ययन्त्रका बोलवर्णहरू, गीत, व्याकरण, छन्द, सुर, ध्वनि, थेगो, टुक्का, जस्ता सामग्री प्रत्यक्ष रूपले सुन्न सक्दछौँ । यी पनि नृत्यकलाको रूपपक्षका अवयवहरूमध्ये दोस्रो महत्त्वपूर्ण अवयव हो ।

नृत्यकलाको रूप पक्षका तेस्रो अवयवका रूपमा आभूषण, वस्त्र, आदिलाई मानिन्छ । नृत्य सञ्चालन गर्दा मञ्चमा बनाइएका नृत्यसँग सम्बन्धित आकृतिहरू, प्रतिमाहरू, केश विन्यास, वस्त्राभूषण, अङ्गरचना वा रूपसज्जा, मञ्चमा प्रयोग गरिने जीवजन्तु, आदि पनि महत्त्वपूर्ण बाह्य अवयवमध्ये एक हो ।

अन्तःमा सात्विक अवयव पनि नृत्यकलाको बाह्य स्वरूप नै हो । भाव प्रदर्शन, रस निष्पन्न नृत्यकलाको अन्तिम महत्त्वपूर्ण सामग्री हो । पूर्वीय साहित्यशास्त्रहरूमा नौ वटा भाव तथा नौ वटा रसको वर्णन व्यापक गरिएको छ ।

## ३.४. लोक नृत्यकलाको भाव पक्षको चर्चा

स्थूल वस्तुहरूको आ-आफ्नो पृष्ठभूमि रहेको हुन्छ । त्यसको ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक, दार्शनिक पक्षहरू स्थूल वस्तुहरूको स्वरूपसँग अन्तरघुलित भएर रहेको हुन्छ । नृत्यकलाको आन्तरिक वा भाव पक्ष भनिन्छ । भाव पक्षले एउटा नृत्यकला र अर्को नृत्यकलाबिच भिन्नता बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## ३.५. लोक नृत्यका मान्यताहरू

विशुद्ध मनोरञ्जन लिन मात्रै नभई विभिन्न उद्देश्यले लोकनृत्यहरूको सिर्जना गरिएको हुन्छ । प्रथमतः मानवीय चेतनाले सिर्जित ललितकला मध्ये नृत्यकला उत्कृष्ट कला हो । विभिन्न उद्देश्य पूर्तिहरू मध्ये अत्यन्तै पछिको कुरा हो मनोरञ्जन भन्ने कुरा चाहिँ । यसका विधिविधान, भेषभूषा, साजसज्जा, प्रस्तुतीकरण, स्वरूप आदि तत्त्वहरूले खास लोकनृत्यको उद्देश्य स्पष्ट पार्दछ । मानव जातिले आफ्नो जातिको विकासक्रमसँगै जीवन पद्धतिको रूपमा अङ्गालेको लोकनृत्य सिकारी युगदेखि नै सुरुवात भएको नृत्यशास्त्रीहरूको निष्कर्ष छ । त्यस्ता नृत्यहरूको उत्पत्ति प्रायः श्रम सौन्दर्यसँग जोडिएको मान्यता धेरै समाज शास्त्रीहरूको छ । जङ्गली अवस्थामा सिकारीहरूको झुण्ड सिकार पक्रिन सफल भएको खुसीयालीमा होस् या सिकार कसरी सम्पन्न गर्ने पूर्व अभ्यास होस् । नृत्यबाट नै अभिव्यक्त गर्दथे । कथ्य भाषा, चित्र, लिपि भन्दा अगाडि देखि नै मानवले हावभाव, इशाराबाट आफ्नो विचार सम्प्रेषण गर्दथे । यसर्थ

अभिव्यक्ति तथा सम्प्रेषणको सर्वप्राचीन माध्यम नै नृत्य हो । त्यसपछि मात्र अन्य कुराको आविष्कार भएको हो ।

# अध्याय - चार

# चाम्लिङ राई जातिको विवाह संस्कारमा नाचिने सिलीहरू

## ४.१. विवाहको अर्थ

विवाह शब्दले विशेष प्रकारले बहन गर्नु भन्ने बुझाउँदछ। भिन्न भिन्नै स्त्री र पुरुषले पारिवारिक जीवनमा प्रवेश गरी जीवनको सबै आवश्यकताहरू वहन गर्नु, जिम्मा लिनु विवाह हो। पुरुषले स्त्रीको समग्र जीवनका भारहरू उठाउँदै आफ्नो अर्धाङ्गिनीको रूपमा स्वीकार गरी सहधर्म, सहकर्म र सहव्यवहार मार्फत ब्रह्म प्राप्त विवाहको प्रमुख उद्देश्य हो। यो पारिवारिक संस्कार मात्रै नभई सामाजिक र प्राकृतिक संस्कार पनि हो। स्त्री र पुरुषको शारीरिक सम्बन्ध भन्दा माथि आत्मीय सम्बन्ध पनि हो। विवाह संस्थाले नै परिवार, समाज, घर जस्तो सामाजिक संस्थाहरू दियो। यसको परिणाम स्वरूप मानव जीवनमा विभिन्न कर्म, कर्तव्य, जिम्मेवारी, अनुशासनको अवधारणाको उदय भयो। यसले गर्दा शिक्षा, अर्थ, धर्म, कला, संस्कृति, ज्ञान-विज्ञान, प्रविधि, आदिको विकास भयो।

मानव जातिको मात्रै नभएर सम्पूर्ण जीव-जगतको सृष्टि सिर्जनाको आधार नै विवाह हो। प्रत्येक सजीव प्राणीहरूको समस्त सृष्टिक्रमलाई एक पुस्ताबाट अर्को पुस्तामा निरन्तरता प्रदान पनि विवाहले गर्दा नै सम्भव छ। यसर्थ विवाह संस्कार मानव जातिको उदयसँगसँगै सुरुवात भएको हो। सम्पूर्ण सृष्टिको प्रमुख आधार विवाहलाई हिन्दू आचार शास्त्रहरू अनुसार १६ संस्कारहरूमध्ये एक महत्त्वपूर्ण संस्कारका रूपमा लिइएको छ। यस जगतमा सम्पूर्ण जीवधारीको उद्भाव स्त्रीत्व र पुरुषत्व दुई अलग पदार्थको समागमबाट मात्रै सम्भव छ। त्यसैले विवाह शारीरिक सम्बन्ध मात्रै नभएर आत्मीय सम्बन्ध, सिर्जना, समर्पण र त्याग पनि हो। धर्म शास्त्रहरूमा अविवाहित स्त्री र पुरुष दुवैलाई अर्धअङ्ग वा अपूर्णताको रूपमा वर्णन गरिएको छ। भिन्न-भिन्न स्त्री र पुरुषलाई विवाह संस्कारले मात्रै पूर्णाङ्ग बनाउँछ। पूर्णाङ्गी भई सन्तानोत्पत्ति गरी यस जीवनमा आइपरेका पितृऋण, ऋषिऋण र देवऋण (तीन ऋणहरू)बाट उन्मुक्ति लिई मोक्षप्राप्ति गर्नु रहेको छ। यसरी विवाहको पारलौकिक जीवनसँग पनि सम्बन्ध रहेको धर्मशास्त्रहरूमा बताइएको छ। संक्षेपमा भन्नु पर्दा विवाह संस्कार पशुरूपी जीवनबाट मानव, त्रिऋणमोचन उपाय, सृष्टिको सिर्जना, विस्तार तथा निरन्तरता साथै मानवको आन्तरिक विचारलाई प्रवृत्तिमार्गबाट निवृत्तिमार्गतिर अग्रसर गराउने अत्यन्तै महत्त्वपूर्ण संस्कार हो। यसरी विवाह संस्कार लौकिक र पारलौकिक, आध्यात्मिक जीवन दर्शनसँग सम्बद्ध छ।

विश्वभरि विभिन्न जातजातिहरूमा आ-आफ्नो सामाजिक, धार्मिक तथा राजनैतिक विधि विधान अनुसार विवाह संस्कार गरिन्छ । आफ्नै किसिमको रीति, थिति, प्रथा, मूल्यमान्यता र चलनचल्ती अनुसार भव्य उत्सव गरी उल्लासमय वातावरणमा विवाह संस्कार सम्पन्न गर्ने गर्दछन् ।

### ४.१.१. विवाहका प्रकार

विश्वमा विभिन्न जातजातिहरूले आ-आफ्नो चलनचल्ती अनुसार विवाह संस्कार सम्पन्न गर्दछन् । समाजशास्त्रीहरूको अनुसार मानव सभ्यताका सुरुवातमाचाहिँ मानव जातिमा पनि पशुसमान यौन स्वच्छन्दता थियो । कालक्रमसँगै विवाह एक सामाजिक संस्थाका रूपमा विकास भएर आजसम्म आइपुगेको छ । तर मानव समाज अझै विकसित र जटिल बन्दै गइरहेको छ । त्यसैले विवाहका स्वरूप, उद्देश्य र प्रकारहरू पनि भिन्न भिन्न हुँदै गइरहेको छ । पूर्वीय चिन्तक तथा स्मृतिकारहरूले देश, काल र समाज अनुसार विवाहका किसिमहरूको वर्णन गरेका छन् । "मनुले आठ प्रकारका विवाह विधि बताएका छन् । ती हुन् : (क) ब्रह्मा, (ख) दैव, (ग) आर्ष, (घ) प्राजापत्य, (ङ) आसुर, (च) गान्धर्व, (छ) राक्षस, (ज) पैशाच ।" (पन्थी, वि.सं. २०७४, पृ १२८) त्यसै गरी समाजशास्त्रीहरूले विवाहलाई दुई प्रकारले विभाजन गरेका छन् । ती हुन् : (क) एक विवाह र (ख) बहुविवाह । यसै गरी बहुविवाहमा पनि (१) बहुपत्नी विवाह (२) बहुपति विवाह (३) द्विपत्नी विवाह र (४) समूह विवाह गरी चार उपप्रकारमा विभाजित गरेका छन् ।

### ४.१.२. किरात समुदायको विवाह संस्कार

आफ्नो मुन्दुम दर्शनद्वारा सम्पादित विभिन्न संस्कारहरूमध्ये किरात राई समुदायले किराती प्रचलन, रीति अनुसार विवाह गर्ने गर्दछन् । यस समुदायभित्र पनि विभिन्न थर, पाछा (थर), सामेइत/सामैत (उपथर)हरू रहेका छन् तर पनि किरात विवाह संस्कारमा खासै भिन्नता छैन । किरात समुदायमा विवाहलाई निम्न लिखित अनुसार विभाजन गर्न सकिन्छ ।

(१) डाङमा टाट्मा (केटाकेटी राजीखुसी मिलेर गर्ने विवाह)

(२) सोम्मा टाट्मा (केटीलाई फकाएर मनाई गर्ने विवाह)

(३) डोट्मा टाट्मा (आ-आफ्नो अभिभावकबाट कुरा चलाएर/रीतअनुसार मागेर गरिने विवाह) र

(४) साट्मा टाट्मा (केटीको मञ्जुरीबिना तानेर वा चोरेर गरिने विवाह)

यसरी जबरजस्ती तानेर गरिने विवाहलाई कानुनतः अपराध मानिने भएकोले हाल त्यस्तो चलन हटेको छ । जारी गरेर विवाह गरिने चलन पनि थियो, हाल यस्तो प्रकारका विवाहको पनि चलन छैन । किरात राई जातिमा अन्तरजातीय विवाह, हाडनातामा विवाहलाई सामाजिक अपराध मानिन्छ । यस्तो अवस्थामा भात पानी काढ्ने, अछुतलाई जस्तै व्यवहार गरी बहिष्कार गर्ने तथा अन्य किसिमले दण्डित गर्ने गरिन्छ ।

चाम्लिङ राई भाषामा विवाहलाई रुङ्रीकाम्मा भनिन्छ । अन्य समुदायहरूमा जस्तै चाम्लिङ राईको रुङरीकाम्मामा पनि अभिभावकको ठूलो भूमिका रहन्छ । विवाह भव्य तामझामसाथ पनि गर्न सकिन्छ । सानो विवाह वाग्दाता बोलेर पनि गर्न सकिन्छ ।

## ४.२. सिम्पानी गाउँको परिचय

हालको राजनीतिक विभाजनानुसार प्रदेश नं. एक अन्तर्गत खोटाङ जिल्लाको खोटेहाङ गाउँपालिका वडा नं. ८ मा सिम्पानी गाउँ पर्दछ । खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट करिब ९५ कि.मि.को दुरीमा रहेको यस गाउँपालिकामा ९ वटा वडाहरू लिकुवापोखरी - १, वाप्लुखा - २, सावाकटहरे - ३, बडका दियाले - ४, चिप्रङ्ग - ५, इन्द्रेणीपोखरी - ६, खोटाङबजार - ७, सिम्पानी - ८ र लिच्किराम्चे - ९ हुन् । यस गाउँपालिकाको क्षेत्रफल १६४.०९ वर्ग किलोमिटर रहेको छ । दक्षिणमा जन्तेढुङ्गा र बराहापोखरी, उत्तरमा दिप्रुङ्ग र साकेला गाउँपालिका, पूर्वमा भोजपुरको रामप्रसाद, टेम्केमैथुम गाउँपालिका तथा पश्चिममा उदयपुरको रौतामाई गाउँपालिकाले घेरिएको खोटेहाङ गाउँपालिकाको कार्यपालिका कार्यालय वडा नं. ७ खोटाङ बजारमा छ । किरात राई जातिको बाक्लो बस्ती भएको यस ठाउँमा ब्राह्मण, क्षेत्री, तामाङ्ग, गुरुङ्ग, नेवार, कामी, दमाई, सार्की, मगर, थामी, आदि जातजातिको पनि बसोबास रहेको छ । यही गाउँपालिकाको वडा नं. ८ सिम्पानीमा याहोँछा चाम्लिङ राईहरू बसोबास गर्दछन् । "नाकिहोका सन्तानहरू पिरिजोरि देखि रभैया, टिकामा, नाम्दावा हुँदै अहिलेसम्मको पुस्ता सिम्पानीको कसेरी गाउँमा याहोँछा चाम्लिङ राईहरूको बाह्रौं/तेह्रौं पुस्ता चलिरहेको छ ।" (राई, पृष्ठ २९, *याहोँछा चाम्लिङ राई जातिको साकेला संस्कृति र यसमा प्रयुक्त बाजा तथा सिलीहरू*) । सिम्पानीका यही कसेरीमा वर्षौंदेखि बसोबास गर्दै आएका करिब ७० घरधुरी याहोँछा चाम्लिङ राई जातिले विवाह संस्कारमा साकेला सिली

नाच्दछन् । यस शोधमा त्यसभित्रका पनि बातोँमा नाचिने सिलीहरू मात्रै अध्ययन गरिएको छ ।

## ४.३. चाम्लिङ राई (रोदूङ)को चिनारी

किरात राष्ट्रियता भएका विभिन्न जातिहरूमध्ये चाम्लिङ राई पनि एक हो । किरात राई शाखाहरूमध्ये चमालु (चालिम) हाङका सन्तानहरू नै चाम्लिङ राई हुन् भन्ने किंवदन्ती रहेको छ । यिनीहरूको आफ्नो स्वतन्त्र भाषा, संस्कार र संस्कृति रहेको छ । यिनीहरू रोदूङ हुन् । रोदूङ (चाम्लिङ) राईको उद्गम थलो खोटाङ जिल्लाको हाल तुवाचुङ जायाजुमलाई मानिन्छ । छोरालाई रोदूङछा र छोरीलाई रोदूङमा पुकारिने यी जातिभित्र करिब ५१ भन्दा बढी सामै/सामेइत (उपथर)हरू रहेका छन् । रोदूङभित्र लगभग ६ सय जाति पाछाहरू रहेको छ । एउटा सामै/सामेइतमा १५ भन्दा बढी पाछाहरू रहेको छ ।

रोदूङ (चाम्लिङ) राई जाति पितृपूजक, प्रकृतिपूजक तथा मुन्धुम धर्म-दर्शनमा आस्था गर्छन् । आफ्नै जातिको नुछुङ/नोक्छुङद्वारा सामाजिक, सांस्कृतिक तथा धार्मिक व्यवहार सम्पादन गर्दछन् । तुवाचुङ जायाजुमबाट फैलिएका चाम्लिङ राई (रोदूङ)हरू हाल नेपालका २५ जिल्लाहरूमा बसोबास गर्दै आएका छन् । यी बाहेक भारत, हङकङ, बेलायत, अमेरिका, बर्मा, आदि देशहरूमा पनि फैलिएका छन् । चाम्लिङ-राई जातिले आफ्नो मातृभाषालाई इला भन्दछन् । करिब ३ लाख जति जनसङ्ख्या भएको रोदूङ (चाम्लिङ) राई जातिमध्ये हाल करिब १ लाख ५० हजार जतिले इला बोल्दछन् ।

आदिम मौलिक सांस्कृतिक प्रचलन अनुसार भूमिपूजा वर्षको दुई पटक - उधौली र उभौली साकेला (धिरिनाम र छिरिनाम साकेला) पूजा प्रमुख पर्व हो । त्यसका अलावा चाम्लिङ (रोदूङ) राई जातिले छा तुर्मा, नुङ वैमा, रोँ खैँ चाइमा, रूङरिसा, वाइको, हुल्लुङ खुइमा/धिरिनाम, छिरिनाम (उधौली), उम्धीथ्याम, मृत्यु संस्कार, साम्खा/छौवा, आदि जस्ता संस्कारजन्य कार्यहरू विधिपूर्वक सम्पन्न गर्दछन् ।

भूमि नै मानव लगायत समस्त प्राणीको सृष्टिकर्ता र जीवनदाता हो भन्ने चिम्लिङ (रोदूङ) पुर्खाहरूको ठम्याइ छ । यसर्थ भूमि प्रतिको श्रद्धा, भक्ति र विश्वास हरेक संस्कारमा जोडिएको छ । आफूभन्दा अग्रज र पितृको पनि यस जातिले अति नै श्रद्धाका साथ लिने गर्दछन् ।

## ४.४. वाग्दत्ता दिने रीत

किरात राई जातिको विवाहमा चार कलम रीतभात ज्यादै महत्त्वपूर्ण हुन्छ । छोरी जन्म दिने रीत, वातुङ वा दरदाजु-भाइको रीत दूध मामामावलीको रीत र दश थुमको समाजको रीत । यी चार कलम रीत बुझाएर कुटुम्ब (बेहुला)को शारीरिक र मानसिक परीक्षण गरिन्छ । यस समुदायको विवाहमा अभिभावकको ठूलो भूमिका रहन्छ ।

यस जातिको तीन चुल्हो आध्यात्मिक केन्द्रस्थल हो । तीन चुल्होमा वाग्दाता बोलीसकेपछि वधू/चेलीको पाछा, सामै/सामेइत माइतीको नभई वर/बेहुलाको पाछा, सामै/सामेइतमा बदलिएको मानिन्छ । सामाजिक-सांस्कृतिक रूपमा वधूको चुल्हो स्थानान्तरण मुन्धुमसम्मत रिसिया गाउँदै नोछुङ, पासुङ, तोकाया, कोम्पीहरूले वाग्दत्ता रीत बोल्ने गर्दछन् । यसलाई चुल्होबाट निकाल्ने, जुठो सार्ने, छिनोफानो, फार्से दिने, एकवचन दिने, आदि पनि भनिन्छ ।

वाग्दत्ता बोल्दा बुलुखुमलाई चाँदीको ढक्काले हिर्काउँदै रिसिया गाउँदै-हाम्रो फलानो पाछा, फलानो सामै/सामेइतको कुटुम्बलाई जिम्मा लगायौँ भनेर बक्साइन्छ । बुलुखुम भनेको दूधकाँसको कचौरो वा बटुको हो । यसलाई साइमुन्द्रो पनि भनिन्छ । नोछुङले भाले काटेर चुल्होलाई भोग दिँदै बुलुखुममा पनि रगतले भोग दिन्छ । यसमा जोर कठुवा - आराखा ( रक्सी) राखिन्छ । यसलाई नयाँ रुमालमा पोको पारिन्छ । टोलाखोलाको रीत अनुसार फरक-फरक भएनि यसको उद्देश्य भने एउटै हो । नुछोङले बुलुखुमको बिटमा चाँदीको ढक्काले हिर्काउँदै रिसिया फलाक्छन् । आफ्नो कलेजीको टुक्रासमान छोरी कुटुम्बलाई जिम्मा दिएको बदलामा आमालाई उक्त बुलुखुम दिइन्छ । बुलुखुम बजाउँदा टङ्गटङ्ग आवाज आउने हुनुपर्दछ । वाग्दत्ता दिँदा किरात जातिमा यही अमुक ध्वनि वा आवाजलाई परम सत्य मानिन्छ । हामी मानव जातिले समय, परिस्थिति, अवस्था हेरी हाम्रो आवाज बदल्छौँ तर बुलुखुमको ध्वनि वा रन्को करोडौँ वर्षदेखि एकै छ । बदलिएको छैन र बदलिने पनि छैन । हामी मानिसले जस्तो यसले ढाँट्दैन भनी हाम्रा पितापुर्खाहरूले अङ्गिकार गरेको सत्यको ध्वनि जहिले त्यसरी नै युगयुगान्तरसम्म सत्य नै रही रहोस भनी यस्तो परम्परा अङ्गालेको पाइन्छ । किरात राई जातिमा विवाह संस्कारमा वाग्दत्ता मुख्य रीत हो । वाग्दत्ता बोली सकेपछि माइती पक्षले आफ्नो चेली कुटुम्बको चुल्हो चौकामा जिम्मा लगाउँछ । यही अवसरमा वातौँ/वातुङमा चाम्लिङ राई समुदायले सिली टिप्दै छोरी बिदाबारी गर्ने परम्परा परापूर्वकालदेखि गर्दै आइरहेको छ ।

**४.४.१. जन्तीलाई बिदाबारी**

पुर्खाहरूले वाग्दत्ता बोली सकेपछि छोरी ज्वाइँलाई टीका लगाइ दिन्छन् । शिर उभ्याउनी एउटा थुन्सेमा तीन पाथी चामल, एउटा छेत्कु साँप्रा, माटोको घ्याम्पोमा जाँड/वासिम, एक चिण्डो, रक्सी, भुटुवा मासु राखेर गाग्रोको मुखमा जालीवाला बोसोले छोपी माइती पक्षले बोक्छन् ।

बाटो लाग्ने यस समयमा माइतीहरू चुल्होदेखि आँगनसम्म सिली टिप्दै निस्कन्छन् । छोरीले घरको सह नलैजाओस भनेर खुर बोक्ने मानिस सँघार बाहिर उभिएपछि बेहुलीको आमाले घरभित्र देखि बाहिरसम्म कुचोले तीन पटक यताउता बढारेर थुन्से वा डालोमा राखी मूल भकारीमा लगेर लगाउँछिन् । आँगनमा निस्किएपछि शिर उभ्याउनी सामग्रीहरूसँगै बेहुला र बेहुलीलाई माइती पक्षले बोकेर बोतो/वातुङसम्म लैजाने गर्दछ । त्यस ठाउँमा शिर उभ्याउँदै सिली नाचिन्छ । माइती पक्ष चेली जिम्मा लगाएर सिली नाच्दै घरसम्म आउँछ र चुल्होमा सिली नाचेर सम्पन्न गर्दछन् । जन्ती पक्षले पनि नृत्यलाई निरन्तरता दिँदै वातोँ/वातुङदेखि बेहुला बेहुली बोकेर सिली टिप्दै जाने गर्दछन् ।

बुहारी भित्र्याउँदा चुल्हो वरिपरि घुमीघुमी सिली नाच्ने परम्परा अझै पनि किरात राई समुदायमा रहेको छ । त्यसैगरी चेलीलाई विवाहदान गरी बाटो लगाई पठाउँदा पनि सिली नै नाचेर बिदाइ गरिन्छ ।

## ४.५. बातोँ : मौलिक परम्परा

चम्लिङ राई जातिमा वाग्दत्ता दिइसकेपछि छोरी ज्वाइँ बोकेर शिर उभ्याउने रीत सहित बातो राखिएको स्थानमा लगिन्छ । वातोँ भन्नाले गाछी घरबाट केही पर जन्ती  फर्कने बाटोमा बनाइएको अस्थायी संरचना हो । जहाँ दश-बाह्र फिटको दुईटा खम्बा गाडेर त्यसमाथि बलो तेर्साइएको हुन्छ । यो खम्बा र बलो भक्किम्लो काठको हुनु पर्दछ । तर आजभोलि बाँस पनि प्रयोग गरिन्छ । बलोमा एउटा ठूलो चोक्टा सुँगुरको मासु बिचमा बाँधिएको हुन्छ । वाँतोमा गुन्द्री राडी बिच्छ्याएर बेहुला बेहुली राखिन्छ । वरिपरि दुवै तर्फको कोम्पीहरू पनि रहन्छन् । शिर उभ्याउनी ल्याएको थुम्सेको तीन पाथी चामल, एउटा छेत्कु साँप्रा, घ्याम्पोको वासिम, एक चिण्डो आराखा, भुटुवा मासु, आदि पनि वातोँमा राखिन्छ । त्यस ल्याएको सामग्री र कुनै पनि चिज माइतीले ग्रहण गर्न मिल्दैन । यी सबै जन्तीलाई जिम्मा लगाइन्छ । वातोलाई आध्यात्मिक शक्तिको केन्द्र मानेर त्यसको वरिपरि वृत्ताकार समूह बनाएर माइती पट्टि र जन्ती पक्ष मिलेर सिलीहरू नाच्दछन् । बाँतोको बलोमा रहेको सुँगुरको मासुको चोक्टा जन्तीले

निकाल्दछन् । त्यसको बदलामा एक मोहोर पैसा त्यहाँ राख्दछ । जन्तीले त्यो बातोलाई नभाँचीकन सर्लक्कै उखेलेर खोचेलिप्पा सिली टिप्दै बेहुला-बेहुली बोकेर वाँतोसँगै खुसीयाली साथ लैजान्छ । त्यसैगरी माइती पक्ष पनि तोयामा खियामा सिली टिप्दै चेली बिदाबारी गरी फर्कन्छन् । घरमा आएर चुल्होमा मोछामा सिली गरी सम्पन्न गर्दछन् । जन्तीले चाहिँ केही दुरीसम्म मात्र खोचेलिप्पा सिली गरी जान्छन् र वातोको त्यस खम्बा/किलो-बलो बाटोमा विसर्जन गरी बेहुली लगेर भित्र्याउँदा पनि सिली टिप्ने गर्दछन् ।

खोटेहाङ गाउँपालिका, वराहपोखरी गाउँपालिका, खोटेहाङका अधिकांश गाउँहरूमा बाक्लो बसोबास भएको चाम्लिङ राई जातिले खुट्टे सिली प्रमुख रूपमा गर्ने गर्दछन् । विवाह संस्कारमा निम्न सिलीहरू नाचिन्छन् ।

## ४.६. सिलीफित्तो प्रथम सिलीको परिचय

किरात राई जातिको मुन्धुम दर्शनमा आधारित सिलीहरूमध्ये सिलीफित्तो पनि एक मुन्धुमजनित सिली हो । यस समुदायको नोक्छुङ, तोकाय, पासुङ, होमे, विजुवा, आदिले फलाक्ने रिसियाहरूमा वर्णन गर्ने जीवन जगतको उत्पत्तिसँग यस सिलीको सम्बन्ध भएको कुरा जानकार पुर्खाहरू बताउँछन् । “सिलीफित्तो भनेको चाहिँ संसारमा मानवहरूको उत्पत्ति भन्ने हुन्छ ।” (राई, भूमिराज, अडियो रेकर्ड, वि.सं. २०७९/०३/२०, सोमबार) । पाषाण कालीन किरात जातिले विकास गरेको सिलीफित्तो सिलीले विभिन्न प्राणीहरूसँगै यस धर्तीमा मानव जातिका उत्पत्ति भएको स्पष्ट गर्दछ ।

किरात जातिले विभिन्न कालखण्डमा सिर्जना गरेका संस्कृतिहरूमध्ये सिली पनि एक हो । सिलीहरूमध्ये पनि सिलीफित्तो सर्वप्राचीन भएको पुर्खाहरूबाट जानकारी हुन्छ । सिलीहरू मुख्यतः तीन चरणहरूमा सिर्जना भएको देखिन्छ । घुमन्ते सिकारी युगमा, कृषि तथा पशुपालन युगमा र आधुनिक युगमा गरी तीन युगहरूमा विभिन्न सिलीहरू सिर्जना गरिएको सिलीका अर्थ, शैली, विधि, महत्त्व, आदिबाट भन्न सकिन्छ । जुन समयमा किराती समुदायले व्यवस्थित रूपमा एकै स्थानमा बसेर जीवनयापन गर्दैनथे, त्यो समयमा जङ्गल-जङ्गल सिकार मारेर जीवनयापन गर्दथे । उक्त समयमा यस सिली नाचिन्थ्यो । त्यसैले किरात जातिको जीवनदर्शनसँग मात्रै नभई अलिखित इतिहासको रूपमा सिलीफित्तो सिलीले ओजपूर्ण स्थान लिएको छ ।

समूहमा अण्डाकार वा गोलाकार बनाएर नाचिने सिलीहरू अक्षभन्दा भित्रपट्टि तथा बाहिरपट्टि नाचिन्छ । पहिलो पल्ट अक्षको भित्र सिली टिपिसकेपछि सोही सिली अक्षको बाहिरपट्टि पनि सिली नाचेर अगाडि बढिन्छ । यसरी एउटा सिलीलाई भित्रपट्टि दुई-दुई पटक र बाहिरपट्टि दुई-दुई पटक गरी जम्मा चारपटक एउटा सिली नाचिन्छ । नृत्य गर्ने समूहको अण्डाकार वा गोलाकार कक्ष घडीको विपरीत दिशाबाट भित्र बाहिर सिली टिप्दै समूहमा अगाडि बढ्छन् ।

### ४.६.१. सिली टिप्नु अगाडिको विशेष चालको टुक्रा ।

नृत्य गर्ने समूहलाई सिलीमोम्मा वा सिलीमोप्पाले नेतृत्व गर्दछन् । सिली टिप्नु भन्दा अगाडि एउटा विशेष किसिमको चालको टुक्रा हुने गर्दछ । नेतृत्वकर्ता सिलीमोपा वा सिलीमोम्माले उक्त चालको टुक्रा गर्ने बित्तिकै नृत्यमा सहभागी नृत्य समूहले सिली टिप्नु (नाच्नु) पर्ने रहेछ भनेर जानकारी हुने गर्दछ । यो चालको टुक्रालाई भित्रपट्टि सिली टिप्दा बाहिरबाट र बाहिर सिली टिप्दा अक्षको भित्रबाट लिने गरिन्छ । यो जुनसुकै सिली टिप्नु अगाडि गरिन्छ । त्यसैले यसलाई सिलीको प्रारम्भ गर्ने नृत्य भन्दा पनि हुन्छ ।

यो विशेष चालको टुक्रा चाहिँ बाह्र मात्राको गन्तीमा गरिन्छ । यसलाई पनि दायाँ खुट्टा र बायाँ खुट्टाबाट सुरुवात गर्ने आफ्नै किसिमको नियम रहेको छ । नृत्य कक्षको भित्रपट्टि सिली टिप्दा बायाँ खुट्टाबाट सुरुवात गरिन्छ । नृत्य कक्षको भित्री भागमा आइपुगेपछि दायाँ खुट्टाले चाललाई मारेर बायाँ खुट्टाले सिली टिपिन्छ । नृत्य कक्षको बाहिरपट्टि सिली टिप्दा दायाँ खुट्टाबाट सुरुवात गरिन्छ । नृत्य कक्षको बाहिरी भागमा आइपुगेपछि बायाँ खुट्टाले चाललाई मारेर दायाँ खुट्टाले सिली सुरु गरिन्छ ।

सर्वप्रथम उदाहरणका लागि भित्रपट्टि सिलीफित्तो सिली गर्नु पर्दा नृत्य समूह नृत्य कक्षको बाहिरी भागमा र भित्री भागमा आउनका लागि निम्न चाल टुक्रा हुन्छ । बायाँ, दायाँ, बायाँ, दायाँ चार कदम बायाँ दिशातर्फ चार मात्राको गन्ती अर्धवृत्ताकार कक्षमा नृत्य गर्दछन् । त्यसपछि आठ मात्राको गन्तीमा दायाँ दिशातर्फबाट वा घडीको विपरीत गतिबाट दायाँतिरको खुट्टाले सुरुवात गरी दायाँतिरबाट नृत्य अक्षबाट नृत्य कक्षको भित्री भागमा आउँछन् । यसमा दायाँ, बायाँ, दायाँ अनि बायाँ खुट्टाको चाल चालिन्छ । अन्तिमा बायाँ खुट्टा उठाएर राखेपछि दायाँ खुट्टाले चाललाई मारिन्छ । त्यस पछि सम्बन्धित सिली टिपिन्छ ।

### ४.६.२. विशेष चालको टुक्राको चाल नमुना मात्रा गन्ती

| मात्रा वा गन्ती | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खुट्टाको चाल | बायाँ | दायाँ | बायाँ | दायाँ | दायाँ | बायाँ | दायाँ | - | बायाँ | - | दायाँ | - |

### ४.६.३. सिलीफित्तो नाच्ने खुट्टाको चाल

विशेष चालको टुक्रा नाचिसकेपछि सोही स्थानबाट सिलीफित्तो नाच्न सुरु गरिन्छ। एक कदम अगाडि बायाँ, दायाँ दुई मात्राको गन्तीमा द्रुत गति/लयमा उफ्रिएर दुई कदम पछाडि गर्दै नाचिन्छ। पछाडिका कदम चाल्दै जाँदा पहिले बायाँ खुट्टा सारिन्छ, उक्त चालमा दायाँ खुट्टा जमिनबाट माथि अगाडितिर र दोस्रोमा दायाँ खुट्टा पछाडि सारिन्छ भने उक्त चालमा बायाँ खुट्टा जमिनबाट माथि अघिल्तिर उठाइन्छ। त्यसपछि माथि उठाएको बायाँ खुट्टा जमिनमा राखेर दुई मात्राको गन्ती क्षणिक विश्राम गरिन्छ। उक्त दिशामा दुई पटक दोहोऱ्याइन्छ। यसरी जम्मा दश मात्राको गन्तीमा सिलीफित्तो सिली नाचिन्छ। यसपछि सोही सिली नृत्य कक्षको बाहिरपट्टि निस्किएर नाचिन्छ। यस सिलीफित्तो नृत्य गर्ने खुट्टाको चाललाई परिशिष्ट पाँचमा राखिएको छ।

यो सिली बायाँ खुट्टाले सुरु गरेर दायाँ खुट्टामा सकिन्छ। त्यसपछि चार मात्रा बायाँतिर सरेर ४५ डिग्री कोण पारी पुनः दायाँ खुट्टाले सिली टिपिन्छ। विशेष चालको टुक्रा दायाँ खुट्टाबाट सुरु गरेर नृत्यकक्ष भन्दा बाहिर आउँछ। विशेष चालको टुक्रा बायाँ खुट्टामा सकिन्छ र दायाँ खुट्टाले भित्री नृत्यकक्षमा गरेकै सिली गरेर एउटा सिली पूर्ण हुन्छ।

### ४.६.४. सिलीफित्तो सिलीको मात्रा गिन्ती र खुट्टाको चाल

| मात्रा गिन्ती | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खुट्टाको चाल | बायाँ | दायाँ | बायाँ | - | दायाँ | - | बायाँ | - | विश्राम | - |

## ४.७. रेखाफित्तो सिलीको परिचय

यस धर्तीमा मानव भएर जन्म लिई सकेपछि विभिन्न आइपरेका अभिभारा वहन गर्नु पर्दछ। यसैले किरात राई जातिमा पनि यस संसारमा मानव भएर जन्म लिए पछि एउटा न एउटा धर्म लिनु पर्ने हुन्छ। कुनै न कुनै संस्कार र भगवान मान्नु पर्ने अभिभारा आइलागेको हुन्छ। रेखाफित्तो सिलीले यही दर्शन बोकेको कुरा सिली जानकार पुर्खाहरूले भनी आएका छन्। त्यसैले सिलीफित्तो भन्दा पछिल्लो समयक्रममा विकास भएको सिली रेखाफित्तो नै हो। किरात जातिमा संसार सञ्चालन गर्ने अदृष्य शक्तिको परिकल्पना गर्ने चेतना विकास भएपछि सिर्जना गरिएको सिली भन्नु अत्युक्ति नहोला।

### ४.७.१. रेखाफित्तो सिलीको खुट्टा-चाल

विशेष चालको टुक्रा नाचिसकेपछि अन्य सिलीहरूमा जस्तै त्यसको अन्तिम चालदेखि रेखाफित्तो सिली नाच्न सुरु गरिन्छ। "कुनै पनि सिली विशेष चालको टुक्रालाई भित्री कक्षमा प्रवेश गरेपछि दायाँले मारेर बायाँले सिली टिपिन्छ। बाहिरी नृत्य कक्षबाट आएपछि बायाँले मारेर दायाँले सिली टिपिन्छ।" (राई, भूमिराज, *अडियो रेकर्ड,* वि.सं. २०७९/०३/२०, सोमबार)। सिलीफित्तोमा जस्तै बायाँ, दायाँ खुट्टा दुई मात्राको गन्तीमा एक कदम अगाडि उफ्रिएर जान्छन्। त्यसपछि चार कदम पछाडि बायाँ, दायाँ, बायाँ, दायाँ गर्दै चार मात्राको गन्तीमा नाचिन्छ। यसरी पछाडि नाच्दै जानेक्रममा बायाँ खुट्टा चाल्दा दायाँ खुट्टा र दायाँ चाल्दा बायाँ खुट्टा अगाडि थोरै विपरीत दिशामा चिप्लाएर फ्याँकिन्छ। त्यसपछि बायाँ, दायाँ र बायाँ खुट्टाको चाल दुई-दुई मात्राको गन्तीमा नाचिन्छ। यसरी यस चालमा पनि बायाँ खुट्टा चलाउँदा दायाँ र दायाँ खुट्टा चलाउँदा बायाँ खुट्टा जमिनभन्दा माथि उठाइन्छ। दुई पटक गरिसकेपछि बायाँ दिशामा चार मात्रा सरेर ४५ डिग्रीको कोण पारी पुनः उक्त सिली दायाँ खुट्टाले सुरु गरी नाचिन्छ। त्यसपछि दुई मात्राको गन्तीमा विश्राम लिई पुनः एक पटक उक्त अक्षमा सिली गरेर नृत्य कक्षको बाहिर फर्केर दुई पटक गरेपछि रेखाफित्तो सिली मारिन्छ। रेखाफित्तो सिली चौध मात्राको गन्तीमा नाचिन्छ।

यो सिली बायाँ खुट्टाले सुरु गरेर दायाँ खुट्टामा सकिन्छ। त्यसपछि चार मात्रा बायाँतिर सरेर ४५ डिग्री कोण पारी पुनः दायाँ खुट्टाले सिली टिपिन्छ। विशेष चालको टुक्रा दायाँ खुट्टाबाट सुरु गरेर नृत्यकक्ष भन्दा बाहिर आउँछ। विशेष चालको टुक्रा बायाँ खुट्टामा सकिन्छ र दायाँ खुट्टाले भित्री नृत्यकक्षमा गरेकै सिली गरेर एउटा सिली पूर्ण हुन्छ।

### ४.७.२. रेखाफित्तो सिलीको गन्ती मात्रा र खुट्टाको चाल

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मात्रा (गन्ती) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| खुट्टाको चाल | बायाँ | दायाँ | बायाँ | दायाँ | बायाँ | दायाँ | बायाँ | - | दायाँ | - | बायाँ | - |

| | |
|---|---|
| १३ | १४ |
| विश्राम | - |

## ४.८. बोखातिम्मा सिलीको परिचय

किरात राई जातिमा मानवको उत्पत्ति सम्बन्धी विभिन्न धारणाहरू रहेको पाइन्छ । त्यसैगरी साकेलासिलीमा नाचिने बोखातिम्मा सिलीले हामी मानव जाति कुनै अर्को ग्रहबाट, आकाशबाट, हावाबाट आएको नभई "यही माटोबाट मानवको जन्म भएको हो" भन्ने अर्थ बोकेको छ । माटो नै मानव उत्पत्तिको कारण हो भनी बोखातिम्मा सिलीले बताउँछ भनी सिलीमोपा र सिलीमोम्माले भन्दै आएका छन् । प्रकृतिपूजक यस जातिले आफूलाई भूमिपुत्र भन्दछन् । माटोलगायत प्राकृतिक वस्तुहरू, हावा, पानी आकाश, वन वनस्पति, ढुङ्गा, हिमाल, पहाड, जीवजन्तु, पानीको स्रोत, मुहान, आदिलाई देवताका रूपमा आराधना गर्ने गर्दछन् । कलालाई बुझ्नका लागि त्यसको रूप पक्षसँग सँगै भाव पक्षको जानकारी हुनु पर्दछ । यसर्थ किराती राई जातिका विभिन्न सिलीहरूको रूप पक्षभन्दा भाव पक्ष ज्यादै गहन रहेको छ । त्यस जातिको इतिहास, भूगोल, अर्थशास्त्र, संस्कृति, धर्मदर्शन, समाजशास्त्र, आदि साकेला संस्कृति र नृत्य संस्कृतिले डोऱ्याएको छ । त्यसरी एउटा सिली लोप हुनु भनेको किरात राई जातिको लागि ठूलो क्षति हुन जान्छ ।

### ४.८.१. बोखातिम्मा सिलीको खुट्टाको चाल

विशेष चालको टुक्रा नृत्य गरेर भित्री कक्षमा नृत्य समूह आएपछि तेस्रो सिलीका रूपमा बोखातिम्मा सिली नाचिन्छ । एक कदम अगाडि बायाँ, दायाँ खुट्टा दुई मात्राको गन्तीमा द्रुत लयमा उफ्रिएर नाचिन्छ । सोही स्थानमा दुई मात्राको गन्तीमा दुवै खुट्टाको पञ्जाले मात्रै टेकेर दुवै खुट्टाको कुर्कुच्चा उठाएर राखिन्छ । त्यसपछि चार कदम पछाडि चार मात्राको गन्तीमा

बायाँ, दायाँ, बायाँ, दायाँ खुट्टाले चाल चल्दै नाचिन्छ। यसरी पछाडि सर्ने क्रममा बायाँ खुट्टाको चाल चल्दा दायाँ र दायाँ खुट्टाको चाल चल्दा बायाँ खुट्टा अगाडि चिप्लाएर विपरीत दिशामा फ्याँकिन्छ । यसपछि एउटै स्थानमा उभिएर सिली मार्ने गरिन्छ । यो अन्य सिलीको भन्दा फरक रहेको छ । यो आठ मात्राको गन्तीमा बायाँ, दायाँ र खुट्टाको दुवै पैतालाले माथिकै जसरी नाचिन्छ। यसरी पन्ध्र मात्राको गन्तीमा बोखातिम्मा सिली नाचिन्छ।

यो सिली बायाँ खुट्टाले सुरु गरेर दायाँ खुट्टामा सकिन्छ। त्यसपछि चार मात्रा बायाँतिर सरेर ४५ डिग्री कोण पारी पुनः दायाँ खुट्टाले सिली टिपिन्छ। विशेष चालको टुक्रा दायाँ खुट्टाबाट सुरु गरेर नृत्यकक्ष भन्दा बाहिर आउँछ। विशेष चालको टुक्रा बायाँ खुट्टामा सकिन्छ र दायाँ खुट्टाले भित्री नृत्यकक्षमा गरेकै सिली गरेर एउटा सिली पूर्ण हुन्छ।

### ४.८.२. बोखातिम्मा सिलीको गन्ती मात्रा र खुट्टाको चाल

| गन्ती (मात्रा) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| खुट्टाको चाल | बायाँ | दायाँ | पञ्जा दुवै | राख्ने दुवै | बायाँ | दायाँ | बायाँ | दायाँ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | १० | ११ | १२ | १३ | १४ | १५ | |
| बायाँ | - | दायाँ | बायाँ | - | दायाँ | विश्राम | |

बोखातिम्मा सिलीको उम्जोडी सिली पनि रहेको छ। त्यसलाई तेह्र मात्राको गन्तीमा नाचिन्छ ।

## ४.९. खोचेलिप्पा सिलीको परिचय

विभिन्न कालखण्डमा सिर्जना गरिएको सिलीहरूमध्ये खोचेलिप्पा सिली दोस्रो चरणको भन्न सकिन्छ। किरात राई जातिको मिथकमा खोचेलिप्पाले प्रथम पटक स्थायी बासोबासका लागि आफ्नो खिम (घर) बनाएको रिसियामा उल्लेख छ । घर निर्माण गरी स्थायी बसोबास पछि खेतीपातीको सुरुवातकर्ता पनि खोचेलिप्पाले नै गरेका थिए। यसरी खोचेलिप्पाभन्दा अगाडिका सिलीहरू जङ्गली ढुङ्गे युगका थिए । खोचेलिप्पा कृषि तथा पशुपालन युगका प्रथम सिली भनी पितापुर्खाले मुन्धुम रिसिया छम्पुवामा भन्दै आएको छ । किरात आदिम पुर्खा खोचेलिप्पाको

सम्मानमा यस सिलीलाई उँधौली, उँभौलीसँगै चाम्लिङ राई जातिको विवाहमा चेली अन्माएर पठाउँदा बाँतोमा पनि नाचिन्छ ।

### ४.९.१. खोचेलिप्पा सिलीका खुट्टाको चाल

विशेष चालको टुक्रा नृत्य गरी नृत्य समूहको भित्र कक्षमा आएपछि नृत्य समूहले खोचेलिप्पा सिली नाच्दछन् । दुई मात्राको गन्तीमा एक कदम अगाडि द्रुत लयमा उफ्रिएर बायाँ, दायाँ खुट्टा चालेर सोही स्थानमा बायाँ र दायाँ खुट्टा सँगसँगै उफ्रिएर दायाँ खुट्टाले खोस्रिए जसरी पछाडि फालिन्छ । त्यसपछि दायाँतिरबाट अर्धवृत्तमा आफ्नै स्थानमा चार मात्राको गन्तीमा दुवै खुट्टाले तीन पटक उफ्रँदै फर्किएर विश्राम लिइन्छ । विश्रामपछि सोही स्थानमा दायाँ र बायाँ खुट्टा सँगसँगै उफ्रिएर बायाँ खुट्टाले खोस्रिए जसरी पछाडि फालिन्छ । अनि बायाँतिरबाट दुवै खुट्टाले तीन पटक उफ्रिएर अर्धवृत्ताकारमा पहिलेकै स्थानमा आएर सिली मार्ने चाल गरिन्छ । खोचेलिप्पा सिलीमा चाहिँ भित्रपट्टी गर्दा सिली मार्ने दायाँ खुट्टाले गरिन्छ । यसरी गर्दा दायाँ, बायाँ र दायाँ हुन्छ । दायाँ खुट्टा चाल्दै नाच्दा बायाँ खुट्टा र बायाँ खुट्टा चाल्दै नाच्दा दायाँ खुट्टा जमिनभन्दा माथि उठाएर विपरीत अगाडि सञ्चालन गरिन्छ । खोचेलिप्पा सिलीलाई बाइस मात्राको गन्तीमा नाचिन्छ । बाहिरी कक्षमा यस सिली प्रस्तुत गर्दा विपरीत खुट्टाबाट सुरु गरिन्छ । चाम्लिङ राई जातिको विवाह संस्कारमा सिलीफित्तो, रेखाफित्तो, बोखातिमा पछि खोचेलिप्पा सिली बाँतोमा नाचिन्छ । यसरी विचार गर्दा स्थायी रूपमा बसोबास गरेपछि खेतीपाती, पशुपालनसँगै विवाह जस्तो संस्थाको विकास किरात जातिमा सुरु भएको देखिन्छ । विवाह संस्कारमा खोचेलिप्पा सिली अनिवार्य रहेको छ ।

### ४.९.२. खोचेलिप्पा सिलीको गन्ती मात्रा र खुट्टाको चाल

| गन्ती (मात्रा) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| खुट्टाको चाल | बायाँ | दायाँ | बायाँ उफ्रिने | दायाँ | दुवै | दुवै | दुवै | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| दायाँ उफ्रिने | बायाँ | दुवै | दुवै | दुवै | - | दायाँ | - |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | १८ | १९ | २० | २१ | २२ |
| बायाँ | - | दायाँ | - | विश्राम | - |

## ४.१०. तोयामा खियामा सिलीको परिचय

किरातहरूको मिथकीय आदिम पुर्खाहरूमध्ये तोयामाखियामा पनि ज्यादै महत्त्वपूर्ण पात्रहरू हुन् । तोयामा दिदी, खियामा बहिनी आमाबुवा उनीहरू सानै हुँदा मरेको टुहुरो दिदीबहिनी र उनीहरूको एउटा भाइ खोचेलिप्पाको कथा किरातीहरूको प्रत्येक टोलखोलामा प्रचलित छ । मुन्धुममा आधारित तोयामाखियामा सिली पनि दोस्रो चरणमा सिर्जना भएको सिली भनी पुर्खाहरू बताउँछन् । तोयामाखियामा दिदी बहिनीले प्रथम पटक संसारमा कपास खेती गरी तानबाट धागो काती कपडा बुन्ने क्रान्तिकारी काम गरेको थियो । त्यसैले पनि किरात जातिमा यी पात्रहरूको स्थान पूजनीय छ । कृषियुगमा विकास भएको यस सिलीलाई किरात चाड उँधौली र उँभौलीका साथै चेली उन्भ्याउँदा बाँतोमा पनि नृत्य गरिन्छ । यही बाँतोमा गरिने नृत्यहरूमध्ये तोयामाखियामा सिली क्रममा पाँचौँ सिली हो । जुन सिली गर्दै माइतीहरू चेली कुटुम्बलाई जिम्मा लगाएर गाछी घरतिर फर्कन्छन् । घरभित्र नपसिन्जेल माइतीहरू तोयामाखियामा सिली नाच्दछन् । घर भित्र पुगेपछि चुल्होमा मोछामा सिली नाच्दछन् ।

### ४.१०.१. तोयामाखियामा सिलीको खुट्टाको चाल

विशेष चालको टुक्रा नाचेर नृत्य समूह नृत्य कक्षको भित्र आइसकेपछि अन्य सिलीहरू जस्तै तोयामाखियामा सिली पनि भित्री क्षेत्रमा पहिला नाचिन्छ । दुई मात्राको गन्तीमा एक कदम अगाडि द्रुत लयमा उफ्रेर गइन्छ । सोही स्थानमा बायाँ र दायाँ खुट्टाले माथि उफ्रिन्छ । त्यसपछि द्रुत गतिमा चार कदम अगाडि बायाँ खुट्टाले उफ्रिदै दायाँ खुट्टाको बुढी औँलाले मात्रै जमिनको सतह छोएर चार मात्राको गन्तीमा नाचिन्छ । त्यसै गरी चार कदम पछाडि पनि नाचिन्छ । त्यसै गरी चार कदम दायाँतर्फ अर्ध भाग घुमेर र बायाँ तर्फ अर्ध भाग घुमेर उक्त चालको समूह नाचेपछि सिली मार्ने खुट्टाको कदम गरिन्छ । सिली मार्ने खुट्टाको चाल चाहिँ बायाँ, दायाँ, बायाँ र विश्राम हुन्छ । यसरी बायाँ खुट्टा चाल्दा दायाँ र दायाँ खुट्टा चाल्दा बायाँ खुट्टा जमिनको सतहभन्दा माथि विपरीत दिशामा अगाडि फ्याकिन्छ । यो सिली बायाँ खुट्टाले सुरु गरेर दायाँ खुट्टामा सकिन्छ । त्यसपछि चार मात्रा बायाँतिर सरेर ४५ डिग्री कोण पारी

पुनः दायाँ खुट्टाले सिली टिपिन्छ । विशेष चालको टुक्रा दायाँ खुट्टाबाट सुरु गरेर नृत्यकक्ष भन्दा बाहिर आउँछ । विशेष चालको टुक्रा बायाँ खुट्टामा सकिन्छ र दायाँ खुट्टाले भित्री नृत्यकक्षमा गरेकै सिली गरेर एउटा सिली पूर्ण हुन्छ । तोयामा खियामा सिलीलाई बत्तीस मात्राको गन्तीमा नृत्य गरिन्छ । नृत्य कक्षको बाहिर आएपछि दायाँ खुट्टाले सुरुवात गरी सबै त्यसरी नै नाचेर अन्त्य गरिन्छ ।

### ४.१०.२. तोयामाखियामा सिलीको गन्ती मात्रा र खुट्टाको चाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गन्ती (मात्रा) | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| खुट्टाको चाल | बायाँ | दायाँ | बायाँ दायाँ | - | बायाँ | बायाँ | बायाँ उफ्रेर | दुवै |
| | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| | बायाँ | बायाँ | बायाँ उफ्रेर | दुवै | बायाँ | बायाँ | बायाँ उफ्रेर | दुवै |
| | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ |
| | बायाँ | बायाँ | बायाँ उफ्रेर | दुवै | बायाँ | - | दायाँ | - |
| | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
| | बायाँ | - | दायाँ | - | बायाँ | - | विश्राम | - |

## ४.११. चाप्चा सिलीको परिचय

चाम्लिङ राई भाषामा चाप्चा भन्नाले बाघलाई जनाउँछ । किरात कथाहरूमा चाप्चा र मानव एउटै आमाको सन्तान थिए । त्यसैले किरात समुदायमा चाप्चाको वर्णन रिसिया गाउँदा पनि उल्लेख गरिन्छ । साकेला सिली नृत्य गर्दा शास्त्रीय नीति नियममा बाँधिएर नाचिन्छ । सिली तलमाथि भएमा अनिष्ठ हुने, सिलीबाट खस्नु नहुने जस्ता कुराहरू साकेला सिली नृत्य गर्दा

आइरहने कुरा हुन् । त्यसैगरी सिलीलाई सुरुवात, विश्राम र अन्त्य पनि शास्त्रीय नियममा सम्पन्न गर्नुपर्ने हुन्छ । निश्चित सिलीहरू गरेपछि विश्राम गर्नुपरेमा, त्यसैगरी सिलीहरू नाच्न अन्त्य गर्नु परेमा चाप्चा सिली गरेर विश्राम र अन्त्य गरेमा नियम भङ्ग नहुने विधान रहेको छ । त्यसकारण साकेला सिलीमा चाप्चा सिलीको स्थान ज्यादै महत्त्वपूर्ण छ ।

### ४.११.१. चाप्चा सिलीको खुट्टाको चाल

विशेष चालको टुक्रा गरी नृत्य कक्षको भित्र नृत्य समूह सिली टिप्न तयारी भएपछि दुई मात्राको गन्तीमा एक कदम अगाडि बायाँ-दायाँ खुट्टा चालिन्छ । त्यसपछि दुवै खुट्टालाई सँगै राखेर कुर्कुच्चा उठाएर पञ्जाले मात्रै टेकेर राखिन्छ । यो कार्य दुई मात्राको गन्तीमा गरिन्छ । यहाँबाट चार कदम पछाडि चार मात्राको गन्तीमा बायाँ, दायाँ बायाँ, दायाँ खुट्टा द्रुत लयमा गर्दै नाचिन्छ । यसरी पछाडि जाँदा बायाँ भए दायाँ खुट्टा र दायाँ भए बायाँ खुट्टा अगाडि विपरीत दिशामा चिप्लाएर फ्याँक्दै नाचिन्छ । त्यसपछि सिली मार्ने चाल गरिन्छ । सिली मार्दा बायाँ, दायाँ, बायाँ, दायाँ गरिन्छ । यसरी दायाँ गर्दा बायाँ खुट्टा र बायाँ गर्दा दायाँ खुट्टा जमिनको सतहमाथि विपरीत अगाडि उठाइन्छ । यो सिली बायाँ खुट्टाले सुरु गरेर दायाँ खुट्टामा सकिन्छ । त्यसपछि चार मात्रा बायाँतिर सरेर ४५ डिग्री कोण पारी पुनः दायाँ खुट्टाले सिली टिपिन्छ । विशेष चालको टुक्रा दायाँ खुट्टाबाट सुरु गरेर नृत्यकक्ष भन्दा बाहिर आउँछ । विशेष चालको टुक्रा बायाँ खुट्टामा सकिन्छ र दायाँ खुट्टाले भित्री नृत्यकक्षमा गरेकै सिली गरेर एउटा सिली पूर्ण हुन्छ । चाप्चा सिली सोह्र मात्राको गन्तीमा नाचेर सकिन्छ ।

### ४.११.२. चाप्चा सिलीको गन्ती मात्रा र खुट्टाको चाल

| गन्ती मात्रा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| खुट्टाको चाल | बायाँ | दायाँ | पञ्जा मात्रै | दुवै सतहमा | बायाँ | दायाँ | बायाँ | दायाँ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| बायाँ | - | दायाँ | - | बायाँ | - | विश्राम | - |

चाम्लिङ राई जातिको विवाह संस्कारमा थुप्रै नृत्यहरू नाचिन्छ । बाँतो भन्ने स्थानमा बेहुला र बेहुलीलाई पु¥याएपछि विधि पु¥याएर किराती मुन्धुम दर्शनमा आधारित सिलीफित्तो, रेखाफित्तो, वोखातिम्मा, खोचेलिप्पा, तोयामाखियामा सिलीहरू क्रमशः नाचिने परम्परा रहेको छ । यी नृत्य संस्कृति यस समुदायको मौलिक तर लोपोन्मुख संस्कृति हो । यसलाई जगेर्ना गर्न जरुरी रहेको छ ।

# अध्याय - पाँच

# सारांश, उपलब्धि र निष्कर्ष

## ५.१. शोधको सारांश

नृत्य विषयको खोजी गर्दा विभिन्न आधारस्रोतहरूबाट नृत्यहरूको उत्पत्ति भएको भेटिन्छ । त्यसैगरी समाजशास्त्री, मानवशास्त्री, मनोवैज्ञानिक, नृत्यशास्त्री, कलाविद्, लोकसाहित्य, आदि विषयका व्याख्याताहरूले विभिन्न किसिमका लोकनृत्यहरूको उत्पत्ति र यसको प्रचलन बारेमा आ-आफ्ना किसिमका धारणाहरू प्रस्तुत गर्ने गरेका छन् । तथ्यगत हिसाबले हेर्दा नृत्य उत्पत्तिका आधारस्रोतहरूमा विविधता देखिन्छ नै । जस्तो कि वातावरण तथा भूमण्डलमा आउने परिवर्तनले सिर्जना गरेका घटना परिघटनाहरूलाई दैविक शक्ति जनित घटना ठानेर त्यस्ता घटनाको भयबाट मुक्ति प्राप्त गर्न देवीदेवताको पूजा उपासनाबाट नृत्यको सिर्जना भएको छ। कल्पनातीत ती देवीदेवताको चरित्र अनुकरण गरी बनाइएको लोक तथा परम्परागत नृत्यहरू पनि छन् । समयक्रमले बदलिने ऋतु र मौसमहरूको प्रभावले मनमा उठेका भावतरङ्गहरूलाई उत्सवका रूपमा प्रस्तुत गर्दा धेरै नृत्यहरूको उत्पत्ति भएको पाइन्छ। विशेष कालखण्डका महान् नायकहरूमाथि चरित्रचित्रण गर्ने, वीरचरित्र नृत्यहरू रहेका छन् । मानवले गर्ने दैनिक क्रियाकलापहरूबाट प्राप्त सुख, दुःख, विस्मय, भय, प्राप्ति, पीडा, वेदना र त्यसको शमन गर्न गरिने मनोरञ्जनका क्रममा जन्मिएका नृत्यहरू पनि भेटिन्छन् । त्यसै गरी जातजातिले सम्पन्न गर्ने संस्कार विधान, तन्त्रमन्त्र, परम्परा, विश्वास र विभिन्न सिकार, युद्धका पूर्व अभ्यास साधनका उपक्रमबाट पनि लोकनृत्यका भावभङ्गीमाहरूको उदय भएको पाइन्छ । आफ्ना आसपासका जीवजन्तुहरूको क्रियाकलापको अनुकरण, पितृ र इष्टदेवताको स्मरण, पूजा, उपासनाबाट पनि लोकनृत्यको श्रीगणेश भएको प्रमाण पाउन सकिन्छ ।

यस शोधप्रबन्धको अध्याय दुईमा चाम्लिङ राई जातिको परापूर्व कालदेखि नाच्दै आएको सिली कस्तो नृत्य हो ? नृत्य हो कि अभिनय हो ? लोक साहित्य हो कि भन्ने विषयको उत्तर खोजी गर्नु थियो । यसै गरी अध्याय तीनमा चाम्लिङ राई जातिकै विवाहमा छोरी अन्माउँदा बाँतोमा नाचिने सिलीहरू पत्ता लगाउनु थियो भने अध्याय चारमा विभिन्न लोकनृत्यहरूबिच केही समानता र केही भिन्नताहरू छन् । ती भिन्न कसरी के तत्त्वहरूबाट हुने गर्दछ भनेर खोजी गर्नु थियो । ती प्रश्नहरूको जवाफ खोज अध्ययनका क्रममा विषयसम्बद्ध व्यक्ति व्यक्तित्वहरूसँगको अन्तरवार्ता, भलाकुसारी गर्दा, अप्रकाशित-प्रकाशित साहित्यको समीक्षा

गर्दा, दृश्याङ्कन गरिएको श्रव्यदृश्य सामग्रीहरू विश्लेषण र लामो समयको नृत्य विषयको सिकाइ, चासो र प्रशिक्षणको अनुभव जस्ता सबै तथ्य, ज्ञान र सीपलाई समायोजन गरेको छु । विषयवस्तु सम्बद्ध प्राथमिक र द्वितीय स्रोतसामग्री, सूचना, जानकारी तथा तथ्य, तथ्याङ्कहरूलाई वर्णात्मक किसिमले विश्लेषण, विवेचना र व्याख्या गर्दा चाम्लिङ राई समुदायको प्रचलित साकेला सम्बद्ध र अन्य अवसरमा प्रस्तुत गरिने सिली निश्चित नियममा बाँधिएको उत्कृष्ट लोक नृत्य तथा अभिनय हो ।

### ५.१.१. सिली : एक उत्कृष्ट नृत्यकला

आङ्गिक उपकरणहरूबाट सिलीको सम्पादन गरिन्छ । शरीरका प्रमुख अङ्गहरूमध्ये हात र खुट्टाको सञ्चालनलाई सिली सम्पादनमा बढी जोड दिइन्छ । खुट्टाको अर्थपूर्ण चालहरूबाट खुट्टे सिलीमा विषयवस्तु अभिव्यक्त गरिन्छ । त्यसैगरी हातेसिलीमा हातको अर्थपूर्ण सञ्चालनबाट भन्नु पर्ने विषय व्यक्त गरिन्छ । निश्चित खुट्टा चाल र हातको सञ्चालन समूहबाट सिली निर्माण हुन्छ । प्रत्येक सिलीको अलग-अलग नामहरू हुन्छन् । किरात समुदायको ऋतुहरूको एउटा समयभित्र सम्पन्न गरिने पूजा, आराधना, प्रमुख चाड उभौली र उधौलीमा मात्रै नभएर विभिन्न अवसर तथा संस्कारजन्य क्रियाहरूमा गरिने सिलीहरूको सामिप्यता मुन्धुममा केन्द्रित भएको देखिन्छ । समग्रमा सिलीहरू प्राकृतिक र सांस्कृतिक विषयवस्तुसँग सम्बन्धित रहेको देखिन्छन् । युद्धकला तथा सिकार, कृषि, अन्नबाली, वस्त्र निर्माण, पशुपन्छी, जीवजन्तु, जीवनपद्धति, श्रृङ्गार-सौन्दर्य, प्राकृतिक खोलानाला, वनजङ्गल, पहाडपर्वत, कुण्डपोखरी, इन्द्रेणी, जलस्थल, किरामिरा, आदिजस्ता विविध कुराहरूको अलिखित दस्तावेज सिलीमा रहेको छ ।

साङ्गीतिक सूत्रमा नृत्यको अलङ्करणका लागि आवश्यक विभिन्न तत्त्वहरू, मुद्राहरू, भावहरू, प्रत्येक सिलीमा रहेकोले सिली एउटा नृत्यकला त हो नै, मुन्धुमको नियममा बाँधिएको सरल, सरस तर गम्भीर अर्थबोध भएको किराती जातिले यस माटोमा सिर्जना गरेको बाबरी फूलझैँ मगमग बास्ना छर्ने लोक सुगन्ध हो । नृत्य सम्पदा हो । नृत्य संस्कृति हो । विभिन्न कालखण्डमा किरात पुर्खाहरूले निर्माण गरेका सिलीहरू किरात राई जातिको मात्रै नभएर संसारका सम्पूर्ण मानव जातिकै उत्कृष्ट नृत्यकलामध्ये एक हो ।

### ५.१.२. लोक नृत्यको अङ्ग

सम्बन्धित जन समुदायको सामूहिक भावनालाई लोकनृत्यले मुखरित गरेको हुन्छ । त्यस समुदायको परम्परा विश्वास, संस्कार, संस्कृति, सीप, ज्ञान, कला, आदिको नालीबेली लोक

नृत्य मार्फत सरल रूपमा प्रस्तुत गरिएको हुन्छ । लोकनृत्यकलाका हिसाबले रूप वा बाह्य अङ्गहरूमा देखिए जति मात्र नभई पानीमा चिनी घुलन भए जसरी घोलिएर रहेका आन्तरिक वा भाव अङ्गहरूले प्रत्येक नृत्यले आफ्नो पृथक अस्तित्व बनाएको हुन्छ । यी दुवै रूप वा बाह्य र आन्तरिक वा भाव अङ्गहरूको कारणले एउटा लोकनृत्य भन्दा अर्को लोकनृत्य फरक हुने गर्दछ ।

### ५.१.३. विवाह संस्कारमा अर्थपूर्ण सिली

विवाह सम्पूर्ण मानव समुदायको महत्त्वपूर्ण संस्कार हो । उक्त संस्कारले यौनलाई सामाजिक तथा कानुनी वैधता प्रदान गर्दछ । त्यसका साथै सामाजिक, सांस्कृतिक, धार्मिक, जस्ता विभिन्न किसिमले विवाहका आ-आफ्नै महत्त्व रहेका छन् । त्यही विवाह संस्कारको अवसरमा सबै जातिले नाचगान पनि गर्दछन् । चाम्लिङ राई जातिको विवाह संस्कारमा छोरीचेली अन्माउँदा बाँतोमा सिलीहरू प्रस्तुत गरिन्छन् । समयको पावन्दीले गर्दा उक्त अवसरमा थोरै तथा अर्थपूर्ण सिलीहरू मात्रै नाचिन्छन् ।

पहिलो सिली सिलीफित्तो सिली हो । यस सिलीको अर्थ यस धर्तीमा मानवहरूको उत्पत्ति भन्ने हुन्छ । मानव भएर नजन्मिएको भए यस्ता विवाह र अन्य संस्कारहरू गर्न पाइन्न थिए । मानव भएर जन्मिएकोले नै यस्ता संस्कारहरू सम्पन्न गर्न समर्थ भएको हो भन्ने भावार्थ सिलीफित्तो सिलीको रहेको छ । त्यसैगरी दोस्रो सिली रेखाफित्तो सिली हो । यस धर्तीमा मानव जाति भएर जन्मिएपछि कुनै न कुनै एउटा-एउटा धर्म, संस्कार, भगवान अपनाउनु पर्दछ भन्ने यस सिलीको अभिप्राय हो । त्यही कारण विवाह संस्कार सम्पन्न गर्दैछौं भन्ने महत्त्वपूर्ण भाव रेखाफित्तो सिलीले बोकेको छ । अन्य प्राणीहरूले मनुष्यले जस्तो संस्कारहरू सम्पादन गर्दैनन् । केवल मानवले मात्रै धर्म, संस्कारहरू अपनाउँदछन् । त्यसैगरी तेस्रो सिली बोखातिम्मा सिली हो । मानव जाति अन्य कुनै ग्रह, तारा, अन्तरिक्ष, आकासबाट आएका होइनन्, हावाले उडाएर अन्तबाट ल्याएको पनि होइन । मनुष्य यही माटोमा स्वत उत्पत्ति भएको हो भन्ने अर्थमा बोखातिम्मा सिली नाचिन्छ ।

यसैगरी खोचेलिप्पा तथा तोयामाखियामा सिली अन्तिममा नाचिन्छन् । जुन पात्र किरातीहरूका आदिम पुर्खाहरू हुन् । जसले किरात सभ्यताको सुरुवात गरेको मानिन्छ । महान् पुर्खाहरूको सम्मान, सम्झना गर्दै, जगत, प्रकृति र पितृहरूको साक्षी राखेर किरातीहरू विवाह सम्पन्न गर्दछन् । किराती मुन्धुमसँग जोडिएर आउने सिलीहरूको अर्थ नृत्य र अभिनय मात्रै नभई

मानवजीवनको सुन्दर पक्ष समेट्ने सशक्त मनोरञ्जनात्मक खेल तथा मानव चेतनाद्वारा सिर्जना भएको बौद्धिक क्रिया हो । एउटा उत्कृष्ट कला र आदिम नृत्य विज्ञान पनि हो ।

## ५.२. शोधको उपलब्धि

किरात राई समुदायमा आध्यात्मिक शक्तिको प्रतीक साकेला पूजाराधना महान् चाडका रूपमा वर्षको दुई पटक उभौली र उधौली युगौँयुगदेखि निरन्तर दिँदै आएको छ । प्रकृतिवाद र आत्मावादलाई आधार मानेर मनाइने उभौली र उधौली चाडमा सिली नृत्य तथा अभिनय एक सहायक पक्ष जस्तो मात्रै देखिए पनि यो शोधको क्रममा तथ्य त्यस्तो होइन रहेछ भन्ने नै यस शोधप्रबन्धको एक मात्र प्रमुख उपलब्धि हो ।

साकेला पूजा, भूमि पूजा, सन्सारी पूजा, चुल्हो पूजा, घर पूजा, माङ पूजा, अन्नबाली पूजा, खोला पूजा, आदि थुप्रै विभिन्न किसिमको पूजाउपासनामा सिली नृत्य तथा अभिनयको अनिवार्यता देखिन्छ । यसैगरी छोरीचेली विवाह गरी पठाउँदा, बुहारी भित्र्याउँदा पनि सिली बिना यस्तो संस्कार सम्पन्न नहुने देखिन्छ । किरात जातिको शीर उठाउँदा, स्वास्थ्योपचार स्वरूप चिन्ता बस्दा, मृत्यु संस्कार तथा मृतात्मालाई बाटो लगाउँदा पनि सिलीको प्रमुख भूमिका रहेको हुन्छ ।

आध्यात्मिक शक्तिसँग प्रत्यक्ष रूपले जोडिएको सिली नृत्य तथा अभिनय साकेला चाडमा वर्षको दुई पटक रमाइलो र मनोरञ्जन गर्नका लागि मात्रै नाचिने लोकनाच नभएर यो किराती धर्म हो, एक छुट्टै दर्शन हो । आफ्नो मूल्य मान्यता चेतनाद्वारा सिर्जना गरिएको उत्कृष्ट कला हो । एकै शब्दमा स्पष्ट गर्नु पर्दा सिली किरात राई समुदायको जीवन पद्धति एक अलिखित सङ्ग्रह हो ।

## ५.३. शोधको निष्कर्ष

ऐतिहासिक हिसाबले सिकारी युग वा घुमन्ते जीवन तथा व्यवस्थित कृषि-पशुपालन युगमा सुरुवात गरिएका सिलीहरू भएकोले संसारकै जेठो नृत्यहरूमध्ये यो पनि एउटा हो । त्यसैले संसारकै प्राचीन नृत्य मान्न सकिन्छ । यस शोध प्रबन्धमा सूची गरिएका सिलीहरूको विश्लेषणबाट यही तथ्यमा पुग्न सकिन्छ । संसारमा मानव उत्पत्तिका विभिन्न अवधारणाहरू विकास भएका छन् । भलै ती सबैका लागि सर्वमान्य हुन् कि नहुन् । ती अवधारणाहरूका तर्कहरू आ-आफ्नो हिसाबले आफ्ना ठाउँमा गलत पनि छैनन् । पितृ आत्मावादी र प्रकृतिवादी, त्यसैका पूजक किरात राई जातिमा मानव उत्पत्तिका सम्बन्धमा आफ्नो छुट्टै अवधारणा रहेको

छ । धर्मशास्त्रका हिसाबले मौखिक ज्ञान मुन्धुम दर्शनमा आधारित यस अवधारणामा सिलीफित्तो सिलीको भावार्थ यस धर्तीमा अन्य जीवजन्तुजस्तै मनुष्य जातिको उत्पत्ति भयो भन्ने हो । मानव पनि यस धर्तीमा अन्य प्राणी र वनस्पतिजस्तै स्वतः उत्पत्ति भएकोले सृष्टिका सबै वस्तुहरूमा समभाव, समान दृष्टि हुनुपर्छ भन्ने अर्थ सिलीफित्तो सिलीको रहेको छ । मुन्धुममा आधारित सिलीका आधारमा किरात राई जातिको धार्मिक-सामाजिक चिन्तन बुझ्न सिली र त्यस सिलीहरूको भावार्थ केलाउन जरुरी हुन्छ । यसै शोध प्रबन्धमा समेटिएको दोस्रो सिली रेखाफित्तो सिलीबाट यो कुरा प्रष्ट हुन्छ । यस धर्तीमा मनुष्य भएर जन्म लिएपछि कुनै न कुनै एउटा धर्म, संस्कार र भगवान मान्नुपर्ने अभिभारा आइलागेको हुन्छ । त्यसैगरी मानवको कसरी उत्पत्ति भयो त भनेर सिली मार्फत नै चिन्तन साधना गरेको पनि स्पष्ट हुन्छ । बोखातिम्मा सिलीले यसलाई अर्थ्याउँछ कि मनुष्य कुनै अर्को ग्रह, तारा, आकाश, अन्तरिक्षबाट फुत्त झरेको नभई, कतैबाट हावाले उडाएर ल्याएको नभई यही माटोबाट उत्पन्न भएको प्राणी हो भन्दछ । बोखातिम्मा सिलीको भावार्थ डार्विनको विकासवादी सिद्धान्तसँग मेल हुन्छ ।

अन्त्यमा, यसरी सिली-दर्शन अनुसार यही माटोबाट उत्पत्ति वा जन्म भएको मनुष्यले त्यसै माटो वा प्रकृतिप्रति अनुग्रहित हुनु पर्ने बताउँदछ । यही हावा, पानी, खोला, नदी, वनजङ्गल, पहाड-पर्वत, ढुङ्गा, सिमसार, आकाश, पशुपक्षी, किराफटयाङ्ग्रा, जलचर, थलचर, आदिको पूजा आराधना गर्नु मानवको कर्तव्य हो । समस्त सजीव र निर्जीव वस्तुहरूको उपासनासँगै जोडिएर आउने सिलीहरू मानवीय क्रियाकलापहरूको दस्तावेज हो । मुन्धुमको शास्त्रीय नियममा बाँधिएको एक औपचारिक नृत्य हो । संसारकै ज्येष्ठ विकसित रूपको नृत्य हो । विशिष्ट नृत्यशैली भएको केही नृत्यहरूमध्ये सिली पनि एक हो ।

## ५.४. केही सुझावहरू

किरात राई समुदायको मौलिक संस्कृतिहरूमध्ये वैवाहिक नृत्यकला पनि एक विशिष्ट श्रेणीको संस्कृति हो । यसमा विशिष्ट र अर्थपूर्ण सिलीहरू प्रस्तुत गर्ने परम्परा रहेको भेटिन्छ । अहिलेका किरात राईहरू यस संस्कृतिप्रति उदासीन बन्दै गइरहेका छन् । पछिल्ला पुस्ताले बिर्सिंदै गएको अवस्था छ । तसर्थ यस्ता संस्कृतिका निरन्तरतामा जोड दिँदै पुस्तान्तरण गर्नु अति नै जरुरी देखिन्छ । वैवाहिक संस्कारमा नाचिने सिलीहरूको आफ्नै विशेष अर्थ मूल्य मान्यता रहेकोले यसको संरक्षण र संवर्धनमा यस समुदायले आजैबाट तादुरकता देखाउन सकेमा यस्ता संस्कृति लोप भएर जाने सम्भावना कम हुन्छ । त्यसका लागि सम्बन्धित समुदाय र सरोकार संस्था,

व्यक्ति र विद्वान वर्गले औपचारिक रूपमा संगठित भई प्रशिक्षण र प्रवर्धन गर्नु पर्ने अहिलेको आवश्यक हो ।

# परिशिष्ट - एक

अध्ययनका क्रममा प्रयोग गरिएका शब्दहरूका अर्थ र पारिभाषिक शब्दहरू

| | |
|---|---|
| आराखा | = रक्सी, किरात राई जातिको शुभ कार्यमा प्रयोग गरिने अन्नबाट बनाइएको पेय पदार्थ । |
| इला | = चाम्लिङ राई जातिको मातृभाषा । |
| उँधौली | = मङ्सिरे पूर्णिमामा साकेला पूजा र सिली गर्ने किरात राई जातिको महान् चाड । |
| उम्जोडी | = प्रमुख सिलीहरूको सहायक सिली, जोडी सिली । |
| उम्धीथ्याम | = घरमा विजुवा बसाएर दशाग्रह कटाउने । |
| केन | = बाजा । |
| केन्वा | = पालक, संरक्षक । |
| केल | = पालक, संरक्षक । |
| कोम्पी | = लमी, विवाहमा बेहुला र बेहुलीपट्टीको सहजकर्ता । |
| खुट्टे सिली | = दुईटा खुट्टाले प्रमुखतः नृत्य तथा अभिनय गरिने सिलीहरू, हातका चालहरू गौण रहन्छन् । |
| खुवालुङ | = अरुण, तमोर र दूधकोशी नदीको सङ्गमस्थलबिचमा रहेको ठूलो ढुङ्गा जसलाई किरात राई जातिको आस्थाको केन्द्र मानिन्छ । |
| खिम | = मानव बस्ने स्थान, घर । |
| खोचेलिप्पा | = किरात राई जातिको आदिम पुर्खा, जसले आधुनिक कृषि सुरुवात गरेका थिए, छेत्छाकुप्पा, रैछाकुले । |
| गाछी घर | = विवाह सम्पन्न भैरहेको बेहुला तथा बेहुली घर । |
| ङासेप सिली | = एक प्रकारको जनावर, पानी ओत नृत्य । |
| चाल | = कदम, नृत्यको स्टेप्स् । |
| चामलु | = चाम्लिङ राई जातिको ऐतिहासिक राजा । |

चाप्चा सिली = बाघ नृत्य ।

चारी लुङ = देउता ढुङ्गा ।

चासुङ = फारो, सह ।

चिपुङकावा सिली = सानो प्रजातिको गंगटो, नृत्य ।

छ्या तुर्मा = जन्म संस्कार ।

छिरिनाम = मङ्सिरे पूर्णिमा, उधौली, दक्षिणायन ।

छिरुवापा सिली = भाले पोथी छुट्टिने बेलाको कुखुराको चल्ला नृत्य ।

छिल्लाम सिली = बाटो लागेको नृत्य, यात्रा सुरु गर्ने नृत्य ।

छेत्कु साँप्रा = चेली अन्माएर पठाउँदा शीर उभ्याउनी पठाउने सुँगुरको फिला, रुन्चे साँप्रो ।

छौवा = घरभित्रको पूजा, साम्खा ।

टुक्रा = निश्चित पाइलाहरूको/कदमहरूको समूह ।

तङबाहिकुवा सिली = धनेश चरा नृत्य ।

ताल = सङ्गीतमा समयको गति नाप्ने सबैभन्दा ठूलो एकाइ ।

तावा सिली = मुनाल चराको नृत्य ।

तुँवा सिली = मयूर वा मुजुर चराको नृत्य ।

तोकाया = किरात राई जातिको पण्डित/पुजारी ।

तोतिमे सिली = तारे चरो । खोला धोबिनी चराको नृत्य ।

तोयामा खियामा = किरात राई जातिको आदिम पुर्खा दिदी बहिनी जसले आधुनिक कृषि विज्ञान सुरु गरी प्रथम पटक धागो बनाएर कपडा निर्माण गरेका थिए ।

दोमाखोम्मा सिली = किरात राई जातिको आराध्यदेव पारुहाङले आराध्यदेवी सुम्निमालाई हेर्दाको नृत्य ।

धिरिनाम = वैशाखे पूर्णिमा, उभौली, उत्तरायाण ।

धिरुवापा सिली = बास्न लागेको भाले कुखुराको नृत्य ।

नाइम्मा पारुधासको सिली = किरात राई जातिको आराध्यदेव पारुहाङ र सुम्निमाको कैलाशमा भएको विवाह सम्बन्धी नृत्य ।

नाइम्मा सिली = पारुहाङले सुम्निमालाई हेर्दाको समय सुम्निमाको प्रतिक्रिया सम्बन्धी नृत्य ।

नाकिहाँ डिल्लिहो सिली = इन्द्रेणीसँग सम्बन्धित नृत्य ।

नुङ वैमा = किरात राई जातिको न्वारन संस्कार ।

नोछुङ = नोक्छुङ, किरात राई जातिको पुजारी ।

पाछा = गोत्र ।

पारुहाङ = किरात राई जातिको आराध्यदेव ।

पासुङ = किरात जातिको संस्कार भाषा सम्बन्धी विज्ञ ।

पिरा सिली = मृग, एक जङ्गली जनावरको नृत्य ।

पूर्ण विश्राम = नृत्य गर्दा २ मात्राको गन्तीभन्दा बढी रोकिनु ।

फलाक्नु = नोक्छुङले रिसिया गाउनु ।

बातौँ = किरात राई (चाम्लिङ) जातिको विवाहमा छोरीचेली अन्माउँदा कुटुम्बलाई जिम्मा लगाउने विशेष स्थान ।

बातुङ = छरछिमेक, दरदाजुभाइ ।

वाग्दत्ता = छिनोफानो, कन्यादान ।

बाजिकावा सिली = ठूलो प्रजातिको गंगटोको नृत्य ।

बिजुवा = धामी, नोछुङ ।

विश्राम = नृत्य गर्दा क्षणिक रोकिने स्थान ।

बिब्लोती सिली = पुतलीको नृत्य ।

बुलुखुम = साइमुन्द्री, काँसको बटुको ।

| | |
|---|---|
| बेर्पा सिली | = भालुको नृत्य/सिली । |
| बोखरा सिली | = बोखरा नृत्य । |
| माङ | = कुलदेवता । |
| मात्रा | = सङ्गीतमा समय वा लय मापन गर्ने सबैभन्दा सानो एकाइ । |
| मुद्रा | = शारीरिक भङ्गिमा । |
| मुन्धुम | = किरात राई जातिको मौखिक/अलिखित ऐतिहासिक, सांस्कृतिक, धार्मिक ज्ञानहरूको भण्डार । |
| मोछामा सिली | = पितृहरूको बासस्थान सम्बन्धी नृत्य । |
| मोपोरो सिली | = चाम्रे नृत्य । |
| मोबु सिली | = माछा नृत्य । |
| मौबा सिली | = कलचुडी चराको नृत्य । |
| रिसिया | = मुन्धुमी मन्त्रहरू गाउने साङ्गीतिक लय । |
| रुङरीकाम्मा | = विवाह । |
| रुङरिसा | = विवाह संस्कार । |
| रुली सिली | = माछाको नृत्य । |
| रेखाफित्तो सिली | = मानव भएर जन्मिए पछि एउटा न एउटा संस्कार, धर्म, भगवान मान्नु पर्ने अभिभारा लागेको छ भन्ने नृत्य । |
| रोखामा सिली | = रोखामा नृत्य । |
| रोँ खैँ चाइमा | = पास्नी-छेवार संस्कार । |
| रोदुङ | = चाम्लिङ राई जाति । |
| रोँबो सिली | = बँदेलको नृत्य । |
| लय | = समयको समान गति । |
| लुङ | = ढुङ्गा । |

| | |
|---|---|
| वा | = पानी । |
| वाइको | = खोला देउ वा पानीदेउ पूजा । |
| वाखिमतिक्मा सिली | = चराचुरुङ्गीले धुलो टक्टक्याएको, जिउ सफा गरेको नृत्य । |
| वापा | = कुखुराको भाले । |
| वासिम | = जाँड, किरात राई जातिको सांस्कृतिक कार्यमा प्रयोग गरिने अन्नबाट निर्मित पवित्र पेय पदार्थ । |
| बाहिलोमा सिली | = घरको मूल खाँबो सम्बन्धी नृत्य । |
| साइमा बुखो सिली | = साइमा बुखो नृत्य । |
| साप्तेन | = प्राणी जगत, संसार । |
| सामै/सामेइत | = उपथर । |
| साम्खा | = घरभित्रको पूजा, छौवा । |
| सालाप्पा सिली | = भोजपुर जिल्लाको उत्तरमा अवस्थित किरातीहरूको पवित्र धार्मिक स्थल साल्पा पोखरी सम्बन्धी नृत्य । |
| सायाँ सिली | = कस्तुरी मृगको नृत्य । |
| सिली | = नृत्य तथा अभिनय । |
| सिलीफित्तो | = यस संसारमा मानिसहरूको उत्पत्ति सम्बन्धी नृत्य । |
| सिलीमोपा | = नृत्य तथा अभिनयको शास्त्रीय गुरु, विज्ञ, व्याख्याता । |
| सिलीमोम्मा | = नृत्य तथा अभिनयको शास्त्रीय गुरुआमा, विज्ञ, व्याख्याता । |
| सुम्निमा | = किरात राई जातिको आराध्यदेवी । |
| सुर | = सङ्गीत उपयोगी ध्वनि । |
| सेचीसेन्मी | = सपनामा प्राप्त दैवी शक्ति प्रदत्त व्यक्ति । |
| सेवा | = नमस्कार । |
| सोरुवापा सिली | = अण्डाबाट भर्खरै निस्केको कुखुराको चल्लाको नृत्य । |

| | |
|---|---|
| हाते सिली | = दुईटा हातहरूले प्रमुखतः नृत्य तथा अभिनय गरिने सिलीका शैलीहरू, खुट्टाका चालहरू गौण रहन्छन् । |
| हात्लुङ खुइमा | = तीन चुल्होको पूजा संस्कार । |
| हेदी सिली | = हात्तीको नृत्य । |
| हौँछा सिली | = मान्छेको नृत्य । |

# परिशिष्ट - दुई

स्नातकोत्तर तहको शोधप्रबन्ध प्रयोजनार्थ अन्तरवार्ता लिइएका स्रोत व्यक्तिहरूको विवरण

| क्र.सं. | स्रोत व्यक्तिको नाम, थर | स्थायी ठेगाना | अन्तरवार्ता लिएको मिति र स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | भूमिराज चाम्लिङ राई<br>वर्ष - ३५ | खोटेहाङ गा.पा., सिम्पानी - ०८, खोटाङ | वि.सं. २०७८/१२/१३<br>वि.सं. २०७९/०१/०२ | सिलीमोपा<br>शिक्षा - प्रवेशिका परीक्षा प्रमाण-पत्र तह |
| २. | सबिता चाम्लिङ राई<br>वर्ष - ४० | टयाम्के मैयूँ गा.पा. - ०२, भोजपुर | वि.सं. २०७९/०१/०५ | सिलीमोमा<br>शिक्षा - प्रवीणता प्रमाणपत्र तह |
| ३. | मञ्जू आले<br>वर्ष - ४१ | कीर्तिपुर न.पा., ०९, बारीगाउँ, काठमाडौँ | वि.सं. २०७९/०५/३१ | नृत्य प्रशिक्षक,<br>शिक्षा - स्नातकोत्तर तह ( नृत्य) |
| ४. | अशोक चाम्लिङ राई<br>वर्ष - ५२ | टयाम्के मैयूँ गा.पा. - ०२, भोजपुर | वि.सं. २०७९/०२/१५ | सिली मोप्पा<br>शिक्षा - प्रवेशिका परीक्षा प्रमाण-पत्र तह |
| ५. | ललित बहादुर चाम्लिङ राई<br>वर्ष - ५० | खोटेहाङ गा.पा., सिम्पानी - ०८, खोटाङ | वि.सं. २०७८/१२/१५ | सिली मोप्पा/नोछुङ<br>शिक्षा - सामान्य |
| ६. | बयानसिंह चाम्लिङ राई<br>वर्ष - ८१ | बाराहपोखरी गा.पा. - ०३, खोटाङ | वि.सं. २०७८/१२/१८ | किरात पुर्खा |

| | | | | |
|---|---|---|---|---|
| ७. | कृष्णकुमार चाम्लिङ राई<br>वर्ष - ५६ | बाराहपोखरी गा.पा. - ०३, खोटाङ | वि.सं. २०७८/१२/२५ | बुद्धिजीवी<br>शिक्षा - स्नातक तह |
| ८. | दिपेश चाम्लिङ राई<br>वर्ष - ४१ | खोटेहाङ गा.पा., सिम्पानी - ०८, खोटाङ | वि.सं. २०७८/१२/२८ | नृत्यविद्/सिली मोप्पा<br>शिक्षा - स्नातकोत्तर तह |

# परिशिष्ट - तीन

स्नातकोत्तर तहको शोधप्रबन्ध प्रयोजनार्थ अन्तरवार्तामा सोधिएका प्रश्नहरू

नाम, थर :

ठेगाना :

वर्ष/उमेर :

पेशा :

मिति :

१. चाम्लिङ राई समुदायको विवाहमा गरिने सिलीहरू कुन-कुन हुन् ?

२. विवाहमा गरिने सिलीहरूमा कस्ता-कस्ता व्यक्तिहरूको सहभागिता रहन्छ ?

३. विवाहमा गरिने सिली र अन्य अवसरमा गरिने सिलीबिच के-के भिन्नता रहेको छ ?

४. विवाहमा गरिने सिलीको आरम्भ, मध्य र अन्त्यको प्रक्रियाहरू के-के हुन् ?

५. विवाहमा नाचिने सिलीमा के-कस्ता सरसामानको प्रयोग गरिन्छ ?

६. चाम्लिङ राई जातिको विवाहमा बाँतो किन बनाइन्छ ?

७. चाम्लिङ राई जातिको विवाहमा बाँतोमा सिली नाच्नुको धार्मिक कारण के हो ?

८. चाम्लिङ राई जातिको विवाहमा बाँतोमा सिली नाच्नुको सामाजिक कारण के हो ?

९. चाम्लिङ राई जातिको विवाहमा बाँतो कसरी बनाइन्छ ?

१०. चाम्लिङ राई जातिको विवाह संस्कारमा छोरी अन्माउँदा गरिने सिलीहरूको के-कस्तो अर्थ बोकेको छ ?

११. विवाह संस्कारमा बाहेक बाँतोमा नाचिने सिलीहरू कुन-कुन अवसरमा नाचिन्छन् ?

१२. विवाह संस्कारमा गरिने सिलीहरूको मुन्धुमसँग कस्तो सम्बन्ध छ ?

१३. सिली कसरी सिक्ने र सिकाउने परम्परा रहेको छ ?

१४. साकेला सिलीमा देखिएका केही परिवर्तनहरू केही छन् ?

१५. कस्तो-कस्तो अवस्थामा सिली नाच्न सकिँदैन ?

१६. सिलीको नेतृत्वकर्ता सिलीमोपा-सिलीमोमाको चयन कसरी गरिन्छ ?

१७. सिलीको उत्पत्ति सम्बन्धमा कस्तो किंवदन्तीहरू रहेको छ ?

१८. साकेला सिलीहरू अहिलेसम्म कतिवटा जति अभ्यासमा रहेका छन् ?

१९. लोक नृत्य बारेमा तपाईंलाई के थाहा छ ?

२०. लोक नृत्य किन नाचिन्छ ?


२१. लोक नृत्यको विधिविधान बारेमा के तपाईंलाई थाहा छ ?

२२. नृत्यहरू फरक फरक हुनुका कारण के होलान् ?

२३. नृत्यको अभिन्न अङ्गहरू के-के होलान् ?


# परिशिष्ट - चार

स्नातकोत्तर तहको शोधप्रबन्ध प्रयोजनार्थ चाम्लिङ राई सम्बद्ध विवाह संस्कारमा सम्पन्न गरिने बाँतोको रेखाचित्र ।



# परिशिष्ट - पाँच


साकेला सिली गर्दा (खुट्टे सिलीमा मात्रै) पैतालाको अवस्था ।


१.  जमिनको सतहमा पूर्ण टेकिएको दायाँ र बायाँ कदम वा पैतालाको सङ्केत ।


२.  जमिनको सतहमा कदम वा पैतालाको पञ्जाले मात्रै टेकेर कुर्कुच्चा उठाइएको सङ्केत ।

३.  जमिनको सतहमा कुर्कुच्चाले मात्रै टेकेर पञ्जा उठाइएको सङ्केत ।

४.  जमिनको सतहमा नटेकी सतहभन्दा माथि उठाएको पैतालाको अवस्थाको सङ्केत ।

५.  कुर्कुच्चालाई यथास्थानमा राखेर पञ्जा उठाएर दायाँबाट घुमेको पैतालाको अवस्थाको सङ्केत ।

६.  पञ्जालाई यथास्थानमा राखेर कुर्कुच्चा मात्र उठाएर बायाँतर्फ पैताला घुमाएको अवस्थाको सङ्केत ।

७.  पैतालालाई पूर्ण रूपमा उठाएर दायाँतर्फबाट घुम्ने अवस्थाको सङ्केत ।

नोट : ५, ६, ७ नं. अवस्थाहरू विपरीत दिशाबाट पनि गर्न सकिन्छ ।


# परिशिष्ट - ६

सिली टिप्नु भन्दा पहिले बाहिरबाट नृत्यकक्ष भित्र पस्ने चालको रेखाचित्र ।




# परिशिष्ट - ७

सिली टिप्नु भन्दा पहिले भित्रबाट नृत्यकक्ष बाहिर निस्कने चालको रेखाचित्र ।



# परिशिष्ट - ८

सिलीफित्तो सिली नृत्यकक्षको भित्रपट्टि नाचिने चालको रेखाचित्र ।



# परिशिष्ट - ९

रेखाफित्तो सिली नृत्यकक्षको भित्रपट्टि नाचिने चालको रेखाचित्र ।



# परिशिष्ट - १०

बोखातिम्मा सिली नृत्यकक्षको भित्रपट्टि नाचिने चालको रेखाचित्र ।



# परिशिष्ट - ११

स्थलगत अध्ययनका क्रममा लिइएका साकेला सिली नाचिरहेका तस्बिरहरू ।

















# परिशिष्ट - १२

अन्तर्वाताका क्रममा सूचनादाता मार्फत लिइएको सिलीसम्बद्ध चालहरूको प्रयोगात्मक केही तस्बिरहरू ।




सिली टिप्ने सुरुको स्थिर अवस्था ।



दायाँ खुट्टाले सुरु गर्दाको पहिलो चाल ।



बायाँ खुट्टाले सिली सुरु गर्दाको अन्तिम चाल ।



दायाँ खुट्टाको एक चाल ।



सिली टिपिसकेपछिको स्थिर अवस्था ।



बाहिरी कक्षमा सिली टिपिसकेपछि भित्र फर्किंदै गरेको चाल ।







सिलीका केही चालहरू ।

# सन्दर्भग्रन्थ


१. प्रधान, मृगेन्द्रमानसिंह , (वि.सं. २०३३) , *अभिनय दर्पण* , काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

२. प्रधान, मृगेन्द्रमानसिंह, बज्राचार्य सप्तमुनि, शाह, सुरेन्द्रविक्रम, बज्राचार्य, बेटी , (वि.सं. २०३७) , *नृत्यकला* , काठमाडौं : साभ्का प्रकाशन ।

३. थुलुङ, बम बहादुर , (वि.सं. २०३६) , *माभ्क किरातका चाम्लिङ राई* , कीर्तिपुर : त्रि.वि.वि. नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विभागमा अप्रकाशित स्नातकोत्तर तह शोधपत्र ।

४. श्रेष्ठ, शिवकुमार , (वि.सं. २०४७) , *किराती लोक कथाहरू* , काठमाडौं : गुनिलो प्रकाशन ।

५. राई, प्रेमकुमार , (वि.सं. २०४८) , *किरात : साकेला सेउली (चण्डी) नाच* , कीर्तिपुर : त्रि.वि.वि. नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विभागमा अप्रकाशित स्नातकोत्तर तह शोधपत्र ।

६. निर्दोष, बालाखाम्छा , (वि.सं. २०४९) , *साकेन्वा एक परिचय* , काठमाडौं : मणिप्रकाश थुलुङ ।

७. महाराज, पण्डित बिरजू , (ई.सं. २००२) , *अङ्ग काव्य* , इण्डिया : हर आनन्द पब्लिकेशन्स् प्रा.लि. ।

८. तिवारी, शोभा , (वि.सं. २०६०) , *लोकसङ्गीतार्पण* , काठमाडौं : साभ्का प्रकाशन ।

९. राई, गणेश , (वि.सं. २०६२) , *किराती लोककथा सङ्ग्रह* , काठमाडौं : प्रा.डा. नोबलकिशोर राई ।

१०. पराजुली, डा. मोतिलाल , (वि.सं. २०६३) , *नेपालका प्रचलित नृत्य र नृत्य नाटिकाहरू* , काठमाडौं : साभ्का प्रकाशन ।

११. राई, गडुलमान , (वि.सं. २०६३) , *किरात संस्कार* , नेपाल : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

१२. हतुवाली, चन्द्रकुमार , (वि.सं. २०६४) , *साकेन्वा* , काठमाडौं : बान्तवा अनुसन्धान ।

१३. चिट्कारा, मुकेश , (ई.सं. २००९) , *साल्सा नृत्य* , दिल्ली : म्यूजिक बुक्स ।

१४. गर्ग, डा. लक्ष्मीनारायण , (ई.सं. २०१०) , *कथक नृत्य* , हथरस, इण्डिया : सङ्गीत कार्यालय ।

१५. वर्मा, विनय , (वि.सं. २०६७) , *सङ्गीत सरोवर* , काठमाडौँ : कपन सङ्गीत सरोवर ।

१६. आले, टिकाराम , (वि.सं. २०६८) , *घाँटु र सोरठीको उत्पत्ति* , काठमाडौँ : प्रवल थापा मगर ।

१७. राई, राधा , (वि.सं. २०६८) , *राई जातिको संस्कार र मुन्धुम* , कीर्तिपुर : ललितकला केन्द्रीय विभागमा अप्रकाशित स्नातकोत्तर तह शोधपत्र ।

१८. मुनिकार, चन्द्रमान , (वि.सं. २०६९) , *चर्या नेपाल बज्रायान तान्त्रिक चर्या नृत्य* , काठमाडौँ : बज्र कला कुञ्ज ।

१९. राई, देव किरात , (वि.सं. २०७०) , *किरात खम्बू जातिको साकेला संस्कृति र सभ्यता* , काठमाडौँ : लिला राई ।

२०. राई, कमलजङ्ग , (वि.सं. २०७३) , *साख्खेवा सिली, एक अध्ययन* , ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

२१. राई, भोज कुमार , (वि.सं. २०७३) , *किरात साम्पाङ राईहरूमा प्रचलित सूतूलुङ दोप्माक ( चुल्हो पूजा)का सांस्कृतिक अध्ययन* , कीर्तिपुर : त्रि.वि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागमा अप्रकाशित स्नातकोत्तर तह शोधपत्र ।

२२. पन्थी, डा. लक्ष्मीकान्त , (वि.सं. २०७४) , *हिन्दू संस्कार : परिचय र विमर्श* . काठमाडौँ : रत्न पुस्तक भण्डार ।

२३. चाम्लिङ, राजुविक्रम , (वि.सं. २०७५) , *रोदूङ (चाम्लिङ) पहिचान* , किरात आवाज पृ.सं. ९४ - १०२ . काठमाडौँ : आदिवासी किरात महासंघ ।

२४. चेम्जोङ, इमानसिंह , (वि.सं. २०७५) , *किरात इतिहास* , पुतलीसडक, काठमाडौँ : मञ्जरी पब्लिकेशन ।


२५. राई, सुमन , (वि.सं. २०७५) , किरात राई जातिको महान चाड साकेला र यसको सांस्कृतिक परिचय , *निप्सुङ* , किरात प्रदेश महाविशेषाङ्क , पृ.सं. १६३ - १६७ , अङ्क ३७ : काठमाडौँ : किरात राई यायोख्खा, केन्द्रीय कार्यसमिति ।

२६. चाम्लिङ, भोगीराज , (वि.सं. २०७६) , *मुन्धुम महिमा* , नागरिक अक्षर विशेषाङ्क ।

२७. मुकारुङ, बुलु , (वि.सं. २०७६) , साकेन्वा सिली , *मधुपर्क* , वर्ष ५२ : अङ्क ७ : पूर्णाङ्क ६०६ : गोरखापत्र संस्थान ।

२८. राई, दिपेश , (वि.सं. २०७८) , *याहोँछ्रा चाम्लिङ राई जातिको साकेला संस्कृति र यसमा प्रयुक्त बाजा तथा सिलीहरू* , कीर्तिपुर : ललितकला केन्द्रीय विभागमा अप्रकाशित स्नातकोत्तर तह शोधपत्र ।

**Khotehang Rural Municipality** | 165 Sqkm (Total Area) | 70.8 Sqkm (Forest Area) | 43% Forest | Province-1





**Legend**
- Stream/River
- Local Level
- Watershed
- Forest
- Non Forest


0 2.5 5Km

Data:
Local level Admin boundary:- Department of Survey,
Ministry of Federal Affair and Local Development
Forest Cover:- Department of Forest Research and Survey
Protected Area:- Department of National Parks and Wildlife Conservation

## NEPAL





## KHOTANG




**Legend**
- Stream/River
- Local Level
- District

0 5 10Km


नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
बागमती प्रदेश
प्रदेश नं. ५
प्रदेश नं. १